सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२४ मंसिर २०८२, बुधबार (10 Dec 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २३० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

### नेपाल ट्रस्टको दरबारमार्गको जग्गा लिजमा लिँदा यती समूहको शृंखलाबद्ध बदमासी

# सडक विभागको तीन आना तीन पैसा जग्गा पनि हत्यायो, संगठित अपराधमा अनुसन्धान

**नेपाल ट्रस्टको कित्ता नम्बर ४६०५ को एक रोपनी १४ आना जग्गा लिजमा लगाउने सूचना प्रकाशन, तर 'सेटिङ'मा सडक विभागको कित्ता नम्बर ४६०६ को तीन आना तीन पैसा जग्गा पनि समावेश गरेर दुई रोपनी एक आना तीन पैसाको सम्झौता**

■ मिलेमतोमा राज्यलाई ठग्ने काम भएकाले संगठित ठगीका साथै आपराधिक विश्वासघात मुद्दामा पनि अनुसन्धान



● **मनोज केसी,** प्रमुख, सिआइबी

नेपाल ट्रस्टको जग्गा थामसेर्कु ट्रेकिङलाई लिजमा दिँदा शृंखलाबद्ध रूपमा बदमासी भएका छन् । यसबाट राज्यलाई ठुलो नोक्सानी भएको देखिन्छ । सडक विभागको नाममा रहेको जग्गासमेत थपेर लिजमा दिनेदेखि पछि कागजपत्र हेरफेरसम्म गरिएका छन् । यसमा हामीले संगठित अपराधमा अनुसन्धानका लागि अदालतबाट अनुमति पाएका छौं । यससँगै हामीले ठगी र विश्वासघात मुद्दामा पनि अनुसन्धान गर्दै छौं । यो प्रकरणमा जोडिएका सबैमाथि विस्तृत छानबिन गर्छौं ।

**नवराज मैनाली**/नयाँ पत्रिका

नेपाल ट्रस्टको जग्गा लिजमा लिएर व्यापार गरिरहेको यती समूहको थामसेर्कु ट्रेकिङले सरकारलाई ठुलो नोक्सान हुने गरी शृंखलाबद्ध बदमासी गरेको भेटिएको छ । ट्रस्टका कर्मचारीसँगको मिलेमतोमा दरबारमार्गस्थित सडक विभागको तीन आना तीन पैसा जग्गासमेत हत्याएको प्रहरी अनुसन्धानमा खुलेको छ ।

थामसेर्कुले लिजमा लिएको नारायणहिटी

» पृष्ठ २ मा क्रमशः



थामसेर्कुले हडपेको सडक विभागको जग्गा


■ यती समूहका प्रमुख शेर्पालाई पक्राउ गर्न जिल्ला अदालतको अनुमति, उच्चको 'स्टे अर्डर'

ट्रस्टको जग्गा लिजमा लिँदा भएको ठगी प्रकरणमा यती समूहका प्रमुख तथा थामसेर्कु ट्रेकिङ कम्पनीका अध्यक्ष लाक्पा सोनाम शेर्पालाई पक्राउ गर्न जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भए पनि सिआइबीले उनलाई पक्राउ गर्न सकेको छैन । गत २६ कात्तिकमा जिल्ला अदालत, काठमाडौंले उनलाई पक्राउ गर्न अनुमति दिएको थियो । तर, त्यसविरुद्ध थामसेर्कु ट्रेकिङले उच्च अदालत पाटनमा निषेधाज्ञाको निवेदन दियो । जसमा न्यायाधीश गोपालप्रसाद बाँस्तोलाको इजलासले गत २ मंसिरमा उनलाई पक्राउ नगर्न अन्तरिम आदेश गऱ्यो । सो आदेशपछि शेर्पा मोबाइल 'स्विच्ड अफ' गरेर भूमिगत भएको सिआइबीका एक अधिकारीले बताए । प्रहरीले उनको बयानसमेत लिन सकेको छैन । उच्चको आदेशविरुद्ध सिआइबी भने भ्याकेटमा गएको छ ।

### राजनीतिक नेतृत्वसम्म पुग्ला अनुसन्धान ?

एउटा व्यापारिक घरानाको स्वार्थमा कर्मचारीले मात्र यसरी शृंखलाबद्ध बदमासी गर्ने आँट गर्न असम्भव रहेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन् । राजनीतिक आडमै उनीहरूले थामसेर्कुलाई जग्गा लिजमा दिन कानुन नै मिचेर छलछाम गरेका थिए । तर, प्रहरी अनुसन्धान राजनीतिक नेतृत्वसम्म पुग्न सकेको छैन । पक्राउ परेका तत्कालिन सचिव अर्जुन कार्कीले पनि इन्कारी बयान दिएका छन् । जसकारण प्रहरीले ट्रस्टको तत्कालीन सञ्चालक समितिलाई अनुसन्धानको दायरामा ल्याउन सकेको छैन । सूचना निकालेर टेन्डर प्रक्रिया अघि बढाउँदा शक्ति बस्नेत गृहमन्त्रीका रूपमा बोर्डका अध्यक्ष थिए भने सम्झौता हुँदा विमलेन्द्र निधि थिए । यद्यपि, विस्तृत अनुसन्धान जारी रहेकाले सञ्चालक समितिको भूमिकामाथि पनि छानबिन भइरहेको प्रहरी स्रोत बताउँछ ।

### कानुनका उपसचिवले गरेका थिए थामसेर्कुको जमानत जफतको सिफारिस



लिज सम्झौताका क्रममा नेपाल ट्रस्टको कानुन शाखाले नै प्रक्रिया कानुनविपरीत रहेको भन्दै जमानत जफत गर्न सिफारिस गरेको थियो । उपसचिव पुरुषोत्तम खतिवडाले २० चैत ०७३ मा थामसेर्कुले बदमासी गरेको भन्दै उसको जमानत जफत गर्ने प्रक्रिया अघि बढाउन टिप्पणी लेखेका थिए । तर, तत्कालीन सचिव अर्जुन कार्कीले त्यसलाई अघि बढाएनन्, बरु लेखा शाखाबाट अर्को टिप्पणी लेख्न लगाएर कानुनविपरीत थामसेर्कुलाई नै लिजमा दिए ।

---

## अधिकारीलाई १३ करोड बिगोको मुद्दामा जेल, ८ अर्बको मुद्दामा पाँच लाख धरौटी !

नयाँ पत्रिका



नलिन्चोक हेलिपोर्ट निर्माणमा १३ करोड बिगोको भ्रष्टाचारमा नागरिक उड्डयन प्राधिकरण (क्यान)का निलम्बित महानिर्देशक प्रदीप अधिकारीलाई पुर्पक्षका लागि जेल पठाएको विशेष अदालतले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आठ अर्ब ३६ करोडको भ्रष्टाचार मुद्दामा भने पाँच लाख धरौटीमा छाड्न आदेश दिएको छ । १३ करोड बिगोको भ्रष्टाचारमा जेल पठाए पनि योभन्दा ६४ गुणा ठुलो अंकको भ्रष्टाचार मुद्दामा भने न्यून धरौटी मात्रै मागेको हो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको मुद्दामा मंगलबार विशेषका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्य डिल्लीरत्न श्रेष्ठको आइतबारको इजलासले आदेश दिएको छ । नलिन्चोक हेलिपोर्टमा भएको भ्रष्टाचार मुद्दामा गत आइतबार विशेषका न्यायाधीशहरू हेमन्त मल्ल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाले आदेश दिएका थिए । नलिन्चोक हेलिपोर्ट भ्रष्टाचार मुद्दामा अधिकारी हाल डिल्लीबजार कारागारमा छन् । पोखरा विमानस्थल भ्रष्टाचार मुद्दामा धरौटी बुझाए पनि उनी तत्काल जेलमुक्त भने हुन सक्दैनन् ।

पोखरा विमानस्थल भ्रष्टाचारमा क्यानका निलम्बित निर्देशक मुरारी भण्डारीसँग पनि विशेषले एक लाख धरौटी मागेको छ । विशेषको आदेशमा छ, 'पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादीहरूको पदीय हैसियत, आरोप दाबी, परियोजनामा निजहरूको भूमिका र संलग्नतासमेतलाई विचार गर्दा निज प्रतिवादी प्रदीप अधिकारीसँग पाँच लाख र प्रतिवादी मुरारी भण्डारीसँग एक लाख नगद धरौटी वा सोबराबरको बैंक जमानत दिए लिई निज प्रतिवादीहरूलाई तारेखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू ।' अधिकारीले ०७१ देखि ०७४ सम्म पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको आयोजना प्रमुख भएर काम गरेका थिए भने भण्डारी प्राविधिक इन्जिनियर थिए ।

---

■ पोखरा सहकारीको ८८ करोड ७० लाख रकम हिनामिना प्रकरण

## तीन महिनाभित्र बचतकर्ताको पैसा तिर्ने ग्यारेन्टीमा रिहा भए अध्यक्षसहित ८ जना

**हिनामिना भएको बचत रकम तिर्न पुग्ने सुनिश्चित भएपछि तीन महिनाभित्र समस्या समाधान गर्ने र प्रत्येक साता गरेको कामको प्रतिवेदन प्रहरीलाई बुझाउने सर्तमा मुद्दा चलाइएन, २८ करोडको जायजेथा मालपोतमा रोक्का**

पोखरामा **रोहितराज पराजुली**

देशभर सहकारीको रकम हिनामिनाका आरोपीलाई पक्राउ गरेर मुद्दा चलाउने गरिएकोमा पोखराको नयाँ बजारस्थित पोखरा बचत तथा ऋण सहकारीको ८८ करोड ७० लाख ठगी प्रकरणमा भने नयाँ अभ्यास थालिएको छ । कास्की प्रहरीले उक्त सहकारीका अध्यक्ष सुरेन्द्रबहादुर गोदारसहित आठजनालाई तीन महिनाभित्र बचत फिर्ता गर्ने र प्रत्येक साता गरेको कामको प्रतिवेदन प्रहरीलाई बुझाउने सर्तमा मुद्दा नचलाई रिहा गरेको हो ।

अध्यक्ष गोदार १९ कात्तिकमा पक्राउ परेका थिए । त्यस्तै, उपाध्यक्ष शम्भुराज बास्तोला, सचिव दिलबहादुर केसी, कोषाध्यक्ष एवं ऋण संयोजक हिरामणि दाहाल, व्यवस्थापक भीष्मप्रसाद गुरुङ, सञ्चालक समिति सदस्य दोर्जे तामाङ, पूर्वसचिव इन्द्रप्रसाद द्वा र बजार

» पृष्ठ २ मा क्रमशः




०५९ मा स्थापना भएको सहकारीको पोखरा- ९, नयाँ बजारमा प्रधान कार्यालयसँगै पोखरा- १०, अमरसिंह चोक र पोखरा- ८, सिर्जना चोकमा सेवाकेन्द्र सञ्चालनमा छन् । सहकारीमा तीन हजार ५६ सेयर सदस्य छन् ।

### यही प्रक्रिया अन्यमा पनि अपनाएको भए हाल ५०% समस्या समाधान भइसक्थ्यो



● **किरण श्रेष्ठ,** संयोजक, सहकारीपीडित संघर्ष समिति, कास्की

समस्या समाधानका लागि गरिएको यो काम सकारात्मक छ । पैसा फिर्ता गर्ने सुनिश्चितता र वचनबद्धता गरेका छन् । पैसा फिर्ता हुनेमा विश्वस्त छौं । पोखरामा समस्यामा परेर मुद्दामा गएका सहकारीमा पनि यही प्रक्रिया अपनाउन पाएको भए हालसम्म ५० प्रतिशत समस्या समाधान भइसक्थ्यो होला । गल्ती गरेको छु, समस्या समाधान गर्छु भनेर जो आउँछ, उनीहरूलाई मौका दिनुपर्छ । मुद्दा-मामिलाले समस्या सामाधान नहुने रहेछ भन्ने महसुस हामीले गरेका छौं ।

---

# एमाले महासचिवमा दुवै पक्षका तीन-तीन दाबेदार

### अध्यक्षपछि दोस्रो महत्त्वपूर्ण कार्यकारी पद भएकाले महासचिवमा प्रभावशाली नेताहरूको आँखा

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

शनिबारदेखि सुरु हुने एमाले एघारौं महाधिवेशनमा अध्यक्षमा केपी ओली र ईश्वर पोखरेलबिच भिडन्त तय भए पनि त्यसपछिको शक्तिशाली कार्यकारी पद महासचिवमा को-कोबिच प्रतिस्पर्धा हुन्छ भन्ने यकिन भइसकेको छैन । तर, संस्थापन र विद्या-ईश्वर दुवै समूहमा तीन-तीनजना पदाधिकारी तहका नेता महासचिवको चर्चामा/आंकाक्षी छन् ।

संस्थापनबाट वर्तमान महासचिव शंकर पोखरेल तथा उपमहासचिवद्वय प्रदीप ज्ञवाली र पृथ्वीसुब्बा गुरुङ तथा विद्या-ईश्वर समूहबाट उपाध्यक्ष सुरेन्द्र पाण्डे तथा सचिवद्वय गोकर्ण विष्ट र योगेश भट्टराई महासचिवका सम्भावित उम्मेदवार छन् । संस्थापनभित्रै पनि पाण्डेलाई आफ्नो समूहमा ल्याएर महासचिव बनाउने प्रयास केही नेताले गरेका छन् ।

अध्यक्षपछि दोस्रो महत्त्वपूर्ण कार्यकारी पद भएकाले महासचिवमा प्रभावशाली नेताहरू नै सक्रिय तयारीमा छन् । महाधिवेशन प्रतिनिधि दुई हजारभन्दा बढी चयन भइसकेकाले दुवै समूह सम्भावित समीकरण र अंकगणित मिलाउन व्यस्त छन् । तर, विधान संशोधनसहित नेता व्यवस्थापनका विकल्पमा पनि ओली लागिरहेका कारण अन्तिम प्यानल

» पृष्ठ २ मा क्रमशः

### ■ ओली र पोखरेल समूहमा को-कति बलियो ?

**संस्थापन पक्षका आकांक्षी**



● **शंकर पोखरेल**

पुनः महासचिवमा दोहोरिने चाहना । ओलीका विश्वासपात्र । तर, पोखरेललाई नै दोहोऱ्याउने कि नयाँ उम्मेदवार बनाउने भन्नेमा ओली नै अनिर्णीत । जबजको व्याख्यातासँगै मार्क्सवादको राम्रो अध्येता र गहन विश्लेषक । विष्णु पौडेलसहितका कतिपय पदाधिकारी भने पोखरेललाई पुनः महासचिव हुन नदिने रणनीतिमा ।



● **पृथ्वीसुब्बा गुरुङ**

महासचिवका बलिया आकांक्षी । उपाध्यक्ष विष्णु पौडेलको पनि गुरुङलाई नै अघि सार्ने चाहना । सचिवहरू पद्मा अर्याल, रघुवीर महासेठ र छविलाल विश्वकर्माको पनि समर्थन । संकटमा जहिल्यै ओलीको साथ । आफूलाई मन नपरेका कुरा सिधासिधा अध्यक्ष केपी ओलीसँग भन्न र बहस गर्न सक्ने । संगठन निर्माण र परिचालनमा अब्बल । संघीयतामाथि देश विकास र राष्ट्रियता बलियो बनाउने अडान ।



● **प्रदीप ज्ञवाली**

वैचारिक, शालीन, सन्तुलित, लेखक र साहित्यकारसहितको बहुआयामिक व्यक्तित्व । पार्टी स्कुल विभाग प्रमुखको जिम्मेवारीसहित एक-डेढ वर्षयता अधिकांश जिल्लाको भ्रमण । पछिल्ला दिनमा पार्टी कार्यकर्तासँग बढ्दो प्रत्यक्ष सम्पर्क । निर्णायक वेलामा आलोचनात्मक सुझाव दिन सक्ने । आन्तरिक डकुमेन्टेसनको काममा लामो समयदेखि ओलीलाई साथ ।

**इतर समूहका आकांक्षी**



● **सुरेन्द्र पाण्डे**

संस्थापनतिर उम्मेदवार हेरेर र आफ्नै टिमले अगाडि बढाउने निर्णय गरेको अवस्थामा मात्र महासचिव उठ्ने मनस्थितिमा । समकालीन विश्व राजनीति, भूराजनीति, डिजिटल संसार र सोसल मिडिया नेटवर्कसँग जोडिने गरी डिजिटल पुँजीवादका विषयमा पिएचडी गर्दै । इतर समूहमा रहेकै कारण एकपटक अर्थमन्त्रीबाहेक महत्त्वपूर्ण जिम्मेवारी नपाएका ।



● **योगेश भट्टराई**

सुरेन्द्र पाण्डे उठेनन् र पृथ्वीसुब्बा गुरुङ पनि आफ्नो समूहमा आएनन् भने पोखरेलको दोस्रो रोजाइमा । एमालेभित्र रुचाइएका तेस्रो पुस्ताको नेता । विद्यार्थी संगठनबाट उदाएका तथा संगठन निर्माण र जनपरिचालनमा अब्बल । मधेश र कर्णालीमा पार्टी संगठन बलियो बनाउन भूमिका खेलेको । ओलीको गलत व्यवहार र शैलीका आलोचक ।



● **गोकर्ण विष्ट**

लुम्बिनी र गण्डकी क्षेत्रको मत धेरै तान्न सकिने निष्कर्ष आए अगाडि सार्ने सम्भावना । भट्टराईलाई महासचिवमा अगाडि सारे विष्टलाई उपाध्यक्ष वा उपमहासचिवमध्ये रोजेको पद दिइने । राजकीय मामिलाको कार्यसम्पादनमा सफल र संगठन परिचालन राम्रो ।

---

## समानुपातिक निर्वाचनका लागि सय दलको निवेदन

**काठमाडौं**/ प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीमा भाग लिन सय दलले निवेदन दिएका छन् । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन चाहने दलहरूलाई २१-२३ मंसिरसम्म निवेदन दिन आह्वान गरेको छ ।

निर्धारित समयभित्र सयवटा दलबाट ९३ निवेदन प्राप्त भएको आयोगको कानुन तथा राजनीतिक महाशाखा प्रमुख यज्ञ भट्टराईले बताए । प्राप्त निवेदनका आधारमा २४ मंसिरमा दलको नामावली प्रकाशन गर्ने, २५ मा नाम फिर्ता लिन समय दिएर २६ मा अन्तिम नामावली प्रकाशन गरिने भट्टराईले बताए ।

प्राप्त निवेदन हेरेर मुख्य निर्वाचन अधिकृतको कार्यालयले दलहरूको अन्तिम सूची प्रकाशन गर्ने र चुनाव चिह्न प्रदान गर्ने कार्यक्रम छ । दलहरूले बन्दसूची बुझाउने समय १३ र १४ पुसलाई तोकिएको छ । यसअघि प्रत्यक्षतर्फ निर्वाचनमा भाग लिन १०७ वटा चिह्नमा ११४ वटा दल दर्ता भइसकेका छन् ।

### यी हुन् समानुपातिकमा भाग लिने दल

आयोगकी सहायक प्रवक्ता सीता पुनका अनुसार देश विकास पार्टी, देशभक्त पार्टी, राष्ट्रिय कम्युनिस्ट पार्टी, नेपाली कांग्रेस, (राष्ट्रिय मुक्ति पार्टी नेपाल/जनता समाजवादी पार्टी/नागरिक उन्मुक्ति पार्टी नेपाल), हाम्रो पार्टी नेपाल, मंगोल नेसनल अर्गनाइजेसन, नेसनल रिपब्लिक नेपाल, नेपाल समावेशी पार्टी, नेपालका लागि नेपाली, जनमत पार्टी, श्रम संस्कृति पार्टी,

» पृष्ठ २ मा क्रमशः

---

### क्यान्सर परीक्षणमा आवश्यक आइसोटोप अब नेपालमै उत्पादन गरिने



क्यान्सर पत्ता लगाउन भारतसम्म पुग्नुपर्ने अवस्थाको अन्त्य हुने अपेक्षा

(विस्तृत पृष्ठ ३)

### एनपिएल : नेपालको एउटा भव्य 'ब्रान्ड'




अग्रलेख

● प्रचण्डविक्रम न्यौपाने

दोस्रो सिजनसम्म आइपुग्दा एनपिएल सानदार रूपमा अन्तर्राष्ट्रिय जगत्मा नेपाल देखिने र चिनिने एउटा लोभलाग्दो 'ब्रान्ड' बनिसकेको छ

(पृष्ठ ४)

### एजेन्टको आन्दोलनले देशैभरको भन्सार जाँचपास ठप्प




अन्तर्राष्ट्रिय व्यापारसँगै उद्योग-व्यवसायसमेत प्रभावित

### सडकतर्फ तोडियो दुई अर्बका ३५ ठेक्का

१८ अर्बबराबरको २३५ ठेक्का तोड्ने तयारी

(विस्तृत पृष्ठ ६)

**कर्नर किक**

● रवि मिश्र




NIMB
नेपाल उन्नेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## तीन महिनाभित्र...

पृष्ठ १ बाट क्रमशः

प्रमुख एवं सुपरभाइजर बेदीप्रसाद सुवेदी रिहा भएका छन् । सहकारीको समस्या समाधान गर्न गन्जमान गुरुङको संयोजकत्वमा समस्या समाधान तथा समन्वय समितिसमेत गठन गरिएको छ ।

जायजेथाबाट भए पनि तीन महिनाभित्र रकम फिर्ता गर्ने प्रतिबद्धता जनाएपछि पीडितसहित सरोकारवालाको सहमतिमा सरकारी वकिलको कार्यालयकै समन्वयमा उनीहरूलाई छाडिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख नवीन कार्कीले बताए । उक्त सहकारीले बचतकर्ताको ८८ करोड ७० लाख ९८ हजार ९६२ रुपैयाँ ठगी एवं हिनामिना गरेको सहकारी रजिस्ट्रारको कार्यालय गण्डकीले तयार पारेको प्रतिवेदनमा उल्लेख थियो । तर, कार्कीले भने ५३ करोड हाराहारी रकम मात्रै तिर्न बाँकी रहेको अनुसन्धानबाट खुलेको बताए ।

जायजेथाबाट २८ करोड देखाएका आठजनाको नाममा सहकारीसमेत सेयर र बचत गरी करिब आठ करोड रहेको प्रहरीले जनाएको छ । त्यस्तै, सहकारीको खातामा चार करोड बचत रहेको, समन्वय समितिको एक करोड र पक्राउ परेकाको आफन्तको बचत र सेयर, ऋण लगेकाबाट उठाउनुपर्ने रकम, चितवनमा किनिएको जग्गाको मूल्यांकन, सहकारीको भवन सबैको हिसाब गर्दा हिनामिना भएको बचत रकम तिर्न पुग्ने सुनिश्चित भएपछि पीडितहरूको रायअनुसार नै तीन महिनाभित्र समस्या समाधान गर्ने र प्रत्येक साता गरेको कामको प्रतिवेदन प्रहरीलाई बुझाउने सर्तमा मुद्दा नचलाई छाडिएको प्रहरी प्रमुख कार्कीले बताए ।

समस्या समाधान तथा समन्वय समितिका संयोजक गन्जमान गुरुङले आरोपितलाई कारागारभित्र राखेर समस्या समाधान नहुने भएपछि सहमतिमा प्रहरीको हाजिरी जमानीमा छाडिएको बताए । 'आवश्यक रकमको ग्यारेन्टी रहेकाले सहमतिका लागि सहज भएको हो, सहकारी सञ्चालनमा रहेकाले नउठेको ऋण उठाउने र लगेकाले तिर्नसमेत सुरु गरेका छन्,' उनले भने, 'प्रतिबद्धताअनुसार पैसा तिरेमा ठिकै छ, नत्र कानुनी प्रक्रियामा जाने बाटो खुला छ । '

०५९ मा स्थापना भएको सहकारीको पोखरा- ९, नयाँबजारमा प्रधान कार्यालयसँगै पोखरा- १०, अमरसिंह चोक र पोखरा- ८, सिर्जनाचोकमा सेवा केन्द्रहरू सञ्चालनमा छन् । सहकारीमा ३,०५६ सेयर सदस्य छन् । छानबिनका क्रममा सहकारीका सञ्चालक, व्यवस्थापक र ऋणीसमेत मिलेर रकम हिनामिना गरेको, पदाधिकारीले व्यक्तिगत सम्पत्ति आर्जनमा सहकारीको रकम खर्च गरेको, विनाधितो कर्जाप्रवाह गरेको, पेस्की खाता खोली कारोबार गरिएको, नक्कली खाता खोलेर बचत अपचलन गरिएको, सहकारीको नीति-नियमविपरीत जोखिमपूर्ण तरिकाले कर्जा लगानी गरेको, गैरसदस्यलाई ऋण लगानी गरिएकोलगायत समस्या भेटिएपछि संलग्नहरूलाई सहकारी ठगी र सम्पत्ति शुद्धीकरणमा अनुसन्धान एवं कारबाही गर्न वित्तीय विश्लेषक निर्मल गौतमको समितिले सिफारिस गरेको थियो । पक्राउ परेकाहरूलाई जिल्ला अदालत कास्कीबाट १९ कात्तिकमा म्याद थप गरेर प्रहरीले आवश्यक अनुसन्धान सुरु गरेको थियो ।

सहकारीपीडित संघर्ष समिति कास्कीका संयोजक किरण श्रेष्ठले समस्याग्रस्त अन्य सहकारीको हकमा पनि यही प्रक्रिया अपनाउनुपर्ने बताए ।

## समानुपातिक...

पृष्ठ १ बाट क्रमशः

समाजवादी पार्टी नेपाल, नेपाल लोकतान्त्रिक पार्टी, समाजवादी समावेशी पार्टी, नेपाल मजदुर किसान पार्टी (नेपाल संघीय समाजवादी पार्टी/बहुजन एकता पार्टी नेपाल/नेपाल जनजागृति पार्टी), जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय जनमुक्ति पार्टी, गान्धीवादी पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, सार्वभौम नागरिक पार्टी, जनअधिकार पार्टी, नागरिक सेवा पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी), (नागरिक सेवा पार्टी/सचेत नेपाली पार्टी), राष्ट्रिय जनमोर्चा, नागरिक शक्ति नेपाल, नेपाली जनता दल, संयुक्त नागरिक पार्टी, उन्नत लोकतन्त्र पार्टी र नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)ले समानुपातिक निर्वाचन प्रणालीमा भाग लिन आयोगस्थित समानुपातिक मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिएका छन् ।

यसैगरी, नेपाल नागरिक पार्टी, त्रिमूल नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, समावेशी समाजवादी पार्टी नेपाल, राष्ट्रिय यथार्थवादी पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल, गतिशील लोकतान्त्रिक पार्टी, नेपाल जनता पार्टी, राष्ट्रिय विकास पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, मितेरी पार्टी नेपाल, जनप्रिय लोकतान्त्रिक पार्टी, जनता प्रगतिशील पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, प्रगतिशील नागरिक पार्टी, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नागरिक बचाउ दल नेपाल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, स्वाभिमान पार्टी, नेपाल परिवार दल, समुन्नत नेपाल पार्टी, राष्ट्रिय परिवर्तन पार्टी, नागरिक उन्मुक्ति पार्टी, जय मातृभूमि पार्टी, राष्ट्रिय सद्भावना पार्टी, नेपाल सद्भावना पार्टी, नेपाल जनमुक्ति पार्टी, नेपाली कम्युनिस्ट पार्टी, नेपाली कांग्रेस (बिपी), नेपाल मातृभूमि पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाली जनश्रमदान संस्कृति पार्टी, राष्ट्रिय एकता दल, संघीय नेपाल पार्टीले निवेदन दिएका छन् ।

आवाज पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मानवतावादी पार्टी, इतिहासिक जनता पार्टी, नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल), नेपाल कम्युनिस्ट पार्टी (माओवादी), राष्ट्रिय नागरिक पार्टी, सामाजिक लोकतान्त्रिक पार्टी, संघीय विकासवादी पार्टी, उज्ज्वल भविष्य पार्टी, राष्ट्र निर्माण दल नेपाल, प्रगतिशील समाजवादी पार्टी, राष्ट्रिय जनमत पार्टी, (आमजनता पार्टी/जनादेश पार्टी नेपाल), तराई-मधेश लोकतान्त्रिक पार्टी, पिपुल फर्स्ट पार्टी, राष्ट्रिय गौरव पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, उज्यालो नेपाल पार्टी, राष्ट्रिय ऊर्जाशील पार्टी नेपाल, (नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी/नेपाल कम्युनिस्ट पार्टी), आमूल परिवर्तन रिपब्लिकन पार्टी नेपाल, नेपाल जनसेवा पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल, बहुजन शक्ति पार्टीले पनि निवेदन दिएका छन् ।


## बीमालेखको बोनस दर सम्बन्धी सूचना

यस कम्पनीको आ.व. २०८१/८२ को आर्थिक स्थितीको लेखा जोखा र दायित्वको मूल्याङ्कन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणको मिति २०८२/०८/२३ को पत्र 'जो.व्य.शा. १०६ (२०८२/८३) च.नं. ३१८०' बाट स्वीकृत भई आएको व्यहोरा जानकारी गराउँदछौं । यस कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने (बोनस आर्जन गर्ने) गरी जारी गरिएको सबै किसिमका जीवन बीमालेखहरु अन्तर्गत आ.व.२०८१/८२ का लागि प्रति वर्ष प्रति हजार बीमाङ्कमा उल्लेखित बोनस दर निर्धारण गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

| बीमालेखको किसिम | बीमा अवधि (वर्ष) | बोनस (प्रति हजार) | बीमालेख संख्या |
|---|---|---|---|
| सावधिक जीवन बीमालेख (सुरक्षित जीवन, जीवन ज्योति, ग्रामिण सावधिक, सावधिक लघु, केटाकेटी, सुनिश्चित भविष्य तथा शिक्षा जीवन बीमा, जीवन लक्ष्मी, जीवन उदय एकल) | ०-१० | ६० | २७,१११ |
| | ११-१५ | ६० | २१४,८८५ |
| | १६-२० | ६० | १२०,२७७ |
| | २१-२५ | ७० | १६,७०७ |
| | २६-३० | ८२ | १,६०८ |
| | ३० भन्दा माथि | ८२ | ४८० |
| सावधिक जीवन बीमालेख (नौलो सुरक्षित, नौलो केटाकेटी जीवन बीमा) | ०-१० | ६५ | ३,२०८ |
| | ११-१५ | ६५ | ४३,६३२ |
| | १६-२० | ६५ | ३५,८०४ |
| | २१-२५ | ७२ | ७,७४२ |
| | २६-३० | ८२ | ४१३ |
| | ३० भन्दा माथि | ८२ | ६९ |
| सावधिक जीवन बीमालेख (जीवन समुन्नत) | ०-१० | ५६ | ६६ |
| | ११-१५ | ५६ | ७३२ |
| | १६-२० | ५६ | ३२१ |
| | २१-२५ | ६० | १८३ |
| | २६-३० | ७० | २० |
| | ३० भन्दा माथि | ७० | ३ |
| सावधिक जीवन बीमालेख सुनौलो भविष्य जीवन बीमा योजना (विकल्प १ / विकल्प २) | ०-१० | ६० | ६,३०४ |
| | ११-१५ | ६० | ५०,७८५ |
| | १६- १९ | ६० | १७,२१५ |
| | २०-२५ | ६२ | ३,५२१ |
| | २६-३० | ६५ | ३०४ |
| | ३० भन्दा माथि | ६५ | ९०० |
| सावधिक जीवन बीमालेख सुनौलो भविष्य जीवन बीमा योजना (विकल्प १) एकल बीमाशुल्क | ०-१० | ५५ | ७,६७१ |
| | ११-१५ | ५५ | ९,६०३ |
| | १६- १९ | ५५ | ६,७५२ |
| | २०-२५ | ५७ | ११६ |
| | २६-३० | ६० | ७६ |
| | ३० भन्दा माथि | ६० | ४३ |
| सावधिक जीवन बीमालेख केटाकेटी सुनौलो भविष्य जीवन बीमा योजना | ०-१० | ६० | १,२३७ |
| | ११-१५ | ६० | १७,४३७ |
| | १६- १९ | ६० | १६,९१५ |
| | २०-२५ | ६२ | १,९२७ |
| सावधिक जीवन बीमालेख केटाकेटी सुनौलो भविष्य जीवन बीमा योजना एकल बीमाशुल्क | ०-१० | ६० | १०२ |
| | ११-१५ | ६० | ३३३ |
| | १६- १९ | ६० | २४३ |
| | २०-२५ | ६२ | १०३ |
| सावधिक तथा आजीवन बीमालेख (जीवन साहारा, अनमोल जीवन) | ०-१० | ६० | ७,४०६ |
| | ११-१५ | ६० | १,२४,७८१ |
| | १६-२० | ६० | ५३,०१७ |
| | २१-२५ | ७० | २१,४१२ |
| | २६-३० | ८२ | २,०४९ |
| | ३० भन्दा माथि | ८२ | २०५ |
| अग्रिम भुक्तानी सावधिक बीमालेख (जीवन सम्बृद्धि-१५ वर्ष, जीवन सम्बृद्धि-२० वर्ष) | १५ | ५६ | २७,६७२ |
| | २० | ५६ | ३,१२३ |
| अग्रिम भुक्तानी सावधिक बीमालेख (धन वर्षा-१५ वर्ष, धन वर्षा-२० वर्ष, नौलो धन वर्षा, जीवन उन्नती, छोराछोरी र सदाबहार जीवन) | ०-१० | ५६ | २३२ |
| | ११-१५ | ५६ | २,६३५ |
| | १६-२० | ५६ | ५,०५२ |
| | २१-२५ | ५६ | ५२ |
| | २६-३० | ५६ | ० |
| | ३० भन्दा माथि | ५६ | ० |
| अग्रिम भुक्तानी सावधिक बीमालेख (नौलो जीवन सम्बृद्धि) | ०-१० | ५६ | १,१६६ |
| | ११-१५ | ५६ | २५,१५१ |
| | १६-२० | ५६ | ६,१४० |
| | २१-२५ | ५६ | २९९ |
| | २६-३० | ५६ | ० |
| | ३० भन्दा माथि | ५६ | ० |
| अन्य (जीवन सारथी) | ०-१० | ६२ | ० |
| | ११-१५ | ६२ | १२,९८५ |
| | १६-२० | ६२ | ४,९८७ |
| | २१-२५ | ७२ | ३,१९१ |
| | २६-३० | ८५ | ३१३ |
| | ३० भन्दा माथि | ८५ | ४८ |

कम्पनीको आगामी बीमाङ्कीय मूल्याङ्कन नभएसम्मका लागि अन्तरिम बोनस दर उपरोक्त बमोजिम कायम गरिएको जानकारी गराउँदछौं । कम्पनीको यस सफलताका लागि हामी हाम्रा आदरणीय बीमित, प्रतिबद्ध अभिकर्ता, शेयरधनी महानुभाव, कर्तव्यनिष्ठ कर्मचारी, श्री नेपाल बीमा प्राधिकरण, सरोकारवाला निकाय एवं शुभेच्छुकहरुमा हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं ।

नेपाल लाइफ इन्स्योरेन्स

रजिष्टर्ड कार्यालय: वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालय: क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-५९७०९७१
इमेल: info@nepallife.com.np
वेबसाइट: www.nepallife.com.np


## सडक विभागको...

पृष्ठ १ बाट क्रमशः

दरबारअगाडिको नेपाल ट्रस्टको जग्गामा भवन बनाएर व्यापारिक प्रयोजनमा लगाएको छ । तर, लिज सम्झौता गर्दा 'सेटिङ' गरेर मूल सडकपट्टि (पूर्वतर्फ) रहेको सडक विभागको जग्गासमेत कब्जा गरेको अनुसन्धानमा खुलेको छ । कर्मचारीसँगको मिलेमतोमा राज्यलाई ठग्ने काम भएकाले ठगीका साथै आपराधिक विश्वासघात मुद्दामा पनि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरेको अनुसन्धान गरिरहेको छ ।

नेपाल ट्रस्टले जग्गा लिजमा लगाउने सूचना प्रकाशन गर्दा कित्ता नम्बर ४६०५ को एक रोपनी १४ आना जग्गा मात्र दिने भनिएको थियो । पछि सम्झौता गर्दा 'सेटिङ'मा ट्रस्टका कर्मचारीले कित्ता नम्बर ४६०६ को सडक विभागको तीन आना तीन पैसा जग्गासमेत पारिदिएका थिए । यो जग्गामा पनि थामसेर्कुले संरचना बनाएर व्यापारमा लगाएको छ । यस सम्बन्धमा सिआइबीले ट्रस्टका तत्कालीन सचिव अर्जुनबहादुर कार्की र सहसचिव लेखबहादुर कार्कीलाई थुनामा राखेर अनुसन्धान गरिरहेको छ । 'नेपाल ट्रस्टका कर्मचारीसँगको मिलेमतोमा राज्यलाई ठग्ने काम भएको देखियो । त्यसैले ठगीका साथै आपराधिक विश्वासघात मुद्दामा पनि अनुसन्धान भइरहेको छ,' सिआइबीका एसएसपी शिवकुमार श्रेष्ठले भने ।

### संगठित अपराधमा अनुसन्धान गर्न अनुमति

इस प्रकरणमा प्रहरीले संगठित अपराधको कसुरमा अनुसन्धान गर्न अनुमति पाएको छ । घटना संगठित प्रकृतिको भएको र तीनभन्दा धेरै व्यक्तिको संलग्नता देखिएकाले संगठित अपराधको कसुरमा पनि अदालतको अनुमतिले अनुसन्धान थालिएको सिआइबी प्रमुख एआइजी डा. मनोजकुमार केसीले बताए ।

टेन्डरको प्रक्रिया सुरु गर्दादेखि नै थामसेर्कुलाई फाइदा हुने गरी योजना बनाएर काम भएको र त्यसपछि पनि पटक-पटक सोही कम्पनीको पक्षमा निर्णय गरेर नेपाल ट्रस्टलाई करोडौं नोक्सान पुऱ्याएको सिआइबीको अनुसन्धानको निष्कर्ष छ । संगठित अपराधमा समेत अनुसन्धान हुँदा प्रहरीले ६० दिनसम्म आरोपीलाई थुनामा राख्न पाउँछ । यसमा सजाय पनि थप ५० प्रतिशत हुन्छ ।

### कानुनविपरीत गरिएको थियो अधिकार प्रत्यायोजन

नेपाल ट्रस्टको कार्यालयका तत्कालीन कार्यालय प्रमुख रहेका सचिव अर्जुनबहादुर कार्कीले सार्वजनिक खरिद नियमावली मिचेर लिजको खरिद सम्झौताको अधिकार प्रत्यायोजन तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई दिएको पनि सिआइबीको अनुसन्धानमा देखिएको छ । सार्वजनिक खरिद नियमावलीअनुसार सात करोड रुपैयाँभन्दा ठुलो खरिदमा कार्यालय प्रमुखले नै निर्णय गर्नुपर्ने हुन्छ । तर, आफू जोगिनका लागि सचिव कार्कीले सहसचिवलाई नियम मिचेर अधिकार प्रत्यायोजन गरेको हुन सक्ने प्रारम्भिक आकलन छ । सहसचिव कार्की तत्कालीन राजप्रसाद सेवाका कर्मचारी हुन् ।

### टेन्डर फाइलबाटै हेरफेर गरिएका थिए कागजपत्र

लिजको टेन्डर प्रक्रियामा थामसेर्कुले ६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार रुपैयाँ प्रस्ताव गरेको थियो । आफूले ठेक्का पाउने पक्का भएपछि टेन्डर फाइलबाटै कागजपत्र हेरफेर गरेर त्यसलाई एक अर्ब ५५ करोड ४० लाख ५२ हजार रुपैयाँ कायम गरियो । कर्मचारीकै मिलेमतोमा यसरी कागजपत्र हेरफेर गरी चार अर्बभन्दा धेरै घोटाला गरिएको विषयमा सिआइबीले छानबिन गरिरहेको छ ।

साथै,'लिज पेमेन्ट सेड्युल' को कागज पनि पछि थपिएको थियो । थामसेर्कुले आफुलाई फाइदा हुने गरी सुरुका वर्षमा थोरै मात्र भाडा तिर्ने गरी बनाएको सेड्युल नै स्वीकार गरी अर्को नीतिगत चलखेल भएको थियो ।

कम्पनीले भने कर्मचारीको गल्तीका कारण त्यसरी ठुलो रकम बोलकबोल भएकोमा त्यसरी सच्याइएको दाबी गरेको छ । तर, टेन्डर प्रक्रिया सकिएपछि कागजपत्र हेरफेर गर्नुमा मिलेमतो रहेको आरोप लाग्दै आएको छ । यसमा महालेखा परीक्षकको कार्यालयले पनि प्रश्न उठाउँदै आएको छ ।

### कानुनका उपसचिवले गरेका थिए थामसेर्कुको जमानत जफतको सिफारिस

ठेक्का प्रक्रियाको समयमा नेपाल ट्रस्टको कानुन शाखाले नै सो प्रक्रिया कानुनविपरीत रहेको भन्दै जमानत जफत गर्न सिफारिस लेखेको भेटिएको छ । ट्रस्टको कार्यालय स्रोतका अनुसार कानुन शाखाका उपसचिव पुरुषोत्तम खतिवडाले २० चैत ०७३ मा थामसेर्कुले बदमासी गरेको भन्दै उसको जमानत जफत गर्ने प्रक्रिया अघि बढाउन टिप्पणी लेखेका थिए । जुन टिप्पणी अघि नबढाई तत्कालीन सचिव अर्जुन कार्कीले लेखा शाखाबाट अर्को टिप्पणी लेख्न लगाएर कानुनविपरीत थामसेर्कुलाई नै ठेक्का सुम्पिएका थिए ।

कानुन शाखाको टिप्पणीमा भनिएको छ, 'थामसेर्कु ट्रेकिङ प्रालिले पेस गरेको इकाइ दरअनुसार कायम गरिएको कुल रकमको संशोधित प्रस्ताव सो प्रालिलाई जानकारी गराउँदा-गराउँदै पनि उक्त कुल रकम ६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार नौ सय ९४ रुपैयाँ ३१ पैसालाई स्वीकार नगरेको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (८) तथा सोही ऐनको दफा २१ को उपदफा १ (ख) बमोजिम थामसेर्कु ट्रेकिङ प्रालिले यस कार्यालयमा पेस गरेको जमानत रकम जफत गर्नका लागि आवश्यक कारबाही अघि बढाउन उपयुक्त देखिन्छ ।'

### तीन तलाको सम्झौता, पाँच तला बनाएर गर्दै छ व्यापार

सम्झौतामा तोकिएभन्दा धेरै तला बनाएको विषयमा पनि सिआइबीले छानबिन गरिरहेको छ । सम्झौतामा बेसमेन्टसहित तीन तला बनाउने उल्लेख छ । तर, थामसेर्कुले हाल पाँच तला बनाएर भाडामा लगाएको छ । तर, सरकारलाई लिजको रकम भने तीन तलाबराबरको तिर्दै आएको छ ।

यस विषयमा नेपाल ट्रस्ट र थामसेर्कुबिच पनि लामो विवाद चल्दै आएको छ । थामसेर्कुविरुद्ध नेपाल ट्रस्टले पाँच तलाकै भाडा तिर्नुपर्ने भन्दै उच्च अदालतमा मुद्दासमेत दायर गरेको छ, जुन विचाराधीन छ ।

हाल तीन तलाको हिसाब गरेर थामसेर्कुले वार्षिक चार करोड ५० लाख भाडा तिर्दै आएको छ । नेपाल ट्रस्टले स्वतन्त्र मूल्यांकन समितिमार्फत थपिएको तलाको वार्षिक एक करोड ३८ हजार ५४१ रुपैयाँ बुझाउनुपर्ने निर्णय २८ चैत ०७९ मा नेपाल ट्रस्टको सञ्चालक समितिले गरेको थियो । तर, थामसेर्कुले अहिलेसम्म सो भाडा तिरेको छैन ।

०७७ मा नै ट्रस्टको कार्यालयले स्थलगत अवलोकन गरेर थप भाडा तिराउने तय गरेको थियो । १३ कात्तिक ०७७ मा बसेको ट्रस्टको सञ्चालक समितिले सम्झौताभन्दा फरक निर्माण कार्य गर्ने प्रथम पक्षसँग बजार मूल्यअनुसार थप भाडा निर्धारण गरी असुल गर्न व्यवस्थापनलाई निर्देशन दिएको थियो । पाँच वर्ष बित्दा पनि यो निर्णय कार्यान्वयन नहुँदा ट्रस्टलाई पाँच करोड रुपैयाँभन्दा धेरै घाटा भइसकेको थियो । यसलाई पनि बिगो कायम गरी सो कम्पनीविरुद्ध मुद्दा दायर गर्ने सिआइबीले जनाएको छ ।

सो जग्गा आठ वर्षअघि एक अर्ब ४० करोड १० लाख ८० हजार रुपैयाँ तिर्ने गरी ३० वर्षका लागि थामसेर्कुलाई लिजमा दिइएको थियो । १४ जेठ ०७४ देखि लिज सम्झौता लागू भएको थियो । सम्झौतामा ०७७ सम्मलाई निर्माण अवधि मानेर सो अवधिको ५० लाख मात्र भाडा तोकियो । ०७८ देखि ०८१ सम्मका लागि वार्षिक चार करोड ५० लाख तोकिएकोमा वार्षिक एक करोडभन्दा बढी भाडा बुझाइएको थियो । त्यस्तै, ०८२ देखि ०८६ सम्म वार्षिक चार करोड ५४ लाख ५० हजार, ०८७ देखि ०९१ सम्म चार करोड ५९ लाख २२ हजार पाँच सय, ०९२ देखि ०९६ सम्म चार करोड ६४ लाख १८ हजार ६३५ र ०९७ देखि २१०१ सम्म चार करोड ६९ लाख ३९ हजार ५५६ तोकिएको छ । २१०२ देखि २१०४ सम्म भने वार्षिक ११ करोड ८७ लाख १६ हजार ३३५ रुपैयाँ तोकिएको छ ।

कम्पनीलाई फाइदा हुने गरी सुरुका वर्षमा थोरै मात्र भाडा राखी अन्तिम चार वर्षमा मात्र उच्च भाडा राखिएको छ । महालेखा परीक्षकको कार्यालयले पनि थप भाडा असुल गर्न ध्यानाकर्षण गराउँदै आएको छ । सिआइबीले अनुसन्धान थालेपछि थामसेर्कुले भने विज्ञप्ति जारी गर्दै कानुनी प्रक्रिया पूरा गरेरै आफूले सो जग्गा लिजमा लिएको दाबी गरेको छ ।

## एमाले महासचिवमा...

पृष्ठ १ बाट क्रमशः

कस्तो बन्ने भन्ने स्पष्ट भइसकेको छैन ।

पोखरेललाई सघाइरहेका उपाध्यक्ष पाण्डे संस्थापनतिर उम्मेदवार हेरेर र आफ्नै टिमले अगाडि बढाउने निर्णय गरेको अवस्थामा मात्र महासचिव उठ्ने मनस्थितिमा छन् । पूर्वराष्ट्रपति विद्याको समर्थनमा पोखरेल समूहबाट पाण्डे महासचिवमा उठ्ने सम्भावना छ । उनी पार्टीभित्र र बाहिर दुवैतिर लोकप्रिय मानिन्छन् ।

नवौं महाधिवेशनमा माधव नेपाल प्यानलबाट ईश्वर पोखरेलसँग ६ मतको झिनो मतान्तरले महासचिवमा पराजित पाण्डे लगातार इतर समूहमा छन् । यही कारण क्षमता भएर पनि एकपटक अर्थमन्त्रीबाहेक उनले पार्टी र राजकीय मामिलामा महत्त्वपूर्ण जिम्मेवारी पाएका छैनन् ।

पाण्डे अहिलेको समकालीन विश्व राजनीति, भूराजनीति, डिजिटल संसार र सोसल मिडिया नेटवर्कसँग जोडिने गरी डिजिटल पुँजीवादका विषयमा त्रिभुवन विश्वविद्यालयमा पिएचडी गर्दै छन् । विश्वमा जेन-जी आन्दोलनका आयाम, कारण, परिणाम, प्रभाव, समाधान र नेपालले लिने बाटोबारे उनले व्याख्या गर्दै आएका छन् ।

संस्थापनबाट वर्तमान महासचिव शंकर पोखरेल र उपमहासचिवद्वय ज्ञवाली र गुरुङ तीनैजना तीव्र प्रतिस्पर्धामा रहेकाले अध्यक्ष ओलीलाई टिम निर्माणमै ठुलो चुनौती देखिएको छ । ओलीका लागि सबैभन्दा ठुलो चुनौती नै महासचिव पोखरेललाई नै दोहोऱ्याउने कि उपमहासचिवमध्येबाट नयाँ उम्मेदवार बनाउने भन्नेमै छ । पोखरेलले पुनः दोहोरिन चाहेका छन् ।

पोखरेल, ज्ञवाली र गुरुङ तीनैजनाले सातौँ महाधिवेशनदेखि निरन्तर केन्द्रीय कमिटीबाटै ओलीलाई साथ दिँदै आएका छन् । टिम निर्माणमा महत्त्वपूर्ण पदहरूमा ओलीलाई नै निर्णय गर्न दिने विगतका महाधिवेशनदेखिकै अभ्यास छ । ओलीले अगाडि सार्ने नेताका आधारमा त्यसको फाइदा उठाउने मनस्थितिमा ईश्वर समूह छ, सोही कारण पदाधिकारी टिम निर्माणमा ढिलाइ भइरहेको छ ।

पोखरेलले भेटमा कहिल्यै ओलीको आलोचना गर्दैनन् र कुरा पनि काट्दैनन् । मदन भण्डारी तत्कालीन महासचिव छँदै सर्वाधिक रुचाइएका पात्र पोखरेल लामो समयदेखि जबजको राम्रो व्याख्यातासँगै मार्क्सवादको राम्रो अध्येता र गहन विश्लेषकभित्र पर्छन् । मुख्यमन्त्री हुँदा राम्रो काम गरेर स्थापित उनी क्लिन छविका थोरै नेताभित्र पर्छन् ।

तर, महासचिवजस्तो पदमा रहेर गुट निर्माणमा सक्रिय रहने गरेको, संगठन परिचालनमा क्षमता नदेखाएको जस्ता आरोप उनीमाथि टिमभित्रैबाट लागेको छ । गोकुल बाँस्कोटादेखि कर्ण थापालगायत थुप्रै नेताले उनकै कारण गुट चेन्ज गरेको बताइने गरिएको छ ।

उपाध्यक्ष पौडेलसहितका कतिपय पदाधिकारीहरू पोखरेल पुनः महासचिव नदोहोरिऊन् भन्ने पक्षमा छन् । उपाध्यक्ष विष्णु पौडेल सकभर गुरुङलाई महासचिव बनाउन जोडबल गर्दै आफू विधान संशोधनमार्फत वरिष्ठ उपाध्यक्षमा बढुवा हुन चाहेका छन् । त्यही सन्देश दिएका उनले गुरुङको पक्षमा लबिङ गर्दै अन्तिमसम्म कति टिक्छन्, त्यसैमा उनी महासचिव हुने कि उपाध्यक्ष हुने कुरा निर्भर रहेको ओलीनिकट एक पदाधिकारीले दाबी गरे ।

गुरुङका लागि उपाध्यक्ष पौडेलका अतिरिक्त सचिवहरू पद्मा अर्याल, रघुवीर महासेठ र छविलाल विश्वकर्माको भित्री समर्थन तत्कालका लागि आफ्नै टिमभित्र धेरै अनुकूल बनेको छ । तर, उनीहरूले टिम निर्माणका लागि आन्तरिक छलफल हुँदा गुरुङको नाम लिँदै अडान राखेरै सुझाव दिन्छन्-दिँदैनन् र अन्तिमसम्म टिक्छन्-टिक्दैनन् भन्नेले नै धेरै कुरा निर्धारण गर्नेछ ।

गुरुङले पनि सधैँ ओलीको पक्षमा बोल्दै आएका मात्र छैनन्, संकटमा कहिल्यै साथ छोडेका छैनन् । तर, उनी आफूलाई मन नपरेका कुरा भने सिधासिधा ओलीसँग बझाएर पनि राख्ने गर्छन् । ओली पुनः अध्यक्ष बन्ने योजनामा रहेकाले उनको यस्तो स्वभाव नै महासचिव बन्नका लागि प्रतिकूल बन्न सक्ने सम्भावना छ ।

संघीयताबाटै देश विकास र राष्ट्रियता बलियो बनाउने अडानमा रहँदै आएका गुरुङ संगठन निर्माण र परिचालनमा पोखरेल र ज्ञवालीको तुलनामा अब्बल मानिन्छन् । उनले गण्डकीमा क्रमशः पार्टीलाई बलियो बनाएका मात्र छैनन्, तत्कालन निर्णय कार्यान्वयन गराउने क्षमता पनि राख्छन् । तर, ओलीसँग नराम्रा कुरामा तर्क र बहस गर्ने मात्र होइन, अस्वीकार गर्ने स्वभाव भएकाले गुरुङलाई उपाध्यक्षमा व्यवस्थापन गर्ने सम्भावना पनि छ ।

ज्ञवालीले महत्त्वपूर्ण मानिने पार्टी स्कुल विभाग प्रमुखको जिम्मेवारी सम्हालिरहेका छन् । विचार निर्माणमा नेतृत्वको लाइनअनुसार पार्टी चलाउन महत्त्वपूर्ण मानिने स्कुलको नेतृत्व गरेर ज्ञवाली एक-डेढ वर्षयता धेरैजसो जिल्ला पुगिसकेका छन् । उनको वैचारिक, शालीन, सन्तुलित, लेखक, साहित्यकारसहितको बहुआयामिक व्यक्तित्व छ ।

पछिल्ला दिनहरूमा पार्टी कार्यकर्तासँग बढेको प्रत्यक्ष सम्पर्कले उनलाई महासचिव दौडमा अगाडि ल्याएको छ । तर, तत्काल बोल्ड निर्णय लिन नसक्ने मात्र होइन, कहिले-कहिले यथार्थताबाट बहकिने स्वभाव रहेको भनेर उनी स्वयं अध्यक्ष ओलीबाटै पनि आलोचित छन् । ज्ञवालीले निर्णायक वेलामा आलोचनात्मक सुझाव पनि दिने गर्छन् । आन्तरिक डकुमेन्टेसनको काममा पनि उनले धेरै लामो समयदेखि ओलीलाई साथ दिँदै आएका छन् ।

महासचिवमा पोखरेल दोहोरिँदा १२औँ महाधिवेशनको बलियो प्रतिस्पर्धी बन्न सक्ने सम्भावनाका कारण उपाध्यक्ष पौडेल उनलाई जसरी पनि छेक्ने योजनामा छन् । यस्तो अवस्थामा ओलीले पोखरेललाई उपाध्यक्षमा व्यवस्थापन गरेर अर्का उपमहासचिव ज्ञवाली रोज्ने बलियो सम्भावना पनि कायमै छ । त्यसो हुँदा पौडेलको योजना पनि पूरा हुने र टिम पनि नफुट्ने अवस्था बन्ने ओलीनिकट नेताहरूकै बुझाइ छ ।

ज्ञवाली र गुरुङमध्ये एकलाई उपाध्यक्ष र एकलाई महासचिवमा उठाएर पोखरेललाई यसपटक उपाध्यक्षमा उठाउने योजनामा अध्यक्ष ओली रहेको स्रोतले जनाएको छ । तर, पोखरेलले मुख नखोलिसके पनि अरू पदमा उठ्न तयार नभएको जनाउ दिइसकेका छन् । ओलीले उपमहासचिव विष्णु रिमाललाई उपाध्यक्षमा उठाउने सम्भावना छ ।

आकांक्षीहरूले भेटेर व्यक्तिगत 'लबिङ' गरिरहे पनि ओलीले आफ्नै टिमभित्र पनि महासचिव कसलाई बनाउनेबारे औपचारिक छलफल गरेका छैनन् । यद्यपि, महासचिवका आकांक्षी गुरुङले मंगलबार गुन्दु पुगेर अध्यक्ष ओलीसँग लामै छलफल गरेका छन् ।

सचिव पद्मा अर्यालले अघिल्लो महाधिवेशनमा पनि उद्घाटन सकिएपछि मात्र निर्णायक छलफल गरेर पदाधिकारीमा को कुन पदमा उठ्ने टुंगिएकाले यसपटक पनि उद्घाटन सकिएपछि मात्र घनीभूत छलफल हुने बताइन् । 'विशाल कार्यकर्ता पंक्ति रहेको विशाल पार्टीमा दुई-चारजना बसेर निर्णय गरेर पद टुंगिने कुरा होइन । महाधिवेशन उद्घाटनमा आएका कार्यकर्ता, समर्थक-शुभेच्छुकको भावना-मनोविज्ञान र पार्टीको आवश्यकता हेरर मात्र समग्र नेतृत्वका बारे उद्घाटन सत्र सकिएपछि छलफल हुन्छ,' अर्यालले भनिन्, 'नेतृत्व निर्माणको आफ्नै विधि, प्रक्रिया र मापदण्ड छ । अहिल्यै छलफल गर्ने र टुंग्याइहाल्ने हुँदैन । उपयुक्त समयमा टुंग्याउँछौं ।'

गुरुङले ओली समूहबाट महासचिव नपाए ईश्वर पोखरेलले दोस्रो रोजाइमा योगेश भट्टराईलाई महासचिवमा उठाउने गरी तयारी गरिरहेको एक पदाधिकारीले बताए । त्यस्तो अवस्थामा सचिव विष्टलाई उपाध्यक्ष र उपमहासचिवमध्ये कुनै एक रोजेको पदमा उठाइने पनि ती पदाधिकारीले बताए ।

यद्यपि, विष्टलाई महासचिवमा उठाउँदा लुम्बिनी र गण्डकीतर्फको मत धेरै तान्न सकिने अन्तिम निष्कर्ष आए उनलाई नै पनि त्यही पदमा उठाउन सक्ने सम्भावना पनि छ । तर, भट्टराईले भने आफ्नो समूहभित्र पदाधिकारीको टिम निर्माणबारे कुनै परामर्श नै सुरु नभएको र पदलाई प्राथमिकतामै नराखिएको बताए ।

'हामी आजको वस्तुगत अवस्थाअनुसार नेतृत्व हस्तान्तरण हुनुपर्छ र नयाँ नेतृत्व आउनुपर्छ भन्ने पक्षमा छौँ । पार्टीलाई सामूहिक नेतृत्व प्रणालीअनुसार सञ्चालन गर्नुपर्छ भन्ने मुद्दामा एक ठाउँमा भएकाले एकै छिनमा पदाधिकारीको टिम निर्माण गर्न सक्षम छौँ,' भट्टराईले भने, 'त्यसैले अहिले हामीले टिम निर्माणमा केन्द्रित भएर छलफल नै अगाडि बढाएका छैनौँ ।'

भट्टराई एमालेभित्र रुचाइएका तेस्रो पुस्ताको नेता पर्छन् । संगठन निर्माण र जनपरिचालनमा भट्टराई अब्बल मानिन्छन् । त्यस्तै, विष्ट पनि भट्टराईजत्तिकै पार्टी पंक्तिमा बढी रुचाइने तथा राजकीय मामिलाको कार्यसम्पादनमा सफल र संगठन परिचालनमा राम्रो मानिन्छन् ।

### ओलीमाथि राजनीतिक हिंसाको आरोप

एमालेका नेतृहरूले पार्टी अध्यक्ष केपी ओलीले 'राजनीतिक हिंसा' गरेको आरोप लगाएका छन् । पार्टीको ११औँ महाधिवेशन तयारीका सन्दर्भमा मंगलबार आयोजित साक्षात्कार कार्यक्रममा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, स्थायी समिति सदस्य विन्दा पाण्डेलगायतले यस्तो आरोप लगाएका हुन् ।

पूर्वराष्ट्रपति विद्या भण्डारीले पार्टी सदस्यता मागेको विषयमा बोल्दै ओलीले उनीमाथि प्रश्न उठाएर राजनीतिक हिंसा गरेको उपाध्यक्ष शाक्यले टिप्पणी गरिन् । केही दिनअघि एक अन्तर्वार्तामा ओलीले भण्डारीलाई लक्षित गर्दै दिएको अभिव्यक्तिबारे उनले भनिन्, 'पूर्वराष्ट्रपतिलाई धामीझाँक्री भनेको के हो ? यसरी अपमान गर्न पाइन्छ ? सामान्य मान्छेलाई त पाइँदैन ।' यसबाहेक शाक्यले थप प्रश्न गरिन्, 'केपी ओली आमाको कोखबाट जन्मेको होइन ? उनको अभिव्यक्तिले सबै महिलाको अपमान गरेको छ । महिलाको अपमान गर्ने नेतृत्व आवश्यक छैन ।'


यसैगरी स्थायी समिति सदस्य पाण्डेले भण्डारीको सदस्यताको निर्णयमा ओलीको पुरुषवादी चिन्तन हाबी भएको टिप्पणी गरिन् । पार्टीमा फर्कने वा नफर्कने भन्ने कुरा व्यक्तिको छनोटको विषय रहेको उनले बताइन् । केही महिनाअघिको पार्टी बैठकमा ओलीले एकल महिलाहरूको समेत अपमान गरेको सुनाउँदै पाण्डेले आपत्ति जनाइन् । बैठकमा ओलीले 'एकल महिलाहरू भनेको कुरा नै बुझ्दैनन्, आफ्नै कुरा जिद्दी गर्छन्' भनी दिएको अभिव्यक्तिले एकल महिलाको अपमान गरेको उनले बताइन् ।


## गौरी गणेश बचत तथा ऋण सहकारी संस्था लि.

चावहिल, काठमाडौं,
कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सुचना
प्रकाशित मिति : २०८२।०८।२४


यस सहकारी संस्थाबाट विभिन्न उद्देश्यका लागि कर्जा लैजानु हुने देहाएका सदस्यहरुलाई कर्जाको सावा ब्याज र हर्जना आदि बुझाउन पटक पटक मौखिक तथा लिखित जानकारी एवं तरताकेता गर्दा पनि कर्जा चुत्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएको हुदा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पूर्ण सावा ब्याज संस्थामा बुझाउन आउनु होला । अन्यथा सहकारी ऐन २०७४ नियमावली २०७५ तथा संस्थाको विनियम र ऋण निति अनुसार कानुन ब्रमोजिम तपाइले यस संस्थामा राखेको धितो लिलाम गरी असुल उपर गर्ने तर्फ कार्वाहि अगाडी बढाइने कुरा यसै सूचनाद्धारा सुचित गरिन्छ ।

ऋणीको विवरण




शुभु विष्ट
बाबुको नाम :- श्रीहरी विष्ट
ठेगाना:- काठमाण्डौं किर्तीपुर१२
हाल - रातोपुल गौशला

जमानतकर्ता




दिपाङ्कर गुरुङ
बाबुको नाम- सरोज गुरुङ
आमाको नाम- शुभु विष्ट
ठेगाना:- का.म.न.पा.२६

ऋणीको विवरण




उज्वल माझी
बुवाको नाम : लाल बहादुर माझी
बाजेको नाम : कुल बहादुर माझी
ठेगाना :गौरीघाट, चावहिल
जमानतकर्ता : सुनीता माझी

ऋणीको विवरण




श्याम बहादुर खडका
बुवाको नाम :खम बहादुर खडका
बाजेको नाम : दल बहादुर खडका
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक
जमानतकर्ता: बिमल राज पाण्डे

ऋणीको विवरण



इश्वरी खड्का
पतिको नाम : श्याम बहादुर खडका
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक
जमानतकर्ता : बिमल राज पाण्डे
हाल : गौरीघाट का.म.न.पा.-७

ऋणीको विवरण



राजु संगत
बुवाको नाम :एकादशी संगत
ठेगाना : इटहरी नपा , सुनसरी
जमानतकर्ता सावित्री अधिकारी
पकली ३ सुनसरी

# क्यान्सर परीक्षणमा आवश्यक आइसोटोप अब नेपालमै उत्पादन गरिने

## क्यान्सर पत्ता लगाउन भारतसम्म पुग्नुपर्ने अवस्थाको अन्त्य हुने अपेक्षा

सिभिल अस्पताल पुगेका शिक्षामन्त्री **महावीर पुन**ले भने-



साइक्लोट्रोन क्यान्सर पत्ता लगाउन गरिने परीक्षणमा प्रयोग हुने औषधि उत्पादन गर्ने मेसिन हो, जसलाई आइसोटोप भनिन्छ। साइट हेरेर जहाँ सहज हुन्छ त्यहीं राखिनेछ, त्रिवि शिक्षण अस्पतालमा पनि साइक्लोट्रोन राख्न सकिने रहेछ।

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

क्यान्सर रोग पत्ता लगाउन गरिने परीक्षणमा नभइनहुने रेडियोधर्मी आइसोटोप अब नेपालमै उत्पादन गरिने भएको छ। आइसोटोप उत्पादनका लागि चाहिने साइक्लोट्रोन उपकरण जडान गर्ने योजना अघि सारिएको छ। नेपालमा आइसोटोप उत्पादन नहुने भएकाले हाल भारतबाट ल्याएर डाइग्नोसिस तथा परीक्षण गर्ने गरिएको छ। कतिपयले यहाँ सहज नभएकाले भारतमै गएर क्यान्सर डाइग्नोसिससमेत गर्ने गरेका छन्। अब भने त्रिवि शिक्षण अस्पताल र निजामती अस्पतालमा रेडियोधर्मी पदार्थ आइसोटोप उत्पादन गर्ने साइक्लोट्रोन उपकरण राख्न लागिएको हो।

उपकरण राख्न मिल्ने वा नमिल्ने अवस्थाका बारेका शिक्षामन्त्री महावीर पुनले मंगलबार दुईवटै अस्पताल पुगेर अवलोकन गरे। 'भविष्यमा क्यान्सर उपचारका लागि चाहिने साइक्लोट्रोन राख्न के-कस्तो व्यवस्था छ भनेर अवलोकनका लागि आएको हुँ, त्यसको अध्ययन पनि भयो, अब यहाँ साइक्लोट्रोन राख्न मिल्छ,' निजामती अस्पताल पुगेका मन्त्री पुनले भने, 'साइक्लोट्रोन भनेको क्यान्सर पत्ता लगाउन गरिने परीक्षणमा प्रयोग हुने औषधि उत्पादन गर्ने मेसिन हो, जसलाई आइसोटोप भनिन्छ, साइट हेरेर जहाँ सहज हुन्छ त्यहीं राखिनेछ, त्रिवि शिक्षण अस्पतालमा पनि साइक्लोट्रोन राख्न सकिने रहेछ।'

निजामती अस्पतालका निर्देशक डा.मोहनचन्द्र रेग्मीले साइक्लोट्रोन ल्याएर कच्चा पदार्थ यहीं उत्पादन गर्दा विरामीलाई निकै राहत हुने बताए। 'नेपालमा साइक्लोट्रोन मेसिन नहुँदा आइसोटोप भारतबाट ल्याउनुपर्ने अवस्था छ, यसो हुँदा निकै महँगो पर्छ। नेपालमा २० हजारमा हुने परीक्षण भारतमा जाँदा एक लाख खर्च हुन्छ,' उनले भने, 'साइक्लोट्रोन मेसिनबाट सीमित अस्पतालले आइसोटोप उत्पादन गरेर क्यान्सर स्क्यानका लागि पठाउने हो, सबै अस्पतालहरूले यो उत्पादन गर्न सक्दैनन्। हाल दिल्लीबाट आइसोटोप ल्याउने गरिएको छ, यसो हुँदा बिरामीलाई पनि निकै महँगो हुन्छ, बाहिरबाट ल्याउँदा बिरामीलाई असहज हुने र यहाँसम्म ल्याउँदा त्यसको गुणस्तरीयता पनि घट्ने, त्यसैले यहीं उत्पादन गर्नुपर्छ भन्ने हो।'

रेग्मीका अनुसार नेपालमै उत्पादन भएपछि आइसोटोप अन्य अस्पतालमा पनि उपलब्ध गराइनेछ। यो औषधि सीमित बिरामीलाई चाहिने भएकाले दुईवटा अस्पतालमा उत्पादन गर्न सकिएमा नेपालभर उपलब्ध गराउन सकिने उनले बताए। साइक्लोट्रोन उपकरणको मूल्य डेढ अर्ब पर्छ। सरकारले प्रक्रिया अघि बढाए विदेशी सहयोगी दाताले यो उपचार दिन पनि तयार रहेको निर्देशक रेग्मीले बताए।

हाल नेपालमा पेटसम्बन्धी क्यान्सरको दर पनि बढ्दो छ। कतिपय बिरामीलाई क्यान्सर पत्ता लगाउन निकै भौंतारिनुपर्ने बाध्यता छ। तर, नेपालमै कच्चा पदार्थ उत्पादन हुने भएपछि बिरामीलाई सहज हुनेछ। 'पेट क्यान्सरको डाइग्नोसिसका लागि यो कच्चा पदार्थ चाहिन्छ। कच्चा पदार्थ सहज भएपछि र सस्तो भएपछि क्यान्सर पनि समयमै पत्ता लगाउँछन्, आफैंमा जटिल मानिने क्यान्सर रोग पत्ता लगाउनमै बिरामीले ठुलो रकम खर्च गर्ने गरेका छन्, त्यसैले यहाँ उत्पादन गर्न लागिएको हो,' रेग्मीले भने, 'पेट क्यान्सर भए-नभएको थाहा पाउन विभिन्न स्क्यान गरिन्छ, हाल हुनेखानेहरू विदेशमै गएर जाँच गराउँछन्, सर्वसाधारणलाई कठिन छ।' कहिलेदेखि उपकरण जडान गरेर सञ्चालनमा ल्याइने भन्ने यकिन छैन। स्वास्थ्य मन्त्रालयसँग यसबारे थप छलफल गरिने भएको छ।



आइसोटोप उत्पादन गर्ने मेसिन साइक्लोट्रोन

### ■ नेपालमा बर्सेनि थपिन्छन् क्यान्सरका ३० हजार नयाँ बिरामी

नेपालमा हरेक वर्ष क्यान्सरका ३० हजार नयाँ बिरामी पहिचान हुने गरेका छन्। भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेका अनुसार ३० हजार क्यान्सरका विरामीमध्ये १५ हजारलाई पेट स्क्यान गर्नुपर्छ। कतिपय अवस्थामा एउटै विरामीलाई पनि पटकपटक पेट स्क्यान गर्नुपर्ने उनले बताए। तर हाल नेपालमा पेट स्क्यान सेवा सहज रूपमा उपलब्ध नभएकोले परीक्षण गर्न सकिएको छैन।

डा. उज्ज्वल चालिसेले नेपालमा पेट स्क्यान (पोजिट्रोन एमिसन टोमोग्राफी) सहज नभएको बताए। उनले मुख्यतः यसको औषधि उत्पादन नभएर समस्या भएको बताउँदै उत्पादन थाल्नुपर्ने बताए। 'पेट स्क्यान विषेष खालको स्क्यान हो। शरीरभरि क्यान्सरको अवस्था पत्ता लगाउन यो स्क्यान गरिन्छ, यसले कुन भागमा कति क्यान्सर छ भन्ने थाहा हुन्छ,' उनले भने, 'पेट स्क्यान नहुनुको मुख्य कारण औषधि नहुनु हो। यसको औषधि बनाएको छोटो समयमै प्रयोग गर्नुपर्छ। नेपालमा उत्पादन भए प्रयोग गर्न छिटो र सजिलो हुन्छ। क्यान्सर अस्पतालमा यो अनिवार्य नै चाहिन्छ अहिले थुप्रै बिरामी यो परीक्षणबाट वञ्चित छन्।'

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार यो उपकरणमा प्रयोग गरिने कच्चा पदार्थ नेपालमा उत्पादन छैन। सरकारी अस्पतालमा उपकरणसमेत छैन। त्यसैले सरकारले चालू आवको बजेटमा योजना समेटेको छ। स्वास्थ्य मन्त्रालयको बजेटअन्तर्गत उपकरण खरिदको योजनालाई राखिएको छ। 'उपकरण खरिदका लागि सरकारले दिएको स्वास्थ्यको बजेट रकमान्तर गरेर शिक्षा मन्त्रालयमा लैजान सकिन्छ,' उनले भने, 'रेडियोधर्मी प्रविधि भएकाले पनि शिक्षाले किन्नुपर्छ भनेर शिक्षामन्त्रीज्यूले भन्नुभएको छ, जसले किने पनि चलाउने स्वास्थ्य मन्त्रालयले हो।' उनका अनुसार यो उपकरण सरकारी क्यान्सर अस्पतालमा राख्ने कि अरुमा राख्ने भन्ने छलफल चलिरहेको छ।

पेट स्क्यानका लागि चाहिने कच्चा पदार्थको म्याद छिटोछिटो सकिन्छ। त्यसैले भारतबाट ल्याएर प्रयोग गर्न कठिन छ। यहीं उत्पादन भए निकै सहज हुने प्रवक्ता बुढाथोकीले बताए। 'नेपालमै ल्याब भए धेरै सहज हुन्छ। पेट स्क्यान गर्न धेरै मानिस भारत र थाइल्यान्ड जाने गरेका छन्,' उनले भने, 'केही निजीमा पेट स्क्यानको सेवा छ, तर कच्चा पदार्थ भारतबाट ल्याउनुपर्छ, यो स्क्यानले क्यान्सर शरीरमा फैलिएको छ वा छैन थाहा पाउन सकिन्छ। क्यान्सर सेलको बारेमा जाँच्न यो बढी प्रभावकारी मानिन्छ।' यसबाहेक वीर अस्पतालमा जडान गरिएको टोमोथेरापीले पनि क्यान्सरका विरामीलाई पछिल्लो समय राहत मिलेर बुढाथोकीले बताए।

# कांग्रेस क्रियाशील सदस्यता टुंग्याउन शीर्ष नेता सक्रिय

## साढे सात लाख नयाँ क्रियाशील सदस्यता फाराम केन्द्रबाट वितरण



पूर्णबहादुर खड्का



गगन थापा



विश्वप्रकाश शर्मा

**प्रेम गौतम**/नयाँ पत्रिका

कांग्रेसले क्रियाशील सदस्यता नवीकरण र नयाँ सदस्यता वितरणको कामलाई तीव्रता दिएको छ। कांग्रेस केन्द्रीय कार्यसमितिले पुस अन्तिम साता महाधिवेशन सम्पन्न गर्ने गरी मिति तोकेसँगै क्रियाशील सदस्यताको कामलाई तीव्रता दिइएको हो। सदस्यता टुंग्याउन शीर्ष नेताहरू नै सक्रिय भएका छन्।

अहिलेसम्म साढे सात लाख नयाँ क्रियाशील सदस्यता फाराम केन्द्रबाट वितरण गरिसकिएको छ। यसअघि केन्द्रीय कार्यालयले नवीकरण फारामसँगै निर्वाचन क्षेत्रमा २५ प्रतिशत बढाएर फाराम पठाएकोमा गत केन्द्रीय कार्यसमितिले क्रियाशील सदस्यको अनुपातमा शतप्रतिशत नयाँ सदस्यता वितरण गर्ने निर्णय गरेसँगै थप फाराम पठाइएको छ। नवलपरासीले फाराम लगेको छैन भने चितवन र झापाले पनि थोरै मात्र फाइल लगेको एक नेताले बताए। अन्य जिल्लामा भने फाराम गइसकेको छ।

क्रियाशील सदस्यताको विषयमा कांग्रेस कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले जिल्ला सभापतिहरूसँग बुधबार भर्चुअल छलफल गर्ने भएका छन्। क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणबारे भइरहेका काम, राष्ट्रिय सभा र प्रतिनिधिसभा प्रत्यक्ष र समानुपातिकतर्फ उम्मेदवार सिफारिसलगायत विषयमा छलफल हुने नेताहरूले बताएका छन्।

बुधबार बिहान ८ बजेदेखि ७७ जिल्ला सभापतिहरूसँग कार्यवाहक सभापति र दुवै महामन्त्रीले भर्चुअल छलफल गर्ने क्रियाशील सदस्यता व्यवस्थापन समितिका प्रकाश स्नेहीले जानकारी दिए। 'भोलि बिहान ७७ वटै जिल्लाका सभापतिहरूसँग कार्यवाहक सभापति र महामन्त्रीद्वयले भर्चुअल छलफल गर्दै हुनुहुन्छ,' उनले भने। छलफलका लागि आइडी र पासवर्ड दिइसकिएको छ। छलफलमा समितिका सदस्यहरू योगेन्द्र चौधरी, सीता गुरुङ र प्रकाश स्नेही पनि सहभागी हुनेछन्। समितिको संयोजक महामन्त्री थापा छन्।

जिल्ला सभापतिसँगको छलफलपछि क्षेत्रीय सभापतिहरूसँग छलफल गर्ने तयारी छ। क्षेत्रीय सभापतिहरूसँग पनि भर्चुअल छलफल हुनेछ। क्रियाशील सदस्यता नवीकरण र वितरणमा उदारतापूर्वक सहजीकरण गर्न परिपत्रसमेत गरिएको छ। सदस्यता नवीकरण टोलदेखि वडा हुँदै पालिका, निर्वाचन क्षेत्र र जिल्ला हुँदै केन्द्रमा आउनेछ। सदस्यता नवीकरण र वितरणमा चित्त नबुझे केन्द्रमा निवेदन दिन सक्नेछन्। कांग्रेसले १५औँ महाधिवेशन २६ देखि २८ पुसमा सम्पन्न गर्ने कार्यतालिका छ। क्रियाशील सदस्यता टुंग्याएपछि १६ पुसदेखि वडा अधिवेशन हुँदै छ।

### सदस्य बन्न लचिलो प्रावधान

कांग्रेसले क्रियाशील सदस्य बन्न लचिलो प्रावधान राखेको छ। क्रियाशील सदस्यबाटै महाधिवेशन प्रतिनिधि छानिन्छन्। महाधिवेशन प्रतिनिधिले महाधिवेशनमा नयाँ नेतृत्व चयनका लागि मतदान गर्छन्। कांग्रेसमा क्रियाशील सदस्यताको विवाद कायमै छ। कांग्रेसले १४औँ महाधिवेशनमा शतप्रतिशत नयाँ क्रियाशील सदस्यता बढाउने निर्णय गरेको थियो। जसअनुसार १४औँ महाधिवेशनमा शतप्रतिशत बढाउने क्रममा क्रियाशील सदस्यको संख्या आठ लाख ७० हजार ८८४ पुगेको थियो। १५औँ महाधिवेशनको मिति तोकिँदा पनि क्रियाशील सदस्यताको विषय टुंगिएको छैन।

कांग्रेसले यसपालि बढीभन्दा बढीलाई क्रियाशील सदस्यता वितरण गर्ने उद्देश्य राखिएको नेताहरूले बताएका छन्। जसअनुसार केन्द्रबाट नयाँ क्रियाशील सदस्यताको फाराम वितरण गरिसकिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। वडासम्म नयाँ क्रियाशील सदस्यता फाराम पठाएर संकलन हुँदै आउने नेताहरूले बताएका छन्।

## संक्षेप

### भारतीय अतिरिक्त सचिव महावरद्वारा उच्चस्तरीय भेटवार्ता

**काठमाडौं**/ नेपालको औपचारिक भ्रमणमा रहेका भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मनु महावरले प्रधानमन्त्री पाँच मन्त्री र परराष्ट्रसचिवसँग भेटवार्ता गरेका छन्। उनले मंगलबार प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेशवर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, गृहमन्त्री ओमप्रकाश अर्याल, कानुनमन्त्री अनिलकुमार सिन्हा, सञ्चारमन्त्री जगदीश खरेल र परराष्ट्रसचिव अमृतबहादुर राईसँग बेग्लाबेग्लै भेट गरेका छन्। आइतबार दिल्लीबाट आएका उनी सोमबार लुम्बिनीमा आयोजित कार्यक्रममा सहभागी भएका थिए। उनले मंगलबार उच्च सरकारी अधिकारीसँग भेटवार्ता गरेका छन्। २३ र २४ भदौको जेन-जी आन्दोलनपछि नेपाल भ्रमण गर्ने महावर अहिलेसम्मका उच्च अधिकारी हुन्। महावर भारतीय विदेश मन्त्रालय साउथ ब्लकमा नेपाल र भुटान डेस्क (उत्तरी डिभिजन) का प्रमुख हुन्। प्रधानमन्त्री कार्कीसँगको भेटमा महावरले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश सुनाए। उनले नेपालमा निर्वाचनसहित सरकारका प्राथमिकतामा भारतले सहयोग र समर्थन गर्नेसमेत बताएका थिए। प्रधानमन्त्री कार्कीले महावरमार्फत समकक्षी मोदीलाई आफ्नो सन्देश सुनाएकी छिन्।

### टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार नयाँ पत्रिकाकर्मी घिमिरेलाई

**झापा**/ हेम-सरिता फाउन्डेसनले स्थापना गरेको टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार नयाँ पत्रिका दैनिकका झापा संवाददाता चिरञ्जीवी घिमिरेलाई प्रदान गरिएको छ। अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवसका अवसरमा मंगलबार बिर्तामोडमा आयोजित कार्यक्रममा ५० हजार ५५५ रुपैयाँ राशिको पुरस्कार घिमिरेलाई हस्तान्तरण गरिएको हो। भ्रष्टाचारको अन्त्य र सुशासन प्रवर्द्धनका क्षेत्रमा कलम चलाउने पत्रकारमध्येबाट एकजनालाई पुरस्कार प्रदान गरिँदै आएको छ।गत वर्ष वितरण गर्न बाँकी सोही पुरस्कार संयुक्त रूपमा पत्रकार सुरेन्द्र भण्डारी र इन्दु पूर्वेली (गौतम)लाई प्रदान गरिएको छ। भण्डारी पूर्वाञ्चल दैनिकको सहसम्पादक हुन् भने पूर्वेली जनआन्दोलन साप्ताहिककी सम्पादक हुन्। पुरस्कृत व्यक्तित्वलाई प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्य, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतले दोसल्ला र सम्मानपत्रले सम्मान गरेका थिए। त्यस्तै, लैंगिक हिंसाविरुद्धको लेखनवृत्तिबापत पत्रकारद्वय ज्योस्ना श्रेष्ठ र रञ्जिता खड्कालाई जनही नगद पाँच हजार रुपैयाँ प्रदान गरिएको थियो।




### चुनावले समाधान दिँदैन, नवीन समझदारी गरौं : लिङ्देन

**काठमाडौं**/ राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले वर्तमान राजनीतिक व्यवस्थाअन्तर्गत प्रतिनिधिसभाको निर्वाचनले विद्यमान समस्याको समाधान नगर्ने बताएका छन्। मंगलबार राजधानीको रत्नपार्कमा आयोजित पार्टीको आमसभामा उनले राजा, राजनीतिक दल र जेन-जी पुस्ताबिच नवीन समझदारी हुनुपर्ने माग गरे। अहिलेकै व्यवस्थाको निरन्तरता भएमा देशले योभन्दा ठुलो ध्वंश व्यहोर्नुपर्नेसमेत उनले बताए। प्रधानमन्त्री सुशीला कार्कीले नवीन समझदारीका लागि पहलकदमी लिनुपर्ने उनको भनाइ थियो। 'अहिले आवरणमा देखिएका समस्या मात्र होइन, जनताले महसुस गर्ने गरी अघि बढ्नुपर्ने आवश्यकता आइसक्यो। नेपालको निर्णायकत्व नेपाली जनताको हातमा हुनुपर्छ। नेपाल भूराजनीतिको चक्रव्यूहमा फसिसकेको छ,' लिङ्देनले भने, 'देशलाई भूराजनीतिक चक्रव्यूहबाट बाहिर निकालेर निकास दिन चुनावअघि नै राजा, दल र जेन-जी पुस्ताबिच नयाँ समझदारी कायम गरेर अघि जानुपर्छ। देशलाई निकास दिनुपर्छ।'

# जेन-जी आन्दोलनमा सरकारी कार्यालय आगजनी गर्ने १० जना पक्राउ

धनगढीमा **तेजराज भट्ट**

कैलालीमा सरकारी कार्यालयमा आगजनी गरेको आरोपमा प्रहरीले हालसम्म १० जनालाई पक्राउ गरेको छ। गत २४ भदौमा जेन-जी आन्दोलनका क्रममा कैलाली जिल्ला अदालत र जिल्ला कारागारमा आगजनी तथा तोडफोड गरेको आरोपमा विभिन्न मितिमा १० जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार कैलाली जिल्ला अदालतमा आगजनी गरेको आरोपमा ६ जना र कारागारमा आगजनी तथा तोडफोड गरेको आरोपमा चारजनालाई पक्राउ गरिएको हो। पक्राउ परेकाहरूको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन। पक्राउ परेकाहरूविरुद्ध आपराधिक उपद्रव मुद्दामा कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक लोकेन्द्र जोशीले बताए।

आगजनीमा संलग्नको पहिचान गरी कारबाहीको माग गर्दै सम्बन्धित कार्यालयले दिएको जाहेरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको जोशीले बताए। जिल्ला प्रहरी कार्यालयका अनुसार सिसिटिभी फुटेजका आधारमा आगजनीमा संलग्न १० जनाको पहिचान गरिएको हो। जेन-जी आन्दोलनका वेला २४ भदौमा कैलालीमा एक सय तीनवटा सरकारी कार्यालयमा आगजनी र तोडफोड भएको जिल्ला प्रशासनको तथ्यांक छ। राजनीतिक दलका पार्टी कार्यालयमा पनि तोडफोड र आगजनी गरिएको थियो।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्दले सिसिटिभी फुटेज आदिका आधारमा आन्दोलनका वेला विभिन्न निकायमा आगजनी गर्नेको प्रहरीले पहिचान गरिरहेको बताए। प्रहरी उपरीक्षक चन्दका अनुसार जिल्ला कारागार, अदालत र जिल्ला सरकारी वकिलको कार्यालयले आगजनी गर्नेलाई कारबाहीको माग गर्दै जाहेरी दिएका छन्। अरू निकायले भने जाहेरी दिएका छैनन्।

आन्दोलनका क्रममा कैलाली जिल्ला अदालतमा आगजनी गरिँदा करिब ३० हजार मुद्दाका मिसिल जलेर खरानी भएका थिए भने आगजनीबाट कार्यालयमा पाँच करोड रुपैयाँबराबरको भौतिक क्षति भएको थियो। त्यस्तै, आन्दोलनकारी कारागार प्रवेश गरेर तोडफोड गर्नुका साथै कैदीबन्दीलाई बाहिर निकालेका थिए। आन्दोलनकारी प्रवेश गरेपछि कैलाली कारागारबाट ६ सय ६६ जना कैदीबन्दी निस्किएका थिए।

### रविजीले न्याय पाउने आस गर्नुभएको छ : पूर्वन्यायाधीश केसी

**काठमाडौं**/ सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीले रास्वपा सभापति रवि लामिछानेसँग भेट गरेका छन्। मंगलबार नक्खु कारागार पुगेर भेटेका केसीले समसामयिक राजनीतिदेखि देशको अवस्थाबारे कुरा भएको बताए। 'लामिछानेमाथि प्रतिशोध भयो भनेर स्वतन्त्र नागरिकको हैसियतले पार्टी कार्यालयमा हस्ताक्षर गर्न गएको थिएँ। म उहाँलाई जेलमा पनि भेट्न जान्छु भनेको थिएँ। २३ भदौको घटनाले जान पाइएन। अहिले शान्त माहोल भएकाले गएको हुँ,' उनले भने।



भेटमा आफूले असमान अभियोजन भएकाले कानुनी लडाइँ जारी राख्न भनेको केसीले बताए। 'अरू सहकारी मुद्दामा अभियोजनबाट एकै दिन लगेर १० लाखमा छोड्ने काम भयो। रविजीको हकमा असमान व्यवहार देखियो। कानुनी लडाइँ लड्नुपर्छ भनेको छु,' उनले भने। केसीले लामिछानेको आत्मविश्वास राम्रो पाएको बताए। 'उहाँले न्याय हुन्छ भन्ने आस गर्नुभयो। अरु मेरे पनि न्याय मरेको छैन भन्ने उहाँको भनाइ थियो। म भागेर जाने होइन, अपराधी होइन, न्याय पाउने आशा छ भन्नुभयो। मैले अदालतसँग समय माग्नुस्। कोर्टमै आफ्नो कुरा राख्नुस् भनेर सुझाएँ,' उनले भने। भेटमा लामिछानेले वैकल्पिक शक्ति एक बनाउने चाहना प्रस्तुत गरेको केसीले बताए।

# एमाले र कांग्रेसका महाधिवेशनले कोशी प्रदेश सभाको हिउँदे अधिवेशन अन्योलमा

विराटनगरमा **गणेश लम्साल**

कोशी सरकारले मंसिर तेस्रो साताभित्र प्रदेश सभाको हिउँदे अधिवेशन आह्वान गर्ने प्रतिबद्धता जनाएको थियो। मुख्यमन्त्री हिक्मतकुमार कार्की र आन्तरिक मामिलामन्त्री रेवतीरमण भण्डारीले मंसिर तेस्रो साताभित्र जेजस्तो अवस्थामा भए पनि हिउँदे अधिवेशन बोलाउन सिफारिस गर्ने सार्वजनिक प्रतिबद्धता जनाएका थिए। तर, विभिन्न कारणले प्रदेश सभा बैठक बस्ने संकेत देखिएको छैन।

सरकारले २७ मंसिरदेखि सुरु हुने एमालेको ११औँ राष्ट्रिय महाधिवेशन र लगत्तै पुसमा कांग्रेसको महाधिवेशनलाई कारण देखाउँदै हिउँदे अधिवेशन तत्काल सुरु गराउन चाहेको छैन। मुख्यमन्त्री कार्की एमाले नेता भएकाले उनी अहिले महाधिवेशन प्रतिनिधि छनोट र व्यवस्थापनमा व्यस्त छन्। हाल मुख्यमन्त्री, मन्त्री र सांसदहरू काठमाडौंकेन्द्रित भइसकेका छन्। कांग्रेस पनि आन्तरिक अधिवेशनको तयारीमा जुटेको छ। कांग्रेसका मन्त्री र सांसदहरू क्रियाशील सदस्यता वितरणमा व्यस्त छन्।

जेन-जी आन्दोलनपछि विराटनगरको देवकोटा चोकबाट मोरङको कटहरी- १ स्थित कृषि थोक बजारपरिसरमा सरेको कोशी प्रदेश सभाको सचिवालय र बैठक बस्ने भवन अझै स्तरोन्नति भएको छैन। स्तरोन्नतिको जिम्मा पाएको पूर्वाधार विकास तथा भौतिक निर्माण मन्त्रालयले टेन्डर नै आह्वान गरेको छैन। जसले गर्दा प्रदेश सभाको बैठक बस्ने टहरो अझै ह्वाँगै छ। जेन-जी आन्दोलनपछि सबै पुनर्निर्माणका काम कोटेसनबाट गर्न नपाइने र टेन्डर नै गर्नुपर्ने नियम लागू गरेपछि प्रदेश सभा सचिवालयले स्तरोन्नति गर्न नपाएको हो।



कोशी प्रदेश सभाको बैठक कक्ष बनाउन लागिएको कृषि बजारको टहरा।

कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्टले तत्काल प्रदेश सभा सचिवालय परिसर र संसद् कक्ष स्तरोन्नति गर्न ढिलाइ भए पनि एमाले र कांग्रेसले नै माघभन्दा अगाडि अधिवेशन बोलाउन नचाहकाले मंसिरको भाका टरेको बताए। 'दलहरूको महाधिवेशन र व्यस्तताका कारण तत्काल बैठक बस्न सकिने अवस्था छैन। भवन वा कुर्सीको अभाव प्राविधिक पाटो भए पनि मुख्य कारण राजनीतिक नै हो,' उनले भने।

कोशीका मुख्यमन्त्री कार्की र मन्त्रीहरूले जेन-जी आन्दोलनपछि आगजनी भएर ध्वस्त भएको प्रदेश सभा भवनको खरानीको थुप्रोमै संसद् बैठक बोलाएर संकल्प प्रस्ताव गर्ने चाहना प्रतिकूल अवस्थाले पूरा नभएको भन्दै मंसिर तेस्रो साताभित्र हिउँदे अधिवेशन बोलाउने सार्वजनिक प्रतिबद्धता गरेका थिए। सरकारका प्रवक्ता भण्डारीले निर्माणको काम ढिला भएकाले अधिवेशन बोलाउने काम केही समय पर सरेको निर्माण सम्पन्न भएपछि चाँडै अधिवेशन आह्वान गराउने बताए। हाल कटहरीको कृषि थोक बजारमा सरेको कोशी प्रदेश सभाको सचिवालयमा सभामुख, उपसभामुख, सचिव र कर्मचारीहरूको कार्यालय मात्र सञ्चालन छ।

साबिक माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले एमाले-कांग्रेस गठबन्धन सरकार असफल भएकाले पुनर्निर्माणका लागि ठेक्कासमेत लगाउन नसकेको आरोप लगाए। आङ्बोले मन्त्री र मुख्यमन्त्रीहरूबिच नै बोलचाल हुन छाडेको, विभिन्न अनियमितताका काण्डले गर्दा सरकार आफैं समस्यामा परेकाले संसद्बाट भागिरहेको दाबी गरे। 'सरकार असफल भइसकेकाले उहाँहरू संसद् फेस गर्नबाट तर्किरहनुभएको छ। उहाँहरू नै खरानीको थुप्रोबाट संकल्प प्रस्ताव गराउन पाएनौं, अब जे-जस्तो अवस्थामा छ त्यही अवस्थामा संसद् बोलाउँछौं भनेर सबैलाई 'इमोस्नल ब्लाकमेलिङ' गर्दै हिँडिरहनुभएको छ,' उनले भने।

### स्तरोन्नतिका लागि भौतिक मन्त्रालयले माग्यो पाँच करोड

प्रदेश सभा परिसरको स्तरोन्नतिका लागि भौतिक पूर्वाधार मन्त्रालयले पाँच करोड ४० लाख रुपैयाँ बजेट माग गरेको छ। भौतिकले लागत अनुमान (इस्टिमेट)सहितको फाइल आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाएको छ। अर्थ मन्त्रालयका सचिव कोषहरि निरौलाले प्रदेश सभाको भवन मर्मतका लागि माग्गिएको बजेटका विषयमा छलफल गरेर चाँडै बजेट निकासा गराउने बताए। 'फाइल २२ मंसिरमा बल्ल आइपुगेको छ, हेरेर चाँडै आवश्यक बजेट निकासा गराउँछौं,' उनले भने।

भौतिक मन्त्रालयले तयार पारेको विवरणअनुसार तरकारी बजारको संरचनालाई संसद् भवनको रूप दिन विभिन्न चार शीर्षकमा बजेट बाँडफाँड गरिएको छ। जसमा हल मर्मत कार्यका लागि दुई करोड ८५ लाख ६४ हजार ६२४ लाग्ने भौतिक पूर्वाधार मन्त्रालयले जनाएको छ। यस्तै, बैठकका लागि सभाहल निर्माण तथा मर्मत गर्न दुई करोड १३ लाख ५७ हजार ५५६ लाग्नेछ। मुख्य भवन तथा क्यान्टिन मर्मतका लागि २७ लाख ९९ हजार आठ सय २७ र सेन्ट्री पोस्ट र प्यासेज वाक वे निर्माणमा १३ लाख दुई हजार ७८३ लाग्ने मन्त्रालयले जनाएको छ।

# एनपिएल : नेपालको एउटा भव्य 'ब्रान्ड'

## दोस्रो सिजनसम्म आइपुग्दा एनपिएल सानदार रूपमा अन्तर्राष्ट्रिय जगत्मा नेपाल देखिने र चिनिने एउटा लोभलाग्दो 'ब्रान्ड' बनिसकेको छ



● प्रचण्डविक्रम न्यौपाने

अग्रलेख

जेन-जी आन्दोलनको विध्वंसका दृश्यले अन्तर्राष्ट्रिय जगत्मा देखा परेको नेपालबारेको चिन्ता नेपाल प्रिमयर लिग (एनपिएल)को आकर्षक माहोलसँगै छायामा परेको छ। नेपालका लागि अब यस क्रिकेट प्रतिस्पर्धा सिर्फ केही घरेलु टिमको प्रतिस्पर्धा रहेन। दोस्रो सिजनसम्म आइपुग्दा यो नेपाल सानदार रूपमा अन्तर्राष्ट्रिय जगत्मा देखिने एउटा 'ब्रान्ड' बनिसकेको छ। चर्चा यसरी भइरहेका छन् कि टेस्ट क्रिकेट खेल्ने राष्ट्रलाई जसरी इन्डियन प्रिमियर लिग (आइपिएल)ले तान्छ, एसोसिएट क्रिकेट जगत्का लागि अब एनपिएल त्यस्तै आकर्षणको केन्द्र बन्दै छ। हुन पनि चार दर्जनको संख्यामा विदेशी खेलाडी आएर नेपालको लिग खेलिरहँदा उनीहरूले आफूसँगै आफ्ना लाखौं प्रशंसकलाई नेपालतर्फ मोडिरहेका हुन्छन्। उनीहरूका नाममा हुने सामाजिक सञ्जालका पोस्ट र समाचारले नेपालालाई गर्ने प्रवर्द्धन अमूल्य हुन्छ। त्यसैले यो नेपाली क्रिकेट मात्र नभई विश्व मञ्चमा नेपाल प्रवर्द्धनको एउटा ऐतिहासिक फड्को पनि हो। क्रिकेटमा बनेको नेपालको अभूतपूर्व माहोलबिच त्यसलाई जोगाउने र हुर्काउने एकताबद्ध प्रयास भने नेपाली नेतृत्वबाट आवश्यक छ।

### ■ नेपाल डुलाउने क्रिकेट

मौसम खुल्दाका दिन काठमाडौंबाटै हिमशृंखला देखिने नेपालको परिवेशमा खेल्न र हेर्न पाउनु जोकोहीका लागि एउटा अनुपम अनुभव हुने गर्छ। हुन त कीर्तिपुर क्रिकेट रंगशाला फ्लडलाइड र व्यवस्थित दर्शकदीर्घाका सिटसहित पछिल्लो परिष्कृत स्वरूप पाउनुअघि पनि त्यसलाई एउटा प्राकृतिक रूपमै सुन्दर खेल स्थलका रूपमा लिने गरिन्थ्यो। काठमाडौंमै मूलपानी रंगशाला व्यवस्थित पार्न सक्दा त्यो पनि उत्तिकै आकर्षक छ। उता सन् २०१९ को साउथ एसियन गेम्सअन्तर्गत पोखरामा क्रिकेट खेल हुँदा अन्नपूर्ण र माछापुच्छ्रे पृष्ठभूमिमा समेटिएका तस्बिर विश्व क्रिकेटका लागि लोभलाग्दा उपहार बनेका थिए। लुम्बिनी प्रदेशको रुपन्देहीमा अन्तर्राष्ट्रियस्तरकै रंगशाला निर्माणको काम जारी छ। यी क्रम अब बिस्तारै देशव्यापी हुनेमा कुनै शंका छैन। प्रदेश सरकारका लागि अब कम्तीमा एउटा प्रादेशिक क्रिकेट रंगशाला बनाउन लगानी गर्नुपर्ने मनोवैज्ञानिक दबाब एनपिएलले दिएको छ।

यसर्थ आउँदा वर्षमा प्रदेशपिच्छे सुविधासम्पन्न रंगशाला बनिसक्दा एनपिएलसमेत 'होम एन्ड अवे'का हिसाबले हुने अवस्था सिर्जना हुनेछ। त्यो नेपालले पाउने अभूतपूर्व अवसर हुनेछ। देशी-विदेशी प्रायोजकदेखि अन्तर्राष्ट्रिय सेलिब्रिटी खेलाडी र खेल हेर्न चाहने देशी-विदेशी प्रशंसकको आउजाउ नेपालका कुनाकाप्चासम्म बाक्लिने अवस्थाको लाभ नेपालका लागि बहुआयामिक हुनेछ। जस्तो, रुपन्देहीको तिलोत्तमामा क्रिकेट हेर्न पुग्नेहरूले कम्तीमा लुम्बिनी दर्शन गर्न खोज्नेछन् नै। धनगढी जानेहरूले कम्तीमा बर्दिया, खप्तड वा शुक्लाफाँटा पुग्न खोज्नेछन्। पोखरा पुग्नेहरूले त्यही सहर वा आसपासका पदयात्राको आनन्द लिन खोज्नेछन्। विराटनगर पुग्नेहरूले जनकपुर, बुढासुब्बा वा इलामका चिया बगानसमेत हेर्न खोज्नेछन्। त्यसैले एनपिएलको ब्रान्डसँग नेपालले आफ्ना धरोहर, संस्कृति र समाज चिनाउने अवसर पाउनेछ। नेपालको खेल 'स्टार स्पोर्ट्स'जस्ता अन्तर्राष्ट्रिय च्यानलबाट देशबाहिर देखाइँदा वा अन्तर्राष्ट्रिय सोसल मिडिया 'इन्फ्ल्युयन्सर्स'हरूले नेपालको खेललाई जोडेर त्यसबारे चर्चा गर्दा नेपालको जे-जसरी अहिले अन्तर्राष्ट्रिय पहिचान बनेको छ, त्यो परम्परागत पर्यटन प्रवर्द्धनको ढाँचाबाट वर्षौंमा नहुने उपलब्धि हो।

### ■ बढेको आत्मविश्वास

चाहे पाकिस्तानमा भएको एसिया कप होस् वा अमेरिका-वेस्ट इन्डिजमा भएको पछिल्लो टी-२० विश्वकप नै किन नहोस्, नेपाली टोलीले क्रिकेट पावर हाउससँग प्रतिस्पर्धी खेल खेलेर एउटा आशा दिलाएको छ। त्यो अवस्थासम्म आउनका लागि नेपाली क्रिकेटले आफ्ना सीमित स्रोत र 'एक्सपोजर'बिच दशकौं बितायो। कैयौं क्रिकेट पुस्ता त्यही आशा र अभावबिच ओझेलमा परे। एनपिएलले अन्तर्राष्ट्रिय पहिचान बनाउँदै गर्दा क्षेत्रीय रूपमा 'ट्यालेन्ट हन्ट'मार्फत उदाएका कैयौं खेलाडीले आफ्ना सुरुवाती समयमै अन्तर्राष्ट्रिय स्टार खेलाडीसँग मैदान साझेदारी गर्न पाइरहेका छन्। अन्तर्राष्ट्रिय खेलकुद भनेको सिर्फ खेल कौशल मात्र होइन, त्यो भनेको आत्मविश्वासको विकास पनि हो। जब नेपाली खेलाडीको कप्तानीमा विश्व क्रिकेटका हस्तीहरू खेलिरहेको देखिन्छ, तब त्यसले पूरै नेपाली क्रिकेटप्रेमीमा




उत्साहको तरंग सिर्जना गरिरहेको हुन्छ। त्यसले नेपाली खेलाडीलाई दबाबमा खेल्न अभ्यस्त पारिरहेको छ।

राष्ट्रिय टोलीका रूपमा देशका लागि खेल्ने तिनै खेलाडी आआफ्ना क्षेत्रीय टोलीमा बाँडिएर एक-अर्कासँग खेल्दा देखिने मैत्रीपूर्ण प्रतिस्पर्धाले एनपिएलका खेललाई झनै बढ्दा रोमाञ्चक बनाइरहेको छ।

> नेपालको खेल 'स्टार स्पोर्ट्स'जस्ता अन्तर्राष्ट्रिय च्यानलबाट देशबाहिर देखाइँदा वा अन्तर्राष्ट्रिय सोसल मिडिया 'इन्फ्ल्युयन्सर्स'ले नेपालको खेललाई जोडेर त्यसबारे चर्चा गर्दा अहिले देशको जे-जस्तो अन्तर्राष्ट्रिय पहिचान बनेको छ, त्यो परम्परागत पर्यटन प्रवर्द्धनको ढाँचाबाट वर्षौंमा नहुने उपलब्धि हो

नेपालको अबको लक्ष्य टेस्ट मान्यता प्राप्त देशका रूपमा पहिचान बनाउनु हो। तर, त्यस लक्ष्यमा अगाडि बढ्नका लागि खेल मात्र नभई देशभित्रको क्रिकेट पूर्वाधारको पक्ष पनि महत्त्वपूर्ण हुने हुँदा यसक्रममा भएका प्रगतिले उक्त लक्ष्यका लागि समेत आत्मविश्वास बढाएको छ। यद्यपि, एक दिवसीय खेलमै पनि नेपालले धेरै क्षमता विकास गर्नुपर्ने कटु यथार्थ हामीबिच छ। त्यसका लागि चाहिने भनेको धेरैभन्दा धेरै खेल, व्यापक क्षेत्रका खेलाडीसँगका मैदानी जम्काभेट नै हुन्।

अहिले नेपालमा देखिएको क्रिकेटमय अवस्थाले त्यसका लागि आत्मविश्वास बढाएको छ। नेपाली क्रिकेटका लागि उसका प्रशंसक सबैभन्दा ठुला आड हुन्। एनपिएलमा सप्ताहान्तबाहेकका खेलमा पनि भरिभराउ रंगशाला देखिनु, संसारका जुनसुकै देशमा नेपालले क्रिकेट खेल्दा पनि प्रशंसकको कमी नहुनु त्यसकै झल्को हो। त्यसले नेपालमा रहेको लोभलाग्दो क्रिकेट संस्कृति पनि दर्साइरहेको छ। अहिले नेपालमा क्रिकेट यसरी हरेक नागरिकको मनमस्तिस्कमा जोडिएको छ कि त्यो देशलाई एकतामा बाँध्ने सबैभन्दा बलियो कडी बनेको छ।

एनपिएलमा नाटकीय क्षणहरू आउँदा वा त्यसमा अभूतपूर्व प्रदर्शन हुँदा त्यसको चर्चा विश्वभर भएको छ। त्यो भनेको यही मञ्चमार्फत नेपालका उदाउँदा खेलाडीसमेत अन्य देशमा हुने लिग क्रिकेटका लागि व्यावसायिक रूपमा आँखामा पर्नु हो। कतिपय खेलाडी यसअघि नै बाह्य लिगमा छानिएकामा एनपिएलको 'ब्रान्ड भ्यालु' बढ्दै जाँदा त्यो अझ व्यापक हुनेछ। एनपिएल त्यसैले नेपाली क्रिकेट र बाह्य क्रिकेटलाई आपसमा जोड्ने एउटा महत्त्वपूर्ण सेतुसमेत हो।

### ■ तटस्थ भूमि

शान्तिका अग्रदूत भगवान् बुद्धको जन्मस्थल वा धार्मिक सहिष्णु समाजका रूपमा रहेको नेपालमा यसरी क्रिकेटको माहोल र पूर्वाधार विस्तार हुँदै जाँदा हाम्रो देशले धेरैको रोजाइमा पर्ने तटस्थ खेल स्थल बन्ने सामर्थ्य राख्छ। हुन पनि विश्वमा क्रिकेटको खास माहोल रहेको क्षेत्र भनेको दक्षिण एसिया नै हो। भारत, पाकिस्तान र श्रीलंका क्रिकेटका शक्ति राष्ट्र नै हुन्, जो ५० ओभर र २० ओभरका क्रिकेटमा विश्व च्याम्पियन बनिसकेका छन्। यहीं यी तीन पावर हाउससँगै बंगलादेश र अफगानिस्तान टेस्ट क्रिकेट खेल्ने देशका रूपमा छन्। तर, भारत र पाकिस्तानका खेलाडी एक-अर्काकोमा गएर खेलिरहेका छैनन्। त्यस्तोमा उनीहरूले मध्यपूर्वको युएई वा छिमेकको श्रीलंका रोजिरहेको पाइन्छ। अफगानिस्तानमा अझै अन्तर्राष्ट्रिय क्रिकेट प्रतिस्पर्धा हुने माहोल बनेको छैन। वेलाबखत अन्य दक्षिण एसियाली देशबिचसमेत कूटनीतिक तनावको वातावरण बन्ने गरेको देखिन्छ। हाल अन्तर्राष्ट्रिय रूपमा टोरन्टो, शारजाह, सिंगापुरजस्ता ठाउँलाई तटस्थ खेलस्थलका रूपमा धेरै रुचाएको पाइए पनि तिनका समेत आफ्नै सीमितता छन्। कतै खर्चिलो यात्रा त कतै मौसमी असहजताका कुरा छन्। त्यस्तोमा काठमाडौंको लाभ सस्तो मात्र नभई वर्षमा मनसुन अवधिबाहेक नौ महिनाजसो खेलका लागि उपयुक्त हुने परिवेश छ। सामान्यतः ३० डिग्री सेल्सियसभन्दा माथि नजाने यहाँको तापक्रम दिउँसोकै लागि उपयुक्त हुनेमा फ्लड लाइटमा समेत खेल्न सकिने पछिल्लो माहोलले त्यसमा अझ सहजता थपेको छ।

त्यस्तो अवस्थामा नेपालले लिने अग्रसरता र त्यसका लागि आफूलाई काबिल पार्ने परिस्थिति बन्दा त्यो नेपालको अन्तर्राष्ट्रिय पहिचानका लागि निकै राम्रो अवसर बन्नेछ। रंगशालामा प्रविधिको अधिकतम प्रयोग गर्दै टिकट काट्ने वेलादेखि नै सुरक्षित माहोल बनाउनु कुनै कठिन कार्य होइन। सुरक्षाका दृष्टिले हेर्दासमेत अब सेना-प्रहरी मात्रै खटाएर नभई प्रविधिका पूर्वाधारसमेत व्यापक प्रयोग गरेर सुरक्षित माहोलको सुनिश्चितता गर्न सकिने अवस्था छ। त्यसमाथि प्रदूषण, अनुकूल वायुमण्डलीय तापक्रम, पर्यटकमैत्री समाजजस्ता हिसाबले पनि नेपाल दक्षिण एसियाको उत्कृष्ट खेल भूमि हो। मुख्य कुरा नेपालले यतिखेर खेलाडी, प्रशंसक, खेल प्रवर्द्धक र अन्तर्राष्ट्रिय परिवेशजस्ता चौतर्फी रूपबाट आफूलाई अन्तर्राष्ट्रिय जगत्मा फरक पहिचान बनाउने अवसर पाउनु हो। त्यसमा हामी सरकारी, निजी र हरेक क्रिकेटप्रेमीले आफ्नो दायित्व सम्झेर आवश्यक सानो-ठुलो योगदान दिनुपर्छ। किनकि, यो केही आँट गर्ने, केही जोखिम उठाउने समय हो, जुन अवस्था सधैं यस्तै नभइदिन पनि सक्छ।

*(त्यौपाने लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री हुन्)*

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **अर्जुनजंग थापा**लाई



**■ सहरी विकासमा सरोकारवाला निकायबिच समन्वयमा किन समस्या देखिने गरेको होला ?**

यो जमानादेखिकै गम्भीर रोग हो। टाउकै फुटाए पनि यसमा सुधार गर्न सकिने अवस्था कहिल्यै बनेन। खासगरी हामीकहाँ विकास निर्माणसित सरोकार राख्ने निकायले आफैंलाई मात्र महान् ठान्छन् र अरूलाई गन्दै गन्दैनन्। वन, सडक, विद्युत्, खानेपानी, ढल, टेलिकमलगायत कुनै पनि निकायबिच एक-अर्कालाई सम्मान गरेर समन्वय गर्नुपर्छ भन्ने संस्कार नै छैन। विगतमा विकास प्राधिकरणले काम गर्दा प्रधानमन्त्री कार्यालयबाटै समन्वयको प्रयास हुन्थ्यो। एक-दुईपटक अष्तियारले पनि समन्वय गरिदिएको थियो। तर, अहिले कसैले कसैसित समन्वय नै गर्दैनन् अनि किन नदेखियोस् त समस्या ?

**■ विकासका नाममा यसरी सास्ती दिइँदा नागरिकमा कस्तो प्रभाव पर्ला ?**

यस्तो अवस्थाले एकातिर नागरिकमा गम्भीर नकारात्मक प्रभाव पारिरहेको हुन्छ भने अर्कातिर आफ्नै निकायहरूका कारण सरकारकै 'इमेज' धूमिल भइरहेको हुन्छ। सम्बन्धित मन्त्रालयबाटै मन्त्री या सचिवस्तरबाट आ-आफ्ना मातहतका निकायलाई सचेत गराएर समन्वयको प्रयास गरिदिने हो भने पनि नागरिकले पाउँदै आएको सास्तीमा कमी आउन सक्छ।

**■ विकास निर्माणमा सरोकारवाला निकायबिच समन्वय गर्न के गर्नुपर्ला त ?**

यसका लागि सहरी विकासको जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई दिन सकियो भने एउटै संस्थाले योजना बनाएर कार्यान्वयनमा जाने हुँदा समस्यामा कमी आउँछ। राष्ट्रिय योजना आयोगले नै पञ्चवर्षीय योजनासित जोडेर समन्वय गरिदिए पनि समस्यामा कमी आउन सक्छ। यो कानुनीभन्दा व्यवहारगत समस्या हो। बजेट निर्माणदेखि नै खानेपानी, टेलिकम, विद्युत्, ढललगायत निकायसित समन्वय गरी सबैको काम सकिइसकेपछि मात्र सडक निर्माण गर्नेगरी एकीकृत रूपमा काम गर्ने व्यवस्था गरिनुपर्छ। विकास निर्माणमा कुनै पनि निकायले बलमिच्याइँ गरेर हुँदैन।


---

प्रेरक प्रसंग

## सुगालाई साधुको सन्देश

एक सेठ र उनकी धर्मपत्नी हरेक दिन सत्संगमा जाने गर्थे। सेठले एउटा सुगा पालेका थिए, जो पिँजडामा रहन्थ्यो। एक दिन सुगाले सेठसित सोध्यो- सेठजी, तपाईंहरू हरेक दिन कहाँ जानुहुन्छ ? सेठले जवाफ दिए- हामी हरेक दिन साधुमहाराजको सत्संग सुन्न जान्छौं।

सेठजीको जवाफ सुनेपछि सुगाले भन्यो- हजुरहरू सत्संगमा जानुहुन्छ भने कृपया साधुमहाराजसँग मेरा तर्फबाट म कहिले स्वतन्त्र हुन्छु भनेर पनि सोधिदिनुहोस् न है ? हुन्छ, हामी सोधिदिउँला भनेर सेठ र उनकी धर्मपत्नी सत्संग सुन्न गए। सत्संग समाप्त भयो। सबै श्रोता बाहिरिँदै गएपछि सेठजीले सोधे- साधुमहाराज, मैले एउटा सुगा पालेको छु। त्यसले आज एउटा प्रश्न हजुरसामु राखिदिन अनुरोध गरेको छ। ऊ जान्न चाहन्छ कि ऊ कहिले स्वतन्त्र हुनेछ ?



प्रश्न सुन्नासाथ साधु महाराज बेहोस भएर ढले। उनलाई सहयोगीले उठाएर आश्रमको भित्री भागमा लगे। सेठ चुपचाप त्यहाँबाट निस्किए। उनी घर पुग्नासाथ सुगाले सोध्यो- सेठजी, मेरो स्वतन्त्रताबारे साधु महाराजले के भन्नुभयो त ? सेठले भने- तेरो भाग्य नै खोटो रहेछ। तेरो प्रश्न सोध्नासाथ साधु महाराज बेहोस भएर लड्नुभयो। सेठको जवाफ सुनेपछि सुगाले भन्यो- केही छैन सेठजी, मैले बुझेँ। अर्को दिन बिहान सेठ र उनकी पत्नी सत्संगका लागि निस्किँदै थिए, त्यति नै खेर सुगा पिँजडामा जानाजान बेहोस भएर ढल्यो। सेठलाई लाग्यो, ला ! सुगा त मरेछ। उनले सुगालाई पिँजडाबाट बाहिर निकाले। मौका पाउनासाथ सुगा उडेर बेपत्ता भयो।

सत्संगमा पुग्नासाथ साधुले सेठसित सोधे- हिजो तपाईं सुगाका बारेमा केही सोध्दै हुनुहुन्थ्यो, अब ऊ कहाँ छ ? सेठले भने- महाराज, आज बिहानै ऊ जानाजान बेहोस भएको नाटक गरेर पिँजडामा लडेको रहेछ। मैले ऊ मरेछ भन्ने ठानेर बाहिर निकाल्नासाथ उडेर बेपत्ता भयो।

सेठको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै साधुले भने- हेर्नुहोस् त सेठजी, तपाईं यति धेरै दिनदेखि सत्संग सुनेर पनि अझै सांसारिक मायामोहको पिँजडामा फसिरहनुभएको छ, तर त्यो सुगा भने सत्संगमा नआईकनै पनि मेरो एउटा इसारा बुझेर स्वतन्त्र भयो।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## उपचार खर्चमा कडाइ गरियोस्

यसरी शक्तिका आडमा जथाभावी उपचारलगायत विभिन्न नाममा सुविधा लिने, नियमविपरीत विभिन्न पदमा नियुक्त गर्न पाइने कारणले सरकारमा जान होडबाजी चलिरहन्छ। नियमविपरीत कार्य गर्ने जोकोही भए पनि कानुनी दायरामा ल्याउन जरुरी छ।

● **राजेन्द्र पाल्पाली**

गरिब जनताले सिटामोल नपाएर अकालमै ज्यान गुमाउनुपर्ने, नेताहरूलाई भने राज्यकोषमा मोजमस्ती ? यी सबैमाथि अनुसन्धान गरेर जेल हाल्नुपर्छ।

● **कृष्ण पनेरू**

देश लुटेर खाने तलदेखि माथिसम्मका सबैमाथि अनुसन्धान गरी कारबाही गर्नुपर्छ। सेवालाई पेसा र कमाउने धन्दा बनाउन कदापि पाइँदैन।

● **इ. राम मल्ल**

उच्चपदस्थ भनेको को हो ? राज्यको सम्पत्ति कसैको पेवाजसरी मनपर्दी खर्च गर्न पाइँदैन। उपचार नेपालको सरकारी अस्पतालमा हुनेसम्म गर्ने हो, नहुने मर्ने हो। आफ्नो देशमा कुनै व्यवस्था नगर्ने, अनि देशको ढुकुटीबाट विदेशमा उपचार गर्ने ?

● **कल्याण कुमार**

नेताहरू कसरी हुन्छ, सत्तामा जाने, जसरी हुन्छ अकुत सम्पत्ति कमाउने, आफ्ना नातेदार, कार्यकर्तालाई पालनपोषण गर्ने, आफ्नो हातमा पावर लिएर, रकम असुलेर विभिन्न पदमा नियुक्त गर्ने, वढुवा गर्ने, आफ्ना नातेदार कार्यकर्ताले गरेका गलत कार्यलाई ढाकछोप गर्ने, ओखती उपचारलगायत नाउँमा सुविधा लिने ? यिनै कारणले सत्तामा जसरी हुन्छ टाँसिइरहने काम गरिरहन्छन्। त्यसैले, गलत कार्य गर्नेलाई कारबाहीको दायरामा ल्याउनैपर्छ।

● **राजेन्द्र पाल्पाली**

कृष्ण कँणेलको इन्द्रेणी कार्यक्रममा दिनहुँ उपचार खर्च जुटाउन नसकेर मृत्युको मुखमा पुगेका बिचरा ती व्यक्तिलाई यी ठुलाबडाले राज्यबाट लिएको उपचार खर्चले गिज्याइरहेको छ।

● **लोक कार्की**

केका उच्चपदस्थ ? सबैको खर्च फिर्ता गराउनुपर्छ। उपचार नपाएर गरिब मर्दा या उपचार गर्न नसकेर छट्पटिँदा कसले साथ दिन्छ ?

● **सीताराम कुइँकेल**

छानबिन मात्र हो, किनभने त्यहाँ पनि राजनीतिक कोटामा नियुक्त हुने गरेका छन्। यसो सोझासाझा नेपाली जनताका आँखामा भ्रम सिर्जना गर्न मात्र हो, यो सब नाटक।

● **जनक ओझा**

हाम्रो पसिनाबाट तिरेको कर कहाँ जान्छ भनेको त यिनीहरूको उपभोगमा पो रहेछ। हामीलाई चाहिँ ढाड सेक्ने गरी कर बढाएर, उपभोग्य बस्तु महँगो बनाएर लुटिरहने हो ?

● **नारायण भण्डारी**

छानबिन भन्छ, गर्छ कि गर्दैन थाहा छैन। छानबिन गरेर दोषी पनि अझैसम्म कोही जेलमा परेका छैनन्। के हो यस्तो पारा ?

**कुमार केसी**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

## गुनासा सम्बोधन गर्नुस् मन्त्रीज्यू !

शिक्षामन्त्री पुनलाई त्रिविका समस्याबारे दैनिक चार सय हाराहारीका गुनासा आउने गरेको समाचार पढियो। यति धेरै समस्याका गुनासा आउनुको अर्थ त्रिविमा समस्यै समस्या छन् भन्ने नै हो। समस्या छन् भन्ने थाहा भयो भने अहिलेका शिक्षामन्त्री महावीर पुनले तिनको समाधानका लागि कठोर पहल गर्न जरुरी छ। सामान्य र टालटुले प्रयासबाट मात्र त्रिविको शुद्धीकरण सम्भव छैन। त्यसैले, यसको जगैदेखि पुनर्संरचना नगरी हुँदैन। त्यसका लागि शिक्षामन्त्री पुनले बलियो कदम चालून्।

● **सौरभ विक**, पुतलीसडक, काठमाडौं

---

# म्यानमारको आगामी चुनाव सेनाले जित्ने निश्चित

## विभिन्न मापदण्ड पूरा नगरेको भन्दै आङ सान सुकीको पार्टीलगायत सबै प्रमुख दलको दर्ता खारेज गरिएको छ



देश / विदेश

● निकोलस कोपेल

म्यानमारको सैन्य शासनले डिसेम्बर २८ देखि सुरु भएर जनवरीमा समाप्त हुने गरी तीन चरणमा चुनाव घोषणा गरेको छ। यस चुनावका दुई परिणाम पहिले नै निश्चित छ- पहिलो, सेना आबद्ध पार्टी चुनावमा विजयी हुनेछन् र दोस्रो, निर्वासनमा रहेको सरकार अर्थात् राष्ट्रिय एकता सरकार थप कमजोर हुनेछ।

म्यानमारमा फेब्रुअरी २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि लगभग पाँच वर्षदेखि देश गृहयुद्धमा फसेको छ। सेना अहिले जनरल डिफेन्स फोर्स र अन्य कैयौं जातीय सशस्त्र समूहविरुद्ध लडिरहेको छ। तत्कालीन राष्ट्रपति विन मिन्टदेखि लोकप्रिय नेतृ आङ सान सुकीसहित हजारौं नेता, प्रदर्शनकारी र लडाकु अझै जेलमा छन्।

वर्तमान सरकारको वास्तविक नियन्त्रण सेनाको हातमा छ। र, देशका सबै प्रमुख जनसंख्या केन्द्रहरू पनि सेनाकै कब्जामा छन्। तथापि, देशको धेरै भागमा निरन्तर हवाई तथा ड्रोन आक्रमणले पनि प्रतिरोध समूहलाई दबाउन सकेको छैन। विद्रोही समूहले देशको ठुलो भागमा कब्जा गरेको छ। यसैले आगामी निर्वाचन देशभरका ३३० टाउनसिप (निर्वाचन क्षेत्र)मध्ये २७४ मा मात्र हुने भएको छ।

म्यानमारको आगामी चुनाव स्वच्छ नहुने देशभित्र र बाहिरको विश्लेषण छ। निश्चित संख्यामा पार्टी सदस्य वा कार्यालय हुनुपर्ने मापदण्ड पूरा गर्न नसकेको भन्दै सैन्य अधिकारीले भरिएको संघीय निर्वाचन आयोगले अधिकांश प्रमुख दलको दर्ता खारेज गरिदिएको छ। यसअन्तर्गत आङ सान सुकीको नेसनल लिग फर डेमोक्रेसी पार्टीसमेत विघटन भएको छ।

चुनावलाई राज्य-नियन्त्रित मिडियाले प्रभावित पार्नेछन्। यस चुनावको विरोधसमेत निषेध गरिएको छ। सामाजिक सञ्जालमा चुनावको आलोचना गर्ने नागरिकलाई कडा श्रमसहित सात वर्षसम्मको जेल सजाय सुनाइएको छ। चुनावमार्फत सेनाले स्वदेश र विदेशमा शासनको वैधता प्राप्त गर्ने प्रयास गर्दै छ। अन्तर्राष्ट्रिय लोकतान्त्रिक मान्यता पालनको नक्कल गरेर, सैन्य शासनले देश सामान्य अवस्थामा फर्किएको भावना फैलाएर शक्तिलाई सुदृढ गर्ने र यथास्थितिलाई कायम राख्ने लक्ष्य राखेको छ। साथै यसबाट बृहत् अन्तर्राष्ट्रिय संलग्नताको ढोका खोलिने उसले आशा राखेको छ।

निर्वासनमा रहेको 'राष्ट्रिय एकता सरकार' र यसका असंख्य अन्तर्राष्ट्रिय समर्थकले अन्तर्राष्ट्रिय समुदायलाई चुनावी पर्यवेक्षक नपठाउन आह्वान गरिरहेका छन्। चुनावको समर्थक रहेको चीनदेखि आसियन सदस्यले समेत हालसम्म सार्वजनिक रूपमा पर्यवेक्षक पठाउने प्रतिबद्धता जनाएका छैनन्। पश्चिमा बहिष्कारको निरन्तरताले सैन्य सरकारलाई त्यति फरक पार्दैन। उसलाई क्षेत्रीय वैधता खासमा घरेलु वा पश्चिमी वैधताभन्दा बढी महत्त्वपूर्ण देखिन्छ।

छिमेकी देशहरू म्यानमारभित्रबाट आफ्नो सिमानातर्फ आएका प्रभावप्रति चिन्तित छन्। यसमा लागुपदार्थको



वृद्धिदेखि र आफ्ना नागरिकलाई बन्धक बनाएर स्क्याम घोटाला केन्द्रमा काम गराउने विषयसम्म छन्। ती देशका नागरिकले आफ्ना सरकारबाट यी मुद्दा सम्बोधन होस् भन्ने चाहन्छन्। यस्तोमा छिमेकी देशका सरकार पनि म्यानमारको सुधारभन्दा पनि आफ्नो राष्ट्रिय हितको एजेन्डालाई लिएर चिन्तित देखिन्छन्। अन्यथा उनीहरू म्यानमारसँग कुनै बहानामा संलग्न हुन तयार छन्।

यसपटकको चुनावलाई सन् २०१० को चुनावको पुनरावृत्तिको रूपमा हेर्नु गलत हुनेछ। त्यति वेलाको चुनाव दुई वर्षअघि आएको संविधानअन्तर्गत सम्पन्न भएको थियो। एकजना पूर्वजनरलको नेतृत्वमा त्यति वेला सुधारको जग हासिल भएको थियो। तर, यसपटकको चुनावले कुनै नागरिक वा संसदीय शासनमा संक्रमण गर्नेछैन। न त चुनावपछि 'कु'कर्ता सेना प्रमुख मिन आङ ह्लाइङको बहिर्गमन हुनेछ। आफ्नो सुरक्षा सुनिश्चित गर्न उनी त्यस्तो भूमिका खोज्दै छन्, जहाँ राज्यको उपकरणले उनलाई मुद्दामामिला गर्नेभन्दा पनि सुरक्षा दिनेछ।

आगामी चुनाव नक्कली भए पनि यसले सैनाभित्र वरीयतामा परिवर्तन आउनेछ। वर्तमान कमान्डर निःसन्देह राष्ट्रपति बन्नेछन्। उनको स्थानमा कमान्डर-इन-चिफको रूपमा बफादार सैन्य अधिकारी छनोट गरिनेछ। संसद्मा सेना र सेनानजिकको दलहरूको प्रभुत्व हुनेछ। अर्थात्, चुनावलगत्तै शासन सञ्चालनका लागि हाल प्रयोगमा रहेको डर र हिंसाको शृंखलामा कुनै परिवर्तन देखिनेछैन।

यद्यपि, म्यानमारको मरणासन्न संविधानअन्तर्गत सैन्य कमान्डर भविष्यमा पनि नागरिक अधिकारीप्रति उत्तरदायी हुनेछैन। मिन आङ ह्लाइङपछि आउने व्यक्ति भविष्यमा द्वन्द्वलाई वार्ताद्वारा अन्त्य गर्ने पक्षमा उभिन सक्छ, तर अहिले त्यो सम्भावना छैन। निर्वासित राष्ट्रिय एकता सरकारले अर्थपूर्ण अन्तर्राष्ट्रिय समर्थनको कल्पनामा मात्र नबसेर चुनाव भएपछिको वास्तविकतासँग कसरी सामना गर्ने योजना बनाउन तयार हुनुपर्छ। विशेषतः चुनावपछि सैन्य सरकारले थप क्षेत्रीय संलग्नता हासिल गर्ने अवस्थालाई ख्याल गरेर अघि बढिएन भने उनीहरू कमजोर हुने र हराउँदै जाने सम्भावना भोग्न सक्छ।

*(कोपेल मेलबर्न विश्वविद्यालयका स्कुल अफ सोसल एन्ड पोलिटिक साइन्स संकायका मानार्थ फेलो हुन्।)*

*द कन्भर्सेसनबाट*

# यमन पुनः विभाजनको सँघारमा

## एसटिसीले सन् १९९० अघि दक्षिणी यमनमा पर्ने सबै भूमि नियन्त्रणमा लिएको छ भने उत्तरी भाग सिया मिलिसिया हुथीको कब्जामा छ


**साना**/ दक्षिण यमनको सम्पूर्ण भूभाग संयुक्त अरब इमिरेट्स (युएई) समर्थित सैन्य समूहले कब्जा गरेसँगै सो देश पुनः टुक्रिने जोखिम बढेको छ। सन् १९९० मेमा एक हुनुअघि यमन उत्तर र दक्षिण नाममा दुई देश थिए। साउदर्न ट्रान्जिस्नल काउन्सिल (एसटिसी) ले सन् १९९० अघिको दक्षिणी यमनमा पर्ने सबै भूमि नियन्त्रणमा लिएको हो। उत्तरी भाग भने सिया मिलिसिया हुथीको कब्जामा छ।

एसटिसीको १० हजारभन्दा बढी सेनाले गत हप्ता मात्र तेल उत्पादन हुने हद्रामौत गभर्नरेट र लगत्तै ओमानसँग सिमाना जोडिएको गभर्नरेट मारा कब्जामा लिएका थिए। एसटिसीको जितसँगै विगतमा दक्षिण यमनका सबै आठ गभर्नरेट एउटै समूहको नियन्त्रणमा आएका छन्। ओमानले आफ्नो सीमानाकामा दक्षिण यमनको झन्डा फहराएकोमा विरोध गर्दै सीमा नै बन्द गरेको थियो। तर, ऊ सो मागबाट पछि हट्नुपऱ्यो।

एक दशकअघिसम्म यमनको मुख्य बाह्य शक्ति रहेको साउदी अरबले समेत पछिल्लो विकासक्रम स्विकारेजस्तो देखिन्छ। रियादले दक्षिणी भेगको राजधानी एडेनका विमानस्थललगायत प्रमुख रणनीतिक क्षेत्रमा तैनाथ गरेका आफ्ना सेना फिर्ता बोलाएको छ। यमनमा संयुक्त राष्ट्र संघले मान्यता दिएको सरकारको सुरक्षामा साउदी सेना खटिएका थिए।

जितका बाबजुद एटिसीले तत्काल अलग देश घोषणा नगर्न सक्छ, विशेषतः न्यून वैदेशिक मान्यताको डरमा। यसैले सो समूहले मध्यम अवधिमा उत्तरबाट स्वतन्त्रता हुन कुनै प्रकारको जनमत संग्रह गर्न सक्ने आकलन भइरहेको छ। र, यसको भविष्य मुख्यतः समूहको प्रमुख प्रायोजक युएईले लिने निर्णयमा निर्भर हुन सक्छ।

सन् २०१५ देखि उत्तर यमनको राजधानी सानालाई हुथी विद्रोहीले नियन्त्रणमा राखेका छन्। त्यस वेलादेखि नै दक्षिणमा असहज राजनीतिक गठबन्धन कायम छ।




गठबन्धनमा यमनका राष्ट्रपतिसमेत रहेका रसाद अल-अलिमी नेतृत्वको इसाह पार्टी र ऐदारस अल-जुबैदीको नेतृत्वमा रहेको युएईसमर्थित एसटिसी समावेश थिए।

एसटिसीको सैन्य विजयपछि राष्ट्रपति अलिमी रिहादको शरणमा पुगेका छन्। त्यहींबाट उनले एसटिसीलाई ब्यारेक फर्किन आह्वान गर्दै भने, 'हामी राज्यको कानुनी स्थितिलाई कमजोर पार्ने र समानान्तर वास्तविकता सिर्जना गर्ने कुनै पनि एकपक्षीय कदमलाई अस्वीकार गर्छौं।'

उता, पश्चिमी कूटनीतिज्ञ र संयुक्त राष्ट्र संघले भने सधैं यमनको विभाजनको विरोध गर्ने गरेका छन्। बरु, तिनले हुथीहरू र दक्षिणी भेगका सेनालाई मिलाएर एक संघीय सरकार बनाउने रोडम्यापमाथि जोड दिने गरेका छन्। पछिल्लो विकासक्रमपछि अहिलेसम्म अमेरिकासहित कुनै पनि पश्चिमी देशले सार्वजनिक रूपमा टिप्पणी गरेका छैनन्।

'पछिल्लो घटनाक्रम यमनका लागि सन् २०१५ मा राजधानी साना हुथीको हातमा गएपछिकै सम्भवतः सबैभन्दा ठुलो मोड हो। यसले क्षेत्रीय र स्थानीय गठबन्धनलाई उल्ट्याउने क्षमता राख्छ। यही कारण साउदी अरब र युएईबिच तनाव बढ्न सक्छ। यदि एसटिसी वार्ताको टेबलमा बस्न तयार भयो भने दक्षिणी भेग समेटिएको कुनै प्रकारको स्वशासनसम्बन्धी उसको माग बलियो हुनेछ। उता सीमा जोडिएका साउदीलाई भने सिमानाको गस्ती बढाउनुपर्ने चिन्ता थपिनेछ,' साना सेन्टर अफ स्टडिजका शीर्ष विश्लेषक मेसा सुजा अल-डिनले भने।

साउदीले सुडानको गृहयुद्ध अन्त्य गर्न डोनाल्ड ट्रम्पलाई हस्तक्षेप गर्न अनुरोध गरेबाट क्रुद्ध बनेपछि युएईले एसटिसीलाई सैन्य कारबाही सुरु गर्ने अनुमति दिएको विश्वास गरिन्छ। सुडानमा पनि साउदी र युएईले फरक-फरक समूहलाई समर्थन जनाएका छन्। सुडान संकटमा युएईले अर्धसैनिक बल 'र्‍यापिड सपोर्ट फोर्सेस (आरएफएफ)'लाई समर्थन गरिरहेको छ भने साउदीले राष्ट्रिय सेनालाई।

द गार्जियनबाट

## इतिहासमा आज

डिसेम्बर १०



**सन् १९३६** : दुईपटक डिभोर्सबाट गुज्रिएकी वालिस सिम्पसनसँग विवाह गर्ने प्रयासविरुद्ध सरकार, चर्च र सर्वसाधारणको विरोधपछि ब्रिटिस राजा एड्वर्ड आठौंले राज्य त्याग गरे।

**सन् १७९९** : फ्रान्सले नापजोखलाई वैज्ञानिक आधार दिएको मेट्रिक प्रणाली लागू गऱ्यो।

**सन् १८१७** : मिसिसिपी अमेरिकाको २०औं राज्य बन्यो।

**सन् १८६९** : 'विओमिङ टेरिटोरी' अमेरिकाभित्र महिलालाई मताधिकार दिने पहिलो क्षेत्र बन्यो। अमेरिकाभर महिलालाई मताधिकार ५१ वर्षपछि मात्र दिइएको थियो।

**सन् १८९८** : पेरिस सम्झौताले स्पेनिस-अमेरिका युद्ध औपचारिक रूपमा अन्त्य गऱ्यो। यस सम्झौतासँगै अमेरिका एक विश्वशक्तिको रूपमा उदाएको थियो।

**सन् १९०३** : भौतिकशास्त्रमा नोबेल पुरस्कार हासिल गर्दै म्यारी क्युरी सो प्रतिष्ठित पुरस्कार पाउने पहिलो महिला बनिन्।

**सन् १९१३** : साहित्य विधामा नोबेल पुरस्कार जित्दै रवीन्द्रनाथ टेगोर सो प्रतिष्ठित पुरस्कारबाट सम्मानित हुने पहिलो गैरयुरोपेली बने।

**सन् १९४८** : संयुक्त राष्ट्र संघले विश्वव्यापी मानवअधिकारको घोषणापत्र अंगिकार गऱ्यो।

**सन् २०१३** : उरुग्वे गाजा खेती, बिक्री तथा प्रयोग खुलाउने

## युरोप कमजोर नेताको झुन्ड हो : ट्रम्प

**वासिंटन डिसी**/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपलाई 'कमजोर' मानिसको नेतृत्वमा रहेको राष्ट्रहरूको समूह भएको बताएका छन्। युरोपेली आप्रवासनलाई लक्षित गर्दै सो महादेशको निरन्तर 'क्षय हुँदै गइरहेको'समेत ट्रम्पले आरोप लगाए।

अमेरिकी मिडिया 'पोलिटिको'लाई दिएको एक अन्तर्वार्तामा ट्रम्पले युरोपेली संघ र युरोपेली नेताहरूको बारम्बार आलोचना गरेका छन्। युरोपेली नेताबारे टिप्पणी गर्दै ट्रम्पले भने 'मलाई लाग्छ तिनीहरू कमजोर छन्। तिनीहरूलाई के गर्ने भन्ने नै थाहा छैन।'

उनले आप्रवासनमा हंगेरी र पोल्यान्डका नीतिको भने प्रशंसा गरे। तर, बाँकी युरोपले भने 'जसलाई पनि महादेशभित्र आउन अनुमति दिइरहेको' बताए। 'कुनै कुराको जाँच नगरी उनीहरू जसलाई पनि भित्र्याइरहेका छन्,' ट्रम्पले भने। ट्रम्पले अन्तर्वार्तामा युरोपभित्रका चुनावमा आफ्नो विचार मिल्ने नेतालाई समर्थन दिने पनि बताए। 'मैले कैयौं मानिसलाई समर्थन गरेको छु। मैले धेरै मन नपर्ने युरोपेलीलाई समेत समर्थन गरेको छु। तिनमा भिक्टर ओर्बान एक हुन्,' ट्रम्पले भने।

'ओर्बानले आप्रवासन सन्दर्भमा सही गरेका छन्। उनी आफ्नो देशमा कसैलाई पनि अनुमति दिँदैनन्। पोल्यान्डले पनि त्यस सन्दर्भमा धेरै राम्रो काम गरेको छ। तर, धेरैजसो युरोपेली राष्ट्र भने पतन हुँदै गएका छन्,' उनले भने।

**सहिद स्मारक जनस्वास्थ्य सहकारी संस्था (लिमिटेड)**
कलंकी १४, काठमाडौं
फोन नं. ०१-५२१८५२१, ५२१५३१५

**उन्नाइसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना**

प्रकाशित मिति : २०८२/०८/२४

यस संस्थाको संचालक समितिको मिति २०८२/७/१७ मा बसेको बैठकको निर्णय अनुसार संस्थाको उन्नाइसौं(१९) वार्षिक साधारण सभा देहायका मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, समय र स्थान**
मिति : २०८२/०९/१२
समय : बिहान ९ .०० बजे
स्थान : खाँडादेवी ब्याङ्क्वेट, कलंकी, काठमाडौं (मकालु पेट्रोल पम्पको अगाडि)।

**२. छलफलका विषयहरु**
१) संस्थाका अध्यक्षको वार्षिक प्रतिवेदन पारित गर्ने।
२) कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने।
३) लेखा समितिको प्रतिवेदन पारित गर्ने।
४) लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने।
५) यस संस्थाद्वारा संचालित सहिद मेमोरियल अस्पतालको प्रगति विवरण।
६) आ.व. २०८२/०८३ का लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।
७) संचालक समितिको निर्णयहरु अनुमोदन।
८) सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन।
९) विविध ।
क) साधारण सभाको माइन्यूट प्रमाणित गर्ने शेयर सदस्यहरुको नाम पारित गर्ने।

**संस्थाको शेयर सदस्यहरुले परिचयपत्रको लागि नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो संस्थाको प्रशासन शाखा वा ५८४१५२१६५६ नं. मा Whats App गरिदिनुहुन अनुरोध गरिन्छ । साथै साधारण सभामा उपस्थित हुँदा नागरिकता वा परिचय खुल्ने सक्कल कागजपत्र लिएर आउनु हुन अनुरोध गरिन्छ ।**

**मणिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
काठमाण्डौं-०९, बत्तिसपुतली फोन ०१-४५७४५२३, ५९०९५२४

**सत्रौं (१७औं) बार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०८२ मंसिर १२ गते शुक्रबारका दिन सम्पन्न यस संस्थाको सञ्चालक समिति बैठकको निर्णयानुसार संस्थाको सत्रौं(१७औं) वार्षिक साधारण सभा देहायका बिषयहरू उपर छलफल गर्नका लागी निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितीका लागी हार्दिक अनुरोध गर्दछु।

**छलफलका बिषयहरू :**
१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३ आ.व. २०८१/०८२ को लेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
४ आ.व. २०८२/०८३ को लागी लेखापरिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण सम्बन्धमा।
५ सञ्चालक समितिको रिक्त रहेको पदमा बाँकी अवधीको लागी पदाधिकारी/सदस्य चयन गर्ने सम्बन्धमा।
६ संस्था एकिकरण (मर्जर) गर्ने सम्बन्धमा।
७ निष्कृय सदस्यता खारेज गर्ने सम्बन्धमा।
८ सञ्चालक समितिको बैठक भत्ता संसोधन गर्ने सम्बन्धमा।
९ संस्थाको सञ्चालक समिति तथा अन्य उप-समितिबाट भए गरेका निर्णयहरूको अनुमोदन गर्ने सम्बन्धमा।
१० साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरूको मनोनयन गर्ने सम्बन्धमा।
११ विविध।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०८२ साल पौष २६ गते शनिवार
स्थान : मानसरोवर पार्टी प्यालेस, पुरानोबानेश्वर काठमाण्डौं
समय : दिनको ठिक १:०० बजे

**सञ्चालक समितिको तर्फबाट**
**सचिव**

**हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको ७ दिने सूचना**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ। साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ। प्रकाशित सूचनाको म्यादभित्र ऋणी, ऋणी, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रकिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिकिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ।

**तपसिल**

| ऋणी/ऋणीहरूको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय: वाइपास रोड, वीरगञ्ज शाखा, पर्सा** | |
| १. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २५०१५१/०७७/०७८ कायम भई मिति २०७७/०९/०१ मा दर्ता भएको रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. २ स्थीत **रौतहट फुड एण्ड प्याकेजिङ्ग प्रा.लि. (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानी दिने: पुजा कुमारी कल्वार**<br>**व्यक्तिगत जमानी दिने: रत्नेस प्रसाद साह** | १. **ऋणी रौतहट फुड एण्ड प्याकेजिङ्ग प्रा.लि. को** नाममा दर्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर न.पा. वडा नं. ८ख (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८११ को क्षेत्रफल ०-१-२-१.२ (विघा) घर/जग्गा समेत।<br><br>२. **ऋणी पुजा कुमारी कलवारको** नाममा दर्ता कायम रहेको:<br>क) रौतहट जिल्ला सन्तपुर(म.) गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११२४ र ८८२ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-१७-० (विघा) जग्गा समेत।<br><br>ख) रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ६ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८०७ र ८०९ को क्षेत्रफल क्रमशः ०-०-३-० र ०-०-७-० (विघा) घर/जग्गा समेत। |
| २. महेन्द्र प्रसाद साहकी बुहारी लालबाबु प्रसाद साह कलवारकी छोरी रत्नेश प्रसाद साहकी पत्नी बारा जिल्ला भवानीपुर जीतपुर गा.वि.स. वडा नं. ३ (हाल जीतपुर सिमरा उप म.न.पा. वडा नं. ७) बस्ने **पुजा कुमारी कलवार (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: रत्नेश प्रसाद साह**<br>**यसअधि प्रकाशित सूचना:**<br>मिति २०८१/१०/२० को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८२।०७।३० को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। | |
| ३. वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग (जारी गर्ने कार्यालय वाणिज्य कार्यालय, वीरगञ्ज)मा प्रा.फ.र.नं. ३१५५५/०७०/७१ कायम भइ मिति २०७०/०५/२४ मा दर्ता भएको **श्री मंगलम इन्टरप्राइजेज (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: रंजना देवी**<br>**व्यक्तिगत जमानी दिने: राजेश कुमार कलवार, रौनक कुमार साह, हर्षा साह, आशा देवी कलवार** | १. महावीर प्रसादको नाति गोपाल जी प्रसादको छोरा पर्सा जिल्ला वीरगञ्ज न.पा. वडा नं. ७ (हाल वीरगञ्ज म.न.पा. वडा नं. ६) बस्ने **राजेश कुमार कलवारको** नाममा दर्ता रहेको पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा. वडा नं. १६ (हाल वीरगञ्ज म.न.पा. वडा नं. १३) सिट नं. ११३००३१११४ स्थित कि.नं.९६ को क्षेत्रफल १३५८(व.मी.को) घर/जग्गा समेत।<br><br>२. महावीर प्रसादको बुहारी गोपाल जी प्रसादको पत्नी पर्सा जिल्ला वीरगञ्ज न.पा. वडा नं. ७ (हाल वीरगञ्ज म.न.पा. वडा नं. ६ बस्ने **आशा देवी कलवारको** नाममा दर्ता रहेको पर्सा जिल्ला वीरगञ्ज म.न.पा. वडा नं. ७ (हाल वीरगञ्ज म.न.पा. वडा नं. ६) सिट नं. क्रमशः ११३०३९००५, ११३०३९०१० र ११३०३९००४ स्थित कि.नं.१०, १, १०९ को क्षेत्रफल क्रमशः ४४, ४, २९८.८० (व.मी)को घर/जग्गा समेत। |
| ४. महावीर प्रसादको नाति गोपाल जी प्रसादको छोरा पर्सा जिल्ला वीरगञ्ज न.पा. वडा नं. ७ बस्ने राजेश कुमार कलवार-१, गोपाल जी प्रसादको बुहारी राम चन्द्र प्रसादको छोरी राजेश कुमार कलवारको पत्नी पर्सा जिल्ला वीरगञ्ज न.पा. वडा नं. ७ बस्ने **रंजना देवी-१ समेत जम्मा २ (संयुक्त ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: हर्षा साह**<br>**यसअधि प्रकाशित सूचना:**<br>मिति २०८२।०२।२७ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८२।०४।०६ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। | |
| **शाखा शाखा कार्यालय: सुनाकोठी शाखा, ललितपुर** | |
| १. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ९५१८४/०६९/०७० कायम भई मिति २०६९/०४/०९ मा दर्ता भएको **गरीमा बिजनेश इन्टरनेशनल प्रा.लि. (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानी दिने: टिकाराम गौतम**<br>**व्यक्तिगत जमानी दिने: अम्बिका दाहाल** | १. **ऋणी टिका राम गौतमको** नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ६ख (हाल परिवर्तित पथरीशनिश्चरे न.पा. वडा नं. ३) स्थित कित्ता नं. २२३ को क्षेत्रफल ०-५-०-० (घर) र कित्ता नं. २२४ को क्षेत्रफल ०-५-५-० (विघा) जग्गा समेत।<br><br>२. मधुसुदन गौतमको बुहारी खेम नाथ दाहालको छोरी टिकाराम गौतमको पत्नी झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ११ बस्ने **अम्बिका दाहालको** नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला सतुंगल गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित चन्द्रागिरी न.पा. वडा नं. ११) सिट नं. १०२११८००९ स्थित कित्ता नं. ११४ को क्षेत्रफल १४३.०८ वर्ग मिटर को घर/जग्गा समेत। |
| २. हरि लाल गौतमको नाति मधु सुदन गौतमको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ११ बस्ने **टिकाराम गौतम (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: अम्बिका दाहाल**<br>**यसअधि प्रकाशित सूचना:**<br>मिति २०८१।०६।२१ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८१।०९।०४ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।<br>मिति २०८१।१०।०२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना। | |
| **शाखा कार्यालय: हातिगौडा शाखा, काठमाण्डौ** | |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६८८३३/०७८/०७९ कायम भई मिति २०७८/०५/०३ मा दर्ता भएको **रिद्धि सिद्धि निर्माण सेवा प्रा.लि. (ऋणी)**<br><br>**संचालक तथा व्यक्तिगत जमानी दिने: शुशिल सिग्देल र प्रविन पाठक**<br><br>**संचालक तथा संस्थागत जमानी दिने: सितेवा ग्रुप अफ कम्पनी प्रा.लि.**<br><br>**व्यक्तिगत जमानी दिने: थाई माया महत, हिमाल राज महत, ज्ञानु महत, प्रतिक्षा पुरी, नारायण अधिकारी र विष्णु मणी भण्डारी**<br><br>**यसअधि प्रकाशित सूचना:**<br>मिति २०८०/०८/२७ को आर्थिक अभियानमा ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८१।०३।११ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।<br>मिति २०८१।०४।२८ को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना। | १. देवी प्रसाद पाठकको नाति हरिकृष्ण पाठकको छोरा काभ्रेपलान्चोक जिल्ला कोशीदेखा गा.वि.स. वडा नं. १ (हाल परिवर्तित पाँचखाल न.पा. वडा नं. १३) बस्ने **प्रविन पाठकको** नाममा दर्ता कायम रहेको मोरङ जिल्ला हर्रैचा गा.वि.स. वडा नं. ६ख (हाल परिवर्तित सुन्दरहर्रैचा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४१९ को क्षेत्रफल ०-११-१-० (विघा) जग्गा समेत।<br>२. जगत बहादुर महतको बुहारी तोप बहादुर महतको पत्नी तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं. ९) बस्ने **थाई माया महतको** नाममा दर्ता कायम रहेको:<br>क) तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ङ स्थित कित्ता नं. ८२० को क्षेत्रफल ३-१-२-० (रोपनी) जग्गा समेत।<br>ख) तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १घ स्थित कित्ता नं. ३८३ को क्षेत्रफल ०-९-१-१ (रोपनी) जग्गा समेत।<br>३. जगत बहादुर महतको नातिनी तोप बहादुर महतको छोरी तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं.९) बस्ने **ज्ञानु महत** -१ र प्रेम नारायण पुरीको बुहारी तोपबहादुर महतको छोरी बलभद्र पुरीको पत्नी स्याङ्जा जिल्ला सेखाम गा.वि.स. वडा नं. ६ बस्ने **प्रतिक्षा पुरी-१** समेत जना दुईको संयुक्त नाममा दर्ता कायम रहेको तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ ङ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४९ को क्षेत्रफल २-३-२-२ (रोपनी) जग्गा समेत।<br>४. जगत बहादुर महतको नातिनी तोप बहादुर महतको छोरी तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं.९) बस्ने **ज्ञानु महतको** नाममा दर्ता कायम रहको तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ङ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं.९) स्थित कित्ता नं. ८२२ को क्षेत्रफल १-८-०-० (रोपनी) जग्गा समेत।<br>५. जगत बहादुर महतको नाति तोप बहादुर महतको छोरा तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं. ९) बस्ने **हिमाल राज महतको** नाममा दर्ता कायम रहको:<br>क) तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १ङ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ८०९ को क्षेत्रफल ६-०-०-० (रोपनी) जग्गा समेत।<br>ख) तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. १घ (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ४५३ को क्षेत्रफल ०-८-२-३ (रोपनी) जग्गा समेत। |
| **शाखा कार्यालय: धादिङ शाखा, धादिङ** | |
| कालु गुरुङको नाति जगत बहादुर गुरुङको छोरा धादिङ जिल्ला मुरली भञ्ज्याङ गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित निलकण्ठ न.पा. वडा नं. ९) बस्ने **लोक बहादुर गुरुङ (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: जगत बहादुर गुरुङ, ठूलीमाया गुरुङ र जुना गुरुङ**<br>**यस अधि प्रकाशित सूचना:**<br>मिति २०८१।०१।२८ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८१।०९।०१ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। | नन्दलाल गुरुङको नाति कालु गुरुङको छोरा धादिङ जिल्ला मुरली भञ्ज्याङ गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित निलकण्ठ न.पा. वडा नं. ९) बस्ने **जगत बहादुर गुरुङको** नाममा दर्ता कायम रहेको धादिङ जिल्ला मुरली भञ्ज्याङ गा.वि.स. वडा नं. ९क (हाल परिवर्तित निलकण्ठ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ०-९-१-१ र कित्ता नं. १३५ को क्षेत्रफल १-५-१-० (रोपनी) को घर/ जग्गा समेत। |
| **शाखा कार्यालय: चपुर शाखा, रौतहट** | |
| राम सुनर राउतको नाती बासुदेब राउतको छोरा रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित बृन्दाबन न.पा. वडा नं. ६) बस्ने **प्रमोद कुमार राउत (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: ईसरी कुमारी देबी, बासुदेब राउत र सुबोध पाल**<br>**यसअधि प्रकाशित सूचना:**<br>मिति २०८०।०८।१० को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।<br>मिति २०८०।११।१६ को कारोबार राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्रीको १५ दिने सूचना।<br>मिति २०८१।०२।०२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्रीको ७ दिने सूचना।<br>मिति २०८२।०१।१५ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्रीको १५ दिने सूचना।<br>मिति २०८२।०७।२५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्रीको ७ दिने सूचना। | हिमालयन बैक लि. धनि र **प्रमोद कुमार राउत ऋणी** कायम भई दर्ता भएको सवारी दर्ता नं. प्रदेश ०२-०३-००१ ख ३१४० इन्जिन नं.497TC44BSY807002 चेसिस नं. MAT457038H7B03436 को हाईटेक बडि भाडा ट्रक। |

**बोलपत्रका शर्तहरु :**
१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८२/०९/०१ कार्यालय समय सम्म | २०८२/०९/०४ बिहान ११:०० बजे | यस बैंकको कुनै पनि शाखा, कार्यालय | सम्बन्धित शाखा, कार्यालय |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६४९१५०, पो.ब.नं. २०५५० काठमाडौं

# अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार २४ मंसिर ०८२


# एजेन्टको आन्दोलनले देशैभरको भन्सार जाँचपास ठप्प

## अन्तर्राष्ट्रिय व्यापारसँगै उद्योग-व्यवसायसमेत प्रभावित

**नयाँ पत्रिका**




भन्सार एजेन्टको आन्दोलनका कारण देशैभरको भन्सार जाँचपास ठप्प भएको छ। भन्सार एजेन्ट महासंघ नेपालको आह्वानमा सोमबार एजेन्टहरूले देशैभरका भन्सार कार्यालयहरूमा पेनडाउन गरेपछि भन्सार जाँचपासका सम्पूर्ण काम ठप्प भएको हो। यसले राजस्व र व्यापार प्रभावित भएको छ।

२१ मंसिरबाट लागू भएको भन्सार ऐन, २०८२ मा भएका केही प्रावधानको विरोधमा एजेन्टहरूले पेनडाउन गरेका बताएका छन्। उनीहरूले नयाँ भन्सार ऐनले अन्तर्राष्ट्रिय व्यापार र भन्सार प्रक्रियालाई सहजीकरण गर्नुको साटो भन्सार एजेन्ट पेसा-व्यवसाय एवं आमउद्योगी-व्यावसायीलाई हतोत्साहित बनाउने जिकिर गरेका छन्।

एजेन्टहरूले आइतबार वीरगन्ज भन्सार कार्यालयबाट विरोध सुरु गरेका थिए। उनीहरूले सोमबार भैरहवा भन्सार ठप्प पारे। मंगलबार भने देशैभरका भन्सार कार्यालय ठप्प पारिएको छ। बुधबार पनि पेनडाउन गर्ने महासंघले जनाएको छ। भन्सार जाँचपास नहुँदा देशैभरका भन्सार कार्यालयवाट राजस्व असुली हुन सकेको छैन। भन्सार विभागले भने एजेन्टका जायज माग सम्बोधन गर्न तयार रहेको भन्दै आन्दोलन फिर्ता लिन आग्रह गरेको छ।

भन्सार जाँचपासमा हुने ढिलासुस्ती, भन्सार स्वचालन प्रणालीमा हुने सर्भर समस्या एवं राजस्व भुक्तानी, क्वारेन्टिनलगायतका समस्याबारेमा भन्सार विभागसमक्ष ताकेता र समन्वय गर्दासमेत समाधान नभएपछि आन्दोलन गर्न बाध्य भएको महासंघका केन्द्रीय सदस्य उमेश घिमिरेले दाबी गरे। मुख्य माग भने ऐन र नियमावलीमा प्रावधानकेन्द्रित रहेको उनले बताए।

विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले भन्सार एजेन्टका आन्दोलनले सरकार, उद्यमी-व्यवसायी र स्वयं एजेन्टलाई नै नोक्सान हुने भएकाले वार्ताका माध्यमबाट समस्याको समाधान रोज्नुपर्ने बताए। 'ऐनमा राखिएका प्रावधान विभागले संशोधन गर्न सक्दैन, त्यो संसद्ले मात्रै गर्ने हो, यद्यपि हामीले बजेटमार्फत आवश्यक सम्बोधनका लागि मन्त्रालयलाई जानकारी गराउने भनेकै छौं,' उनले भने, 'अरू भन्सार सुधारका कुरा त हाम्रो नियमित काम हो, हामी सुधारका काममा प्रतिबद्ध छौं।'

महासंघले भने नयाँ भन्सार नियमावलीमार्फत आफ्ना माग सम्बोधन गर्ने प्रतिबद्धता नआएसम्म आन्दोलन जारी रहने बताएको छ। भन्सार ऐनको दफा ७० मा जरिवाना तथा सजाय तोकेको छ। जसअनुसार ऐनअनुसारको कसुर गरेमा वस्तु जफत, बिगोबराबरको जरिवाना र पाँच वर्षसम्मको कैद सजाय हुने व्यवस्था गरिएको छ। वस्तुको विवरण फरक पारी घोषणा गरिएमा दुई सय प्रतिशतसम्म जरिवाना गरी लाग्ने महसुल लिएर भन्सार जाँचपास गरिने व्यवस्थासमेत गरिएको छ। ऐनले तोकेका जरिवानाविरुद्धमा एजेन्टहरू आन्दोलित भएका हुन्।

नेपाल उद्योग वाणिज्य संघ, काठमाडौंले मंगलबार विज्ञप्ति जारी गरी भन्सार एजेन्टको आन्दोलनमा समर्थन जनाउँदै समस्या समाधानको प्रभावकारी कदम चाल्न सम्बन्धित निकायलाई आग्रह गरेको छ। 'हाल देशभरका केही भंसार कार्यालयको भन्सार प्रणालीमा देखापरेको प्राविधिक अवरोध, सेवा-प्रवाहमा देखिएका ढिलाइ तथा डिजिटल प्रणालीको अस्थिरताका कारण भन्सारको दैनिक कार्यमा प्रभावित भएकोमा यस संघको ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा उल्लेख छ।

### ■ दैनिक पाँच अर्बको व्यापार र सवा एक अर्बको राजस्व प्रभावित

चालू आर्थिक वर्षको पहिलो चार महिनामा सात खर्ब दुई अर्ब ९४ करोड ७० लाख रुपैयाँबराबरको अन्तर्राष्ट्रिय व्यापार भएको छ। यसलाई आधार मान्दा पछिल्ला चार महिनामा मासिक औसत एक खर्ब ७५ अर्ब ७३ करोड रुपैयाँबराबर र दैनिक औसत पाँच अर्ब ८६ करोड ७८ लाख रुपैयाँबराबरको व्यापार हुँदै आएको छ। यस अवधिमा सरकारले एक खर्ब ५७ अर्ब २७ करोड ७८ लाख भन्सार राजस्व संकलन गरेको छ। यसलाई आधारभन्दा हाल मासिक औसत ३९ अर्ब ३१ करोड र दैनिक एक अर्ब ३१ करोड भन्सार राजस्व संकलन भइरहेको छ। भन्सार एजेन्टको आन्दोलनले दैनिक पाँच अर्बको व्यापार र सवा एक अर्बको राजस्व प्रभावित भएको छ।






### ■ मंगलबारको वार्ता निष्कर्षविहीन

भन्सार विभागका महानिर्देशक र भन्सार एजेन्ट महासंघका प्रतिनिधिबीच मंगलबार भएको वार्ता निष्कर्षविहीन भएको छ। बुधबार पुनः छलफल गर्ने गरी वार्ता टुंगिएको हो। मंगलबारको वार्तामा एजेन्टका जायज माग सम्बोधन गर्ने प्रतिबद्धता गरे पनि एजेन्टहरू सहमतिमा नआएको विभागका महानिर्देशक भण्डारीले बताए। 'एजेन्टका कतिपय मागप्रति हामी सकारात्मक छौं, विभागले पूरा गर्न नसक्ने माग मन्त्रालय पठाउँछौं, तपाईंहरू आन्दोलन फिर्ता लिनुस् भनेका थियौं,' उनले भने, 'उहाँहरू सकारात्मक देखिनुभएको थियो, आन्दोलन फिर्ता गरेको जानकारी गराउँछौं भन्नुभएको थियो, आशा गरौं, बुधबार काम नियमित हुनेछ।' तर, महासंघका कार्यकारी सदस्य घिमिरेले भने नयाँ भन्सार नियमावलीमार्फत हाम्रा माग सम्बोधन गर्ने र अन्य सुधारका काम अघि बढाउने विषयमा ठोस सहमति नजुट्दा वार्ता सफल नभएको बताए। उनले यस विषयमा विभाग सहमत भए आन्दोलन रोकिने बताए।

# सडकतर्फ तोडियो दुई अर्बका ३५ ठेक्का

## १८ अर्बबराबरको २३५ ठेक्का तोड्ने तयारी

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

सम्झौताअनुसार काम नगर्ने सडक विभागअन्तर्गतको ठेक्का हालसम्म ३५ वटा तोडिएको छ। विभागले तयार गरेको मंगलबारसम्मको तथ्यांकअनुसार दुई अर्ब नौ करोड ७९ लाख ५३ हजारबराबरको ३३ ठेक्का तोडिएको हो। त्योबाहेक थप दुई ठेक्का तोडिए पनि ठेक्का रकम भने खुलाइएको छैन। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले दुई अर्ब रुपैयाँ हाराहारीको ठेक्का तोडिएको बताए। हालसम्म सडकतर्फ १८ अर्बबराबरको दुई सय ३५ ठेक्का तोड्ने गरी सूचना जारी भइसकेको छ।

### यी हुन् तोडिएका ठेक्का

| परियोजना | ठेकेदार कम्पनी | रकम |
|---|---|---|
| पाती खोला पुल (गुल्मी) | पन्थ-तारालक्ष्मी जेभी | २ करोड ५७ लाख ४४ हजार |
| बर्तुङ-तम्घास सडकमा संरचना निर्माण | रिदम कन्स्ट्रक्सन | १ करोड १४ लाख १८ हजार |
| खदबास-बर्तुङ सडक मर्मत | रिदम कन्स्ट्रक्सन | ३७ लाख ६६ हजार |
| कनकाई पुल (झापा) | पप्पु-महादेव जेभी | ३४ करोड ९ लाख २ हजार |
| इनरुवा-कप्ताङगन्ज सडक विस्तार | गौरी पार्वती-देव एन्ड साय-भूमि जेभी | ५२ करोड ७० लाख ७२ हजार |
| रतुवा-केसलिया सडक विस्तार | श्रेष्ठ कन्स्ट्रक्सन | ८३ करोड ९९ लाख ३९ हजार |
| पतारी खोला पुल (चितवन) | लोहनी एन्ड ब्रदर्स | २२ करोड ३१ लाख ८६ हजार |
| जर्रेमाने खोला पुल (सिन्धुपाल्चोक) | नागार्जुन-आशिका जेभी | ३ करोड ९२ लाख ३ हजार |
| सरस्वती मार्ग विस्तार (काठमाडौं) | गोर्खा अप्रोप्रिएट | १ करोड ४९ लाख ३६ हजार |
| मैत्री अस्पताल-बालाजु औद्योगिक क्षेत्र सडक निर्माण तथा मर्मत | त्रिवेणी कन्स्ट्रक्सन | ६ लाख ७२ हजार |
| काठमाडौंका विभिन्न सडक मर्मत | सूर्य जीवन कन्स्ट्रक्सन | ८ लाख २ हजार |
| काठमाडौंका विभिन्न सडक मर्मत | जय दुर्गामाता बिल्डर्स | ४ लाख ७८ हजार |
| काठमाडौंका विभिन्न सडक मर्मत | उग्रबज्र निर्माण सेवा | १६ लााख ५० हजार |
| जोरपाटी-साँखु सडक मर्मत | सम्झना निर्माण सेवा | ४५ लाख ७ हजार |
| नयाँ बस्ती-गोठाटार सडक मर्मत | सम्झना निर्माण सेवा | ५१ लाख ४९ हजार |
| काठमाडौंमा निर्माण सामग्री आपूर्ति | ओम महासरस्वती कन्स्ट्रक्सन | ७ लाख ३५ हजजार |
| तीनकुने-गौशाला सडक मर्मत | के एन्ड जे कन्स्ट्रक्सन | ४६ लाख ४२ हजार |
| काठमाडौंका विभिन्न क्षेत्रका सडक मर्मत | महाकाली भीमसेन निर्माण सेवगाव | १३ लाख ५६ हजार |
| सीतापाइला रामकोट सडक मर्मत | जागृत निर्माण सेवा | २० लाख ११ हजार |
| कलंकी-नागढुंगा सडक मर्मत | ओमकार बिल्डर्स | २८ लाख ८२ हजार |
| काठमाडौंका विभिन्न सडक मर्मत (१८) | राजधानी कन्स्ट्रक्सन | ७ लाख १२ हजार |
| काठमाडौंका विभिन्न सडक मर्मत (१९) | राजधानी कन्स्ट्रक्सन | ७ लाख ३८ हजार |
| भद्रकाली-कालोपुल सडक मर्मत | लोकवीर-ओम नीलकण्ठेश्वर-शान्ति जेभी | ६५ लाख ६३ हजार |
| अनामनगर-बिआइसिसी सडक मर्मत | कागेश्वरी निर्माण सेवा | ६८ हजार २३ हजार |
| जमन-लैनचौर-बुढानीलकण्ठ सडक मर्मत | आरबी-रोवी-स्लेट जेभी | ३२ लाख १ हजार |
| काठमाडौंका विभिन्न सडक मर्मत | जाल्पा निर्माण सेवा एन्ड सप्लायर्स | ७ लाख ९२ हजार |
| काठमाडौंका विभिन्न सडक मर्मत | बिएसडी कन्स्ट्रक्सन | ७ लाख ९२ हजार |
| फुटपाथ मर्मत सिंहदरबार-माइतीघर | पन्थ कन्स्ट्रक्सन | ११ लाख ८४ हजार |
| सामाखुसी-गोंगबु सडक मर्मत | त्रिवेणी कन्स्ट्रक्सन | ११ लाख ७७ हजार |
| टेकु-सोह्रखुटे सडक मर्मत | गौरी पार्वती-देशप्रेम जेभी | १ करोड २५ लाख ५५ हजार |
| टियू पहुँच मार्ग मर्मत | बेबो इन्जिनियरिङ | १ करोड १० लाख १६ हजार |
| विभिन्न सडकका ट्राफिक सिम्बोल मर्मत | शिशिर निर्माण सेवा | ४ लाख १२ हजार |
| काठमाडौंका विभिन्न सडकमा पेन्टिङ | युविना कन्स्ट्रक्सन एन्ड सप्लायर्स | ९ लाख २१ हजार |
| मोती-राजकुलो सडकमा प्रिमिक्स कार्पेटिङ | फ्रन्ट लाइन बिल्डर्स एन्ड डिजाइनर | नखुलाइएको |
| बल्खु-बालकुमारी-बल्खु-सानेपा-एकान्तकुनामा ट्राफिक सुरक्षासम्बन्धी काम | सोनी बिल्डर्स एन्ड इन्जिनियरिङ | नखुलाइएको |

## तोडिएको ठेक्कामा ठेकेदारबाट रकम असुल गर्ने व्यवस्था हटाउँछौं : घिसिङ



**काठमाडौं**/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले ठेक्का तोडिएपछि निर्माण कम्पनीबाट बाँकी काम सक्न लाग्ने रकम असुल गर्ने कानुनी व्यवस्था हटाउने बताएका छन्। नेपाल पूर्वाधार पत्रकार समाजले निर्माण व्यवसायी महासंघसँगको सहकार्यमा मंगलबार काठमाडौंमा आयोजना गरेको 'रुग्ण ठेक्का व्यवस्थापनसम्बन्धी' छलफल कार्यक्रममा उनले यस्तो बताएका हुन्।

सार्वजनिक खरिद ऐन, २०६३ को ऐनको दफा ५९ को उपदफा ८ मा ठेक्का तोडिएपछि बाँकी काम गराउन लाग्ने रकम निर्माण कम्पनीबाट सरकारी बाँकीसरह असुल गर्ने व्यवस्था छ। यस्तो व्यवस्थामा अध्यादेश ल्याएर भए पनि हटाउन सरकार सकारात्मक भएको मन्त्री घिसिङले बताए।

'ठेक्का तोडिएपछि बाँकी कामका लागि चाहिने खर्च सम्बन्धित निर्माण कम्पनीबाटै सरकारी बाँकीसरह असुल गर्नुपर्ने व्यवस्था गलत छ। अहिले संसद् नभएका कारण ऐन संशोधन गर्न सक्ने अवस्था छैन,' उनले भने, 'अध्यादेशबाट यो व्यवस्था हटाउन खोजेका छौं। यद्यपि, राष्ट्रपति महत्त्वपूर्ण अध्यादेश पनि रोकिएको अवस्था भएकाले यो पनि होल्ड भएको छ।'

कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले पूर्वाग्राही ढंगले रुग्ण ठेक्का तोडिएको बताए। निर्माण व्यवसायी 'भिक्टिम' हुने गरी ठेक्का तोडिएको उनले आरोप लगाए। ठेक्का तोड्दा पूर्वाधार क्षेत्र मात्रै होइन, आर्थिक क्षेत्र नै प्रभावित हुने उनले बताए। 'ठेक्का तोडिँदा आपूर्ति शृंखला प्रभावित हुन्छ। त्यसले उद्योगहरू प्रभावित हुन्छ,' उनले भने, 'यसले समग्र अर्थतन्त्र प्रभावित हुन्छ।' नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा प्रवक्ता गुरुप्रसाद पौडेलले ठुलो संख्यामा रुग्ण ठेक्का तोडिँदा बैंकिङ क्षेत्र प्रभावित हुने बताए। एड्भान्स पेमेन्ट ग्यारेन्टीलगायतका सुविधा पनि बैंकहरूले दिएका छन्। त्यो अवस्थामा ठेक्का तोडिँदा बैंकहरूमा दायित्व बढ्न गई थप खर्च बढ्ने उनले बताए।

सडक विभागका महानिर्देशक डा. विजय जैसीले रहरले नभई बाध्यताले ठेक्का तोडिएको बताए। 'रहरले ठेक्का तोडिएको होइन। अन्तिम अवस्था आएर ठेक्का तोडिएको हो। यद्यपि, तपाईंहरू काममा मोबिलाइज हुनुस्। अहिले काममा निर्माण कम्पनी मोबिलाइज भएको पनि देखिएको छ,' उनले भने, 'ल इज ल (कानुन भनेको कानुन हो)। अब मायाले हुँदैन। सबै काममा लागौं।'

पूर्वसचिव तथा पूर्वाधारविज्ञ अर्जुनजंग थापाले रुग्ण ठेक्का सहज अवस्थामा आएको बताए। '२०७५ मंसिरसम्म ११८ अर्बका १,८४८ वटा ठेक्का रुग्ण थिए। त्यसवेला अख्तियारले यसमा अध्ययन गरेर ३०-३५ वटा सुझाव दियो। त्यसकारण १८ सयभन्दा बढी रुग्ण ठेक्का अहिले चार सयमा सीमित भएको हो,' उनले भने।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
**Project Directorate (ADB)**
Bishalnagar, Kathmandu

## Invitation for Bids (IFB)

**(IFB No: SHEP/2025-01)**
**(Date of publication: December 10, 2025)**

1. **The Government of Nepal** has received the financing from the Asian Development Bank (ADB) towards cost of SASEC Highway Enhancement Project. Part of this financing will be used for payments under the contract mentioned below. Bidding is open to Bidders from eligible source countries of ADB.
2. **The Ministry of Physical Infrastructure and Transport, Department of Roads, Project Directorate (ADB), Kathmandu, Nepal** ("the Employer") invites sealed bids from eligible Bidders for the construction and completion of project mentioned below (Work).

| Contract ID No: | Title: |
|---|---|
| **SHEP/OCB/RSIW/01** | Road Safety Improvement Works of Harkate- Pachhthar section (70+000 to 191+400) of Mechi Highway |

3. Bidders are requested to specify the total price of the Bid in the Letter of Price Bid or the Total Bid Price in the Summary of Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Price Bid or in the Summary of Bill of Quantities may be the ground for declaring the Bid non-responsive.
4. **Open competitive bidding (National Advertisement)** will be conducted in accordance with ADB's Single-Stage: Two-Envelope bidding procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
5. To obtain further information and inspect the bidding documents, Bidders should contact:
   **Project Directorate (ADB), Department of Roads**
   **Bishalnagar, Kathmandu, Nepal**
   Tel No.: +977 1 4437492 / 4437493 / 4414239
   Fax No.: +977 1 4437488
   E-mail: ***pdadb@dor.gov.np***
   Attention: The Project Director
   or may download the bidding document visiting PPMO e-GP system: www.bolpatra.gov.np/egp following the procedure specified in e-GP guideline.
6. To purchase the bidding documents in English:
   - Eligible Bidders shall download the bidding documents for e-submission from PPMO e – GP system
     ***http: //www.bolpatra.gov.np/egp***

| Name of Bank | Name of Office | Revenue Account No. | Office Code | Revenue Heading No. |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Thamel Branch | Department of Roads, Project Directorate (ADB) | 1000100200010000 | 337013518 | 14229 |

7. A pre-bid meeting will be held on **January 02, 2026 at 13:00 hours** (Nepal Standard Time) at Department of Roads, Project Directorate (ADB), Bishalnagar Kathmandu.
8. Deliver your bid
   - electronically through PPMO's e-GP system: www.bolpatra.gov.np/egp.
   - **on or before the deadline: January 09, 2026, 12:00 hours** (Nepal Standard time).
   - together with a Bid Security as described in the bidding document.

The technical bids will be opened on **January 09, 2026, 13:00 hours** (Nepal Standard time) in the presence of Bidders' representatives who choose to attend.

**Project Director**



## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको सवारी साधन लिलाम बिक्रीको १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना
## (सूचना प्रकाशन मिति २०८२।०८।२४)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालयबाट लिएको ऋणकर्जाको समय समयमा तिर्न बुझाउन पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्तबन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तंरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता नगरेकोले बैंकले राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा ऋण चुक्ताको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण सांवा, ब्याज चुक्ता गर्न अनुरोध गर्दा समेत पनि आज सम्म उक्त कर्जाको सांवा र सोमा लागेको ब्याज चुक्ता भुक्तान हुन नसकेकोले तपसिलमा लेखिएको सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरीने हुँदा यो १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। उक्त सवारी साधन खरिद गरी लिन इच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै व्यक्तिगत जमानत दिनु हुने महानुभावलाई पनि धितो सुरक्षणमा रहेको सवारी साधन लिलाम बिक्री गरिने बारे यसै सूचनाबाट जानकारी गराएका छौं।

**तपसिल**

| ऋणी/ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय:कोटेश्वर शाखा (साविक नयाँ बानेश्वर शाखा), काठमाण्डौ** | |
| नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी र जिष्ट्रारको कार्यालयमा दर्ता नं. २१२२७३/०७५/०७६ कायम भई मिति २०७५/१२/१९ मा दर्ता भएको **नटराज एग्रो प्रा. लि.(ऋणी)**<br>**संचालक/शेयरधनी: केदार नाथ शर्मा**<br>**व्यक्तिगत जमानी दिने: गिता शर्मा**<br>**यस अघि प्रकाशित सूचनाहरु:**<br>(क) मिति २०८०।०३।१० को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना।<br>(ख) मिति २०८२।०१।१५ को अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित १५ दिने लिलाम बिक्रीको सूचना।<br>(ग) मिति २०८२।०२।०९, २०८२।०३।०३, २०८२।०३।२३, २०८२।०४।१४, २०८२।०५।११ र २०८२।०६।२४ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ७ दिने लिलाम बिक्रीको सूचना। | हिमालयन बैंक लिमिटेड धनी **नटराज एग्रो प्रा.लि. ऋणी** कायम भई दर्ता भएको निम्न बमोजिमका सवारी साधनहरु:<br>१. प्रदेश-१-०२-००२च-४८२६, च्यासीस नं.MAT464602MSR02019, ईन्जीन नं.4SPCR10AYX604322 को TATA Xenon Yodha, निजी पिक अप।<br>२. प्रदेश-१-०२-००२च-४८२३, च्यासीस नं.MAT464602MSR01871, ईन्जीन नं.4SPCR10AYX603930 को TATA Xenon Yodha, निजी पिक अप।<br>३. प्रदेश-१-०२-००२च-४८१९, च्यासीस नं.MAT464602MSR01112, ईन्जीन नं.4SPCR10AYX602125 को TATA Xenon Yodha, निजी पिक अप।<br>४. प्रदेश-१-०२-००२च-४७५३, च्यासीस नं.MAT464602MSR00152, ईन्जीन नं.4SPCR10AYX600125 को TATA Xenon Yodha, निजी पिक अप।<br>५. प्रदेश-३-०१-०२३च-५१७३, च्यासीस नं.MA1FT2VARK6F20823, ईन्जीन नं.VAK6F29623 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>६. प्रदेश-३-०१-०२३च-५१६५, च्यासीस नं.MA1FT2VARK6F20822, ईन्जीन नं.VAK6F29602 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>७. प्रदेश-३-०१-०२३च-४४९५, च्यासीस नं.MA1FT2VARK6G21680, ईन्जीन नं.VAK6G32206 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>८. बा २१ च ८७२४, च्यासीस नं.MA1FT2VARK6A20162, ईन्जीन नं.VAK6A10861 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>९. बा २१ च ८७२६, च्यासीस नं.MA1FT2VARK6A20164, ईन्जीन नं.VAK6A11018 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>१०.प्रदेश-३-०१-०२३च-४४९७, च्यासीस नं.MA1FT2VARK6G21682, ईन्जीन नं.VAK6G32248 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>११. प्रदेश-३-०१-०२३च-५१६६, च्यासीस नं.MA1FT2VARK6F20763, ईन्जीन नं.VAK6F29548 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>१२.प्रदेश-३-०१-०२३च-४४९९, च्यासीस नं.MA1FT2VARK6G21684, ईन्जीन नं.VAK6G32273 को Mahindra and Mahindra, डेलिभरी भ्यान।<br>१३.प्रदेश-१-०२-००२च-४६३८, च्यासीस नं.MAT464602LSR13023, ईन्जीन नं.4SPCR10PZX627197 को TATA MOTORS, निजी पिक अप। |

**बोलपत्रका शर्तहरु :**

१) बोलपत्र फाराम यस बैंकको देहाय बमोजिमको शाखा कार्यालयबाट कार्यालय समयभित्र रु. १,०००/- (फिर्ता नहुने गरी) खाता नम्बर 90099999993017 (HIMALAYAN BANK LTD, IDT) मा तिरि खरिद गर्न सकिनेछ। फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुने छैन।

२) बोलपत्र बुझाउने/खोलिने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेका दिन बोलपत्रहरु बुझाउन/खोल्न सकिनेछ। बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

३) बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम बैंकले तोकेको खाता नम्बर 90099999993017 (HIMALAYAN BANK LTD, INTER DEPARTMENT TICKET ACC NPR BNK) मा नगदै जम्मा गरेको रसिद वा यस बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट चेक" को सक्कल प्रति शिलबन्दी बोलपत्र साथ समावेश गरि पेश गर्नुपर्नेछ।

४) लिलामबाट बैंकको कर्जा रकम चुक्ता नभएमा वा बैंकले सकार गरि लिदा समेत सम्पूर्ण कर्जा चुक्ता नभएमा कर्जाको लागि ऋणी तथा व्यक्तिगत जमानी दिने जमानतकर्ता समेत उपर बाँकी रकमको लागि सम्बन्धित निकायमा मुद्दा दायर गरिनेछ।

५) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र खरिद तथा पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८२/०९/०९ कार्यालय समयसम्म | २०८२/०९/१६ दिनको ४:१५ बजे | यस बैंकको सम्पुर्ण शाखा कार्यालयहरु तथा सामान्य प्रशासन विभाग, केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं। | सामान्य प्रशासन विभाग, केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं। |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**सामान्य प्रशासन विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-५९७१३४६**

# 'नबिल एसएसई' सञ्चालनका लागि त्रिविसँग नवीकरण सम्झौता



**काठमाडौं**/ नबिल बैंक लिमिटेड र त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकायबिच 'नबिल एसएसई' कार्यक्रम सञ्चालनका लागि नवीकरण सम्झौता भएको छ। सम्झौतामा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवाली र त्रिवि व्यवस्थापन संकायका डिन प्राडा महानन्द चालिसेले हस्ताक्षर गरेका हुन्। यस सम्झौतापछि त्रिविसँगको यस कार्यक्रम सन् २०२८ सम्म निरन्तर रूपमा सञ्चालन हुनेछ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुलुकभर सामाजिक उद्यमशीलताको प्रवर्द्धन र सशक्तीकरण गर्ने उद्देश्यले विगत चार वर्षदेखि नबिल एसएसई कार्यक्रम सञ्चालन गर्दै आएको छ। सम्झौता नवीकरणले दुवै संस्थाबिचको सहकार्यलाई अझ मजबुत बनाउँदै सामाजिक उद्यमशीलता प्रवर्द्धनमा ठुलो सहयोग पुगेको सिइओ ज्ञवालीले जानकारी दिए।

नबिल एसएसईले समाजमा पारेको सकारात्मक प्रभाव निकै महत्त्वपूर्ण रहेको बताउँदै उनले भने, 'नबिल बैंक सधैँ स्थानीय अर्थतन्त्रमा मूल्य थप्ने, समुदायमा सकारात्मक परिवर्तन ल्याउने, र विद्यार्थी तथा उद्यमीलाई आफ्नो क्षमता विस्तार गर्न सहयोग गर्ने पहलमा साथ दिँदै आएको छ र यस कार्यक्रमलाई निरन्तर अगाडि बढाउनेछौं।'

त्यसैगरी, डिन प्राडा चालिसेले त्रिविको व्यवस्थापन संकाय पाठ्यक्रमलाई सान्दर्भिक र प्रयोगात्मक शिक्षातर्फ रूपान्तरण गर्दै उद्यमशीलता विकास गर्ने दिशामा अघि बढेको बताए। सामाजिक उद्यमशीलता विकासलाई सुदृढ गर्ने उद्देश्यले बैंकले नबिल एसएसई कार्यक्रम सञ्चालन गर्दै आएको छ।


# कामना सेवा विकास बैंक र क्याफेओफिलियाबिच छुट सम्झौता



**काठमाडौं**/ कामना सेवा विकास बैंक र काठमाडौं, ज्ञानेश्वरस्थित क्याफेओफिलियाबिच सेवा शुल्क छुटसम्बन्धी सम्झौता भएको छ। छुटसम्बन्धी सम्झौतामा बैंकका तर्फबाट मार्केटिङ प्रमुख पर्मा ढुंगेल र क्याफेका फ्रेन्चाइज ओनर सदीक्षा श्रेष्ठले हस्ताक्षर गरेका छन्। सम्झौताअन्तर्गत बैंकका कर्मचारी र ग्राहकले फुड तथा बेभरेजमा १० प्रतिशत छुट प्राप्त गर्न सक्ने बताइएको छ। बैंकका ग्राहकले बैंकसँगको आबद्धता भएको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सक्नेछन्। यस सम्झौताबाट बैंकसँग आबद्ध सम्पूर्ण महानुभावले विशेष लाभ लिने बैंकले विश्वास लिएको छ।

# एनसेलले सुरु गर्‍यो ९७१ रेन्जको नम्बर वितरण

**काठमाडौं**/ एनसेलले नयाँ नम्बर रेन्ज ९७१ बाट सुरु हुने मोबाइल नम्बर वितरण गर्न सुरु गरेको छ। यसअघि ९८०, ९८१, ९८२, ९७० रेन्जका नम्बर जारी भए पनि ती नम्बर पर्याप्त नभएपछि कम्पनीले सेवाग्राहीका लागि नयाँ नम्बर रेन्च सुरु गरेको हो। नेपाल दूरसञ्चार प्राधिकरणले गत जेठमा एनसेललाई रेन्जको नम्बर वितरण गर्न अनुमति दिएको थियो। नयाँ नम्बर रेन्ज प्राधिकरणको राष्ट्रिय नम्बरिङ वितरण योजना (नेसनल नम्बरिङ अलोकेसन प्लान)को नियमअनुरूप जारी भएको बताइएको छ।




'साधारण सञ्चार सेवाबाहेक डिजिटल कारोबार र विभिन्न सेवा मोबाइलमार्फत नै लिने क्रम बढिरहेको नयाँ नम्बरले उपभोक्ताका साथै सेवाप्रदायकलाई समेत लाभ प्रदान गर्नेछ,' एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपङ दत्तले भने। नयाँ नम्बर वितरणसँगै एनसेलले सरकारी तथा गैरसरकारी संस्था, सेवाप्रदायक कम्पनी, कार्यालय, बैंक तथा वित्तीय संस्थालाई नम्बर इन्ट्रिगेट गर्न बाँकी रहेको भए चाँडै गर्ने अनुरोध पनि गरेको छ।

# सिद्धार्थ बैंकका ग्राहकलाई चम्पादेवी हिलसाइड रिसोर्टमा छुट



**काठमाडौं**/ सिद्धार्थ बैंक र चम्पादेवी हिलसाइड रिसोर्ट प्रालिबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेबारे सम्झौता भएको छ। सम्झौताअनुसार दक्षिणकाली, काठमाडौंस्थित उक्त रिसोर्टमा बैंकका ग्राहकले कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। साथै, सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग दोस्रो संस्करणका टिकट होल्डर्सलाई एनपिएल अवधिभर २० प्रतिशतसम्मको छुट उपलब्ध गराइएको बैंकले जनाएको छ। सम्झौताले ग्राहकलाई एकातिर छुटका साथै अर्कातिर नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

# विराटनगरका नोबेल र न्युरो अस्पतालबिच सहकार्य



**विराटनगर**/ न्युरो र नोबेल शिक्षण अस्पतालले उपचार सेवामा सहकार्य गर्ने भएका छन्। न्युरो कार्डियो एन्ड मल्टिस्पेसियालिटी हस्पिटल तथा नोबेल मेडिकल कलेज टिचिङ अस्पतालले उपचार सेवा प्रभावकारी बनाउन आपसमा सहकार्य गर्ने भएका हुन्। 'स्वास्थोपचार जटिल प्रकिया भएकाले आपसमा प्रतिस्पर्धा होइन, सहकार्यले मात्र उत्कृष्ट नतिजा दिन सकिन्छ भन्ने विश्वाससहित विराटनगरकै दुई निजी अस्पतालले सहकार्य गर्ने निर्णय गरेर नयाँ सन्देश दिन खोजेका हौँ,' न्युरो अस्पतालका अध्यक्ष डा. वीरेन्द्रकुमार विष्टले भने।

दुवै अस्पतालबिचको सहमतिअनुसार क्यान्सरका बिरामीले उचित तथा समयमा उपचार पाउने कुरा सुनिश्चित गर्ने, दुवै अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ स्टाफ तथा अन्य कर्मचारीका लागि सिप विकास तालिम गर्ने, संयुक्त रूपमा नियमित मेडिकल शिक्षा कार्यशाला र अभिमुखीकरण आयोजना गर्ने बताइएको छ। त्यस्तै, उपचारार्थ बिरामीलाई क्यान्सरसम्बन्धी परामर्श तथा उपचार चाहिएमा नोबेल अस्पतालसँग समन्वय गर्ने र नोबेलले उपचार खर्चमा छुट सम्झौता भएको छ।

निजी क्षेत्रबाट सञ्चालित कोशीको न्युरो अस्पतालले आफ्नो रजत जयन्ती विभिन्न कार्यक्रम गरी मनाउने भएको छ। यस अवसरमा विभिन्न स्थानमा निःशुल्क स्वास्थ्य शिविर, सचेतनाका कार्यक्रम सञ्चालन गरिने बताइएको छ। यसैगरी, न्युरो अस्पताल विराटनगरले भारतको फरिदाबादस्थित अमृता अस्पतालसँग पनि सहकार्य गर्ने सम्झौता गरेको छ। न्युरोले अमृता अस्पतालका चिकित्सकको सहयोगमा शनिबार विराटनगरमा स्वास्थ्य कार्यशालासमेत सम्पन्न गरेको छ। कार्यशालामा कोशी तथा मधेशका ६० भन्दा बढी विशेषज्ञ चिकित्सक उपस्थित थिए।

# इटहरी इन्टरनेसनल कलेजको दीक्षान्त



**काठमाडौं**/ इटहरी इन्टरनेसनल कलेजले वार्षिक दीक्षान्त समारोह आयोजना गरेको छ। सोमबार आयोजित समारोहमा बिएससी (अनर्स) कम्प्युटिङ तथा बिए (अनर्स) बिजनेस एडमिनिस्ट्रेसन कार्यक्रमका स्नातक विद्यार्थीको सहभागिता थियो। अभिभावक, शिक्षक तथा कलेज प्रशासनको उपस्थिति रहेको कार्यक्रममा स्नातकहरूको उपलब्धि र भविष्यका सम्भावनाबारे विशेष चर्चा गरिएको कलेजले जनाएको छ। यस वर्षको उत्कृष्ट विद्यार्थीका रूपमा लेनिसा घिमिरेलाई आइएनजी छात्रवृत्ति प्रदान गरिएको कलेजले जनाएको छ। कलेजका अनुसार यो छात्रवृत्ति विद्यार्थीको निरन्तर परिश्रम, नेतृत्व क्षमता र शैक्षिक उत्कृष्टताको सम्मानस्वरूप प्रदान गरिएको हो।

कार्यक्रममा आइएनजीका संस्थापक तथा अध्यक्ष सुलभ बुढाथोकी तथा लन्डन मेट्रोपोलिटन विश्वविद्यालयका एकेडेमिक प्रमुखलगायतको विशेष उपस्थिति थियो। अध्यक्ष बुढाथोकीले भने, 'विद्यार्थीको मिहिनेत, धैर्य र समर्पण नै आजको सफलता हो।' लन्डन मेट्रोपोलिटन विश्वविद्यालयका कम्प्युटिङ तथा डिजिटल मिडिया विद्यालयका डिन क्रिस्टोफर लेनले आइएनजी र लन्डन मेट्रोपोलिटन विश्वविद्यालयबिचको दिगो शैक्षिक साझेदारीलाई उल्लेख गर्दै कलेज र विद्यार्थीले हासिल गरेको प्रगतिको प्रशंसा गरे।


## मोटरसाइकल हरायो

मिति २०८२/८/२० गते काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका-४, जगडोल सहिदपार्कको पार्किङ बाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 150 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : गणेश राई**
मो.सा.नं.: लु.प्र. ०१-०१० प ७६६७
चेसिस नं.: MD2A11CX6SPF-79440
इन्जिन नं.: DHXPSF-01498
सम्पर्क न.: 9813698460

## मोटरसाइकल हरायो

मिति २०८२/०८/०२ गते अन्दाजी १७:०० बजेको समयमा का.जि. का.म.न.पा.-८, उमाकुण्डमा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : हुलास अटो काफट् लि. (ऋणी : सानु श्रेष्ठ)**
मो.सा.नं.: बा.प्र.०२-०६१ प ३४६९
चेसिस नं.: MD2A13EX5SCD84994
इन्जिन नं.: DKXCSC29947
सम्पर्क न.: 9869693442


## आरबिबि म्युचुअल फण्ड

RBB MUTUAL FUND

अन्तर्गत संचालित

## आरबिबि फोकस ४० (RBB FOCUS 40)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक कोष नियमावली, २०६७ बमोजिम
(नेपाल धितोपत्र बोर्डबाट २०८२/०४/२३ मा योजना संचालन अनुमति प्राप्त)
२०८२/०७/२६ देखि २०९४/०७/२५ सम्म अवधि भएको १२ वर्षे योजना

### २०८२ मंसिर १९ सम्मको अपरिष्कृत वित्तीय विवरण

**खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | मंसिर १९ सम्मको |
|---|---|---|
| **क.** | **धितोपत्रमा तथा अन्य लगानी** | |
| क्र.सं. | विवरण | सम्पत्ति मूल्य (रु.) |
| १ | सूचीकृत शेयर | २६३,०२४,८९६।७० |
| २ | बैंक मुद्दती निक्षेप | - |
| ३ | ऋणपत्र/बण्ड | - |
| ४ | सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर अन्य सूचीकृत नभएको | - |
| | जम्मा (क) | २६३,०२४,८९६।७० |
| **ख.** | **चालु सम्पत्ति** | |
| क्र.सं. | विवरण | सम्पत्ति मूल्य (रु.) |
| १ | बैंक मौज्दात | ९८५,९९१,२०६।७७ |
| २ | अन्य सम्पत्ति | ५०६,५७१।९३ |
| | जम्मा (ख) | ९८६,४९७,७७८।७० |
| **ग.** | **चालु दायित्व** | |
| क्र.सं. | विवरण | सम्पत्ति मूल्य (रु.) |
| १ | अन्य दायित्व | ७,३२२,१५१।९९ |
| | जम्मा (ग) | ७,३२२,१५१।९९ |
| | कुल सम्पत्ति (क+ख-ग) | १,२४२,२००,५२३।४१ |
| १ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | १,३९५,४८६।८२ |
| २ | कोष सुपरिवेक्षक शुल्क | १०,९४३।३४ |
| | खुद सम्पत्ति | १,२४०,७९४,०९३।२५ |
| | जम्मा इकाई | १२५,०००,०००।०० |
| | प्रति इकाई खुद सम्पत्ति मूल्य | ९।९२ |

**२०८२ मंसिर १९ सम्मको आय व्यय विवरण**

| क्र.सं. | विवरण | मंसिर १९ सम्मको |
|---|---|---|
| क | आय | |
| १ | प्राप्त भइसकेको आम्दानी | ४,३९९।२० |
| २ | प्राप्त भइनसकेको आम्दानी | (३,२६१,३३८।५४) |
| | जम्मा आम्दानी | (३,२५६,९३९।३४) |
| ख. | व्यय | |
| १ | संचालन खर्च | ४,५२२,५३७।२५ |
| २ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | १,३९५,४८६।८२ |
| ३ | कोष सुपरिवेक्षक शुल्क | ५०,९४३।३४ |
| | जम्मा खर्च | ५,९६८,९६७।४१ |
| | कुल नाफा/(नोक्सान) | (९,२२५,९०६।७५) |

नोट:
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
- योजनाको २०८२ मंसिर १९ सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चरमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.२६६,५७२,८०७.१७ रहेको छ।
- योजनाको प्रति ईकाई खुद सम्पत्ति मूल्य साप्ताहीक रुपमा योजना व्यवस्थापकको वेवसाईट www.rbbmbl.com.np मार्फत जानकारी गरिनेछ।
- अपरिस्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरे बमोजिम परिवर्तन हुनेछ।

**सूचिकृत धितोपत्रमा भएको लगानी विवरण**

| क्र.सं. | धितोपत्र | संख्या | जम्मा मूल्य (रु) |
|---|---|---|---|
| | (क) वाणिज्य बैंक समूह | | |
| १ | एभरेष्ट बैंक लिमिटेड | ३३,८०८ | २१,७७२,३५२.०० |
| २ | ग्लोबल आइएमई बैंक लिमिटेड | ४६,१०१ | १०,३७२,७२५.०० |
| ३ | नबिल बैंक लिमिटेड | २७,०१० | १३,७८०,५०२.०० |
| ४ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | १८,०९२ | ३,५२७,९४०.०० |
| ५ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (संस्थापक) | १६,९८६ | २,७२७,९५१.६० |
| ६ | एनएमबि बैंक लिमिटेड | ४७,४५६ | ११,७६४,३४२.४० |
| ७ | प्राइम कमर्सियल बैंक लिमिटेड | ५०,७०७ | १२,४६८,८५१.३० |
| | जम्मा (क) | २४०,१६० | ७६,४१४,६६४.३० |
| | (ख) विकास बैंक समूह | | |
| १ | गरिमा विकास बैंक लिमिटेड | २३,८०७ | ९,०६५,७०५.६० |
| २ | कामना सेवाविकास बैंक लिमिटेड | १७,२१२ | ७,४५४,५१७.२० |
| ३ | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड | १०,००० | ३,९८८,०००.०० |
| | जम्मा (ख) | ५१,०१९ | २०,५०८,२२२।८० |
| | (ग) जलविद्युत समूह | | |
| १ | अपि पावर कम्पनी लिमिटेड | १३,१०० | ३,७७२,८००.०० |
| २ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड | १०,७४५ | ५,१९३,०५८.५० |
| ३ | चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड | २८,२०१ | १३,८१८,४९०.०० |
| ४ | ग्रीन भेन्चर्स लिमिटेड | १५,००० | ७,९२१,५००.०० |
| ५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | २६,००० | १४,४१७,०००.०० |
| | जम्मा (ग) | ९३,०४६ | ४५,१२२,८४८.५० |
| | (घ) लगानी समूह | | |
| १ | नागरिक लगानी कोष | ४,१९२ | ७,७९७,१२०.०० |
| | जम्मा (घ) | ४,१९२ | ७,७९७,१२०.०० |
| | (ङ) जीवन बिमा समूह | | |
| १ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३२,५४५ | २६,९७९,८०५.०० |
| २ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १०,२५९ | ५,१०८,९८२.०० |
| | जम्मा (ङ) | ४२,८०४ | ३२,०८८,७८७.०० |
| | (च) लघुवित्त समूह | | |
| १ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७,७८४ | ६,८११,०००.०० |
| २ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १,०१२ | १,४८४,५०२.८० |
| ३ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | १६,६४८ | १२,६६९,१२८.०० |
| ४ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३,६२७ | ११,८८२,७४४.०० |
| | जम्मा (च) | ३९,०७१ | ३२,८४७,३७४.८० |
| | (छ) निर्जीवन बिमा समूह | | |
| १ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | १९,५९५ | ९,७५६,३५०.५० |
| २ | नेको इन्स्योरेन्स कम्पनी लिमिटेड | १०,२०६ | ६,३०८,३२८.६० |
| ३ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | २१,०३८ | १२,६२०,६९६.२० |
| | जम्मा (छ) | ५०,८३९ | २८,६८५,३७५.३० |
| | (ज) अन्य समूह | | |
| १ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | २२,६९२ | १९,५६०,५०४.०० |
| | जम्मा (ज) | २२,६९२ | १९,५६०,५०४.०० |
| | कुल जम्मा (क+ख+ग+घ+ङ+च+छ+ज) | ५४३,८२३ | २६३,०२४,८९६.७० |

**योजना व्यवस्थापक:** आरबिबि मर्चेन्ट बैंकिङ लिमिटेड, टेकु, काठमाडौं
फोन नं. ०१-५३४३२६५, ०१-५३४०९३२/३३, फयाक्स नं. ०१-५३४५०१८
Email: rbbmbl@rbbmbl.com.np, URL: www.rbbmbl.com.np

**कोष प्रवर्द्धक:** राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवारप्लाजा, काठमाडौं
फोन नं. ०१-४२५२५९५, फयाक्स नं. ०१-४२५२९३१
Email: rbb.info@rbb.com.np, URL: www.rbb.com.np

## PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६
शाखा कार्यालय: बर्दिवास, महोत्तरी फोन नं. ०४४-५५०४९८
शाखा कार्यालय: देवानगंज, सुनसरी फोन नं. ९८५२०२११९८
शाखा कार्यालय: जनकपुर, धनुषा फोन नं. ०४१-५९०३८५/८९
शाखा कार्यालय: सुन्धारा, काठमाण्डौ फोन नं. ०१-५३६८०५६/५७
शाखा कार्यालय: सिन्धुली फोन नं. ०४७-५२०६३२/७३३

को

### तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०८/२४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ**

**ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, प्रदेश नं. ३, शाखा कार्यालय, सिन्धुलीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मितिः २०७६/०१/२५ मा दर्ता नं. ३७७३/०७५/०७६ कायम भई दर्ता भएको सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९, स्थित हंस बालुवा प्रशोधन उद्योग प्रोप्राइटरः रतन ठाकुर

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. खटर ठाकुरको नाति, श्याम ठाकुर हजामको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थित स्थायी ठेगाना भएको रतन ठाकुर (ना.प्र.प.नं. १७११०२/२२४, धनुषा)
२. श्याम ठाकुर हजामको बुहारी, रतन ठाकुरको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थित स्थायी ठेगाना भएको रिमा कुमारी ठाकुर (ना.प्र.प.नं. १७११०२/९८५९, धनुषा)
३. प्रेम प्रसाद दाहालको नातिनी, कुमार दाहालको छोरी, सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको ऐश्वर्या दाहाल (ना.प्र.प.नं. २०-०१-७३-०१९२७, सिन्धुली)

**धितोमा रहेको सम्पतिको विवरण**

१. ऐश्वर्या दहालको नाममा भुमिसुधार तथा मालपोत मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला, वगडा गा.वि.स./न.पा. वडा नं. १ (सिट नं. १ क) स्थित कित्ता नं. १२६९ को क्षेत्रफल ०-११-७.२५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. ऐश्वर्या दहालको नाममा भुमिसुधार तथा मालपोत मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला, १ नं. बहादुर गञ्ज गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९ ख) स्थित कित्ता नं. ४८ र ४७ को क्रमशः क्षेत्रफल ०-१५-१९-० र ०-७-१५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. रिमा कुमारी ठाकुरको नाममा भुमिसुधार तथा मालपोत मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, प्र.को महुवा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ९४९ को क्षेत्रफल ०-१-२-१० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. प्राइम कमर्शियल बैंकको नाममा यातायात व्यवस्था कार्यालय बागमतिमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन, औजार तथा उपकरणहरु

| क्र.सं. | सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|---|
| १. | DFSK Model Glory 560- 2020 | SPG158*19758080* | MKFP1M4BILJ503823 | प्रदेश-३-०१-०२४-च ०३८७ |
| २. | KOBELCO SK 220XDLC-10 Hydraulic Excavator-2019 | JO5ETA-50816 | UQ15-B6998 | बा ३ क ३४१२ |

**शाखा कार्यालय: सिन्धुली**

**ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, सिन्धुलीमा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम मितिः २०७८/०९/२२ मा दर्ता नं. ७०१५/०७८/०७९ कायम भई दर्ता भएको सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. १ स्थित ड्राइभर्सन भ्यू होटल प्रोप्राइटरः सरोज पुलामी

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. रणमान पुलामीको नाति, डम्बर बहादुर पुलामीको छोरा, सिन्धुली जिल्ला, डाडीगुराँसे गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको सरोज पुलामी (ना.प्र.प.नं.: २७०९, सिन्धुली)
२. डम्बर बहादुर पुलामी बुहारी, सरोज पुलामीको पत्नी, सिन्धुली जिल्ला, डाडीगुराँसे गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको आशा पुलामी (ना.प्र.प.नं.: २०१०५१/०४, सिन्धुली)

**धितोमा रहेको सम्पतिको विवरण**

आशा पुलामीको नाममा मालपोत कार्यालय सिन्धुलीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स/न.पा वडा नं. ४ स्थित कित्ता नं. ७७५ को क्षेत्रफल ०-०-११-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत।

**शाखा कार्यालय: सुन्धारा, काठमाण्डौ**

**ऋणीको विवरण**

भक्त लाल श्रेष्ठको नाति, गोपाल भक्त श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २८ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २५, टेंगल बस्ने मदन भक्त श्रेष्ठ (ना.प्र.प.नं. ७५२१, काठमाण्डौ)

**व्यक्तिगत जमानतकर्ताको विवरण**

गोपाल भक्त श्रेष्ठको बुहारी, मदन भक्त श्रेष्ठको पत्नी, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २५ टेंगल बस्ने कमल केशरी बैध (ना.प्र.प.नं. ४२५५, भक्तपुर)

**धितोमा रहेको सम्पतिको विवरण**

मदन भक्त श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजारको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २८ स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-१-२-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालय: देवानगंज, सुनसरी**

**ऋणीको विवरण**

सोनाई रायको नाति, रामजी रायको छोरा, सुनसरी जिल्ला, अमडुवा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल बर्जु गा.पा. वडा नं. ३, सुनसरी बस्ने श्रवण कुमार राय अमात (ना.प्र.प.नं. १५४०४/१७४०४, सुनसरी)

**व्यक्तिगत जमानतकर्ताको विवरण**

रामजी रायको बुहारी, श्रवण कुमार राय अमातको पत्नी, सुनसरी जिल्ला, अमडुवा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल बर्जु गा.पा. वडा नं. ३, सुनसरी बस्ने अनिता कु. राय (ना.प्र.प.नं. ३/०६३०२७, सुनसरी)

**धितोमा रहेको सम्पतिको विवरण**

अनिता कु. रायको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, अमडुवा गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ६४६ र ६३३ को क्रमशः क्षेत्रफल ०-२-१०-० र ०-२-११-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०८/२४ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बर्दिवास, महोत्तरी, देवानगंज, सुनसरी, जनकपुर, धनुषा, सुन्धारा, काठमाण्डौ र सिन्धुलीबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०९/०९ गते बुधबार कार्यालय समय भित्र केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको धितोमा रहेको सम्पतिको विवरण नं. १ र २ को हकमा यस बैंकको शाखा कार्यालय बर्दिवास, महोत्तरीमा, धितोको विवरण नं. ३ को हकमा शाखा कार्यालय जनकपुर, धनुषामा, शाखा कार्यालय सुन्धारा, काठमाण्डौको धितोमा रहेको सम्पतिको हकमा केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०९/१० गते बिहिबार सार्वजनिक बिदा परेकोले मिति २०८२/०९/११ गते शुक्रबार दिउँसो १:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बर्दिवास, महोत्तरी, देवानगंज, सुनसरी, जनकपुर, धनुषा, सुन्धारा, काठमाण्डौ र सिन्धुलीमा सम्पर्क राखी बुझ्न सकिनेछ।




# सुदूरपश्चिम लगातार दोस्रोपटक फाइनलमा

## विराटनगर किंग्समाथि ७७ रनको फराकिलो जित निकालेको सुदूरपश्चिम उपाधिनजिक

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

सुदूरपश्चिम रोयल्स दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनलमा प्रवेश गरेको छ। गत वर्षको फाइनलिस्ट सुदूरपश्चिमले मंगलबार त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा क्वालिफायर वानमा विराटनगर किंग्सविरुद्ध ७७ रनको सानदार जित निकाली लगातार दोस्रोपटक फाइनल पुग्ने पहिलो फ्रेन्चाइज टोली बनेको छ। क्वालिफायर वानमा एकपक्षीय जित हात निकाल्ने क्रममा सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले सर्वाधिक ६३ रनको योगदान दिएका थिए।

विनोदले एनपिएलमा दोस्रो अर्धशतक बनाएका हुन्। एनपिएलको सर्वाधिक रन बनाउने सूचीको दोस्रो स्थानमा उनी उक्लिएका छन्। उनले आठ खेलमा २६४ रन जोडेका छन्। पोखराका एडम रोसिंटन ३२३ रनका साथ शीर्ष स्थानमा छन्। चालू एनपिएलमा ७७ रनको ठुलो अन्तरमा पराजित हुने टोली विराटनगर बनेको छ। सुदूरपश्चिमले लिग चरणको आफ्नो अन्तिम खेलमा विराटनगरसँग व्यहोरेको नमिठो हारको बदलासमेत लिएको छ। सुदूरपश्चिमले अब शनिबार क्वालिफायर दुईको विजेतासँग उपाधिका लागि खेल्नेछ।



क्वालिफायर वानमा पराजित विराटनगरसमक्ष फाइनल पुग्न एउटा अवसर पाउनेछ। काठमाडौं गोर्खाज र लुम्बिनी लायन्सबिचको एलिमिनेटर खेलको विजेतासँग विराटनगरले बिहीबार क्वालिफायर २ मा खेल्नेछ। यस खेलको विजेताले उपाधि भिडन्तमा सुदूरपश्चिमको सामना गर्नेछ। एलिमिनेटरमा पराजित हुने टोलीको दोस्रो एनपिएलको यात्रा समाप्त हुनेछ।

क्वालिफायर वानमा सुदूरपश्चिमले पहिलो ब्याटिङ गरी २० ओभरमा सात विकेट गुमाएर १ सय ५५ रनको मध्यम योगफल खडा गरेको थियो। १ सय ५६ रनको लक्ष्य रक्षा गर्ने क्रममा सुदूरपश्चिमले निकै धारिलो बलिङ प्रदर्शन गरेको थियो। सुदूरपश्चिमका फास्टबलर र स्पिनरका उत्कृष्ट प्रदर्शनअगाडि सहभागी टोलीमध्ये बलियो ब्याटिङ लाइनअप भएको विराटनगर पहिलोपटक कमजोर देखियो। सुदूरपश्चिमविरुद्धको खेलमा विराटनगर १४.१ ओभरमै ७८ रनमा समेटिँदा सुदूरपश्चिम ब्याक टु ब्याक फाइनलमा पुग्यो।

### सात बलमा तीन विकेट

विराटनगरले लक्ष्य पछ्याएको इनिङ्समा साम हिजलेट, मार्टिन गुप्तिल, फाफ डु प्लेसिस, लोकेश बम र बसिर अहमादले सहजै जित दिलाउने अपेक्षा राखेको थियो। बलिङमैत्री पिचमा सुदूरपश्चिमका बलरले विराटनगरका यी ब्याट्सम्यानहरूलाई धरापमा राख्दै लक्ष्यभन्दा धेरै अगाडि रोक्न सफल भए। विराटनगरले इनिङ्सको सुरुवात नै खराब गऱ्यो। इनिङ्सको पहिलो बलमै सामलाई क्याच आउटका रूपमा विराटनगरले विकेट गुमाएको थियो। सामले खराब सट खेल्दा सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीबाट सहज क्याच आउट हुन पुगे।

त्यसपछि अन्तर्राष्ट्रिय क्रिकेटकै सर्वाधिक अनुभवी ब्याट्सम्यानद्वय डु प्लेसिस र गुप्तिल थिए। यी दुई ब्याट्सम्यान सेट हुँदा सुदूरपश्चिमलाई गाह्रो हुने थियो। तर, इनिङ्सको ०.६ ओभरमा डु प्लेसिसले 'कल' नगरेको अवस्थामा गुप्तिल रन क्रिज छाडेर दौडिए। डु प्लेसिसले उनलाई फर्काए। बल कहाँ गएको भनी हेर्दै नहेरी क्रिजमा दौडिएका गुप्तिललाई ईशान पाण्डेले रनआउट गरे।

पहिलो ओभरको समाप्तिमा विराटनगर २-३ को नाजुक अवस्थामा रह्यो। १.१ ओभरमा नरेन भट्टलाई हर्मित सिंहले कुलेजिनबाट क्याच समाप्त लगाए। विराटनगर ३-३ को दयनीय अवस्थामा पुगेको थियो। पहिलो सात बलको अन्तरमा तीन विकेट गुमाएकै कारण विराटनगर खेलमा फर्कन सकेन। सुदूरपश्चिमविरुद्धको पछिल्लो खेलमा विराटनगरले विदेशी खेलाडीकै आक्रामक ब्याटिङका कारण रोमाञ्चक जित निकालेको थियो। तर, क्वालिफायर वानमा उनीहरू सस्तै रनमा आउट हुँदा विराटनगरले खेलको कुनै पनि समयमा सुदूरपश्चिमलाई दबाब राख्न सकेन।

### डु प्लेसिसको एकल प्रयास

सुदूरपश्चिमका बलरले प्रत्येक ओभरमा कसिलो बलिङ गरिरहँदा विराटनगरमा अनुबन्ध दक्षिण अफ्रिकाका पूर्वकप्तान डु प्लेसिसले आफ्नो विकेट बचाइरहेका थिए।

विकेटको अर्कोछेउमा भने ब्याट्सम्यानले खराब सट खेलिरहँदा पेभेलियन फर्किरहेका थिए। डु प्लेसिसले बसिर अहमदसँग चौथो विकेटका लागि सर्वाधिक ३९ रनको साझेदारी गरेका थिए। विराटनगरको ब्याटिङमा यही साझेदारी सर्वाधिक रह्यो। बसिरले १८ बलमा १२ रन जोडे। उनी इनिङ्सको ६.५ ओभरमा दीपेन्द्रसिंहबाट कट एन्ड बोल्ड भए। उनी आउट हुँदा विराटनगर ४४-४ को अवस्थामा थियो।



विराटनगरले अन्तिम ६ विकेट केवल ३६ रनको अन्तरमा गुमाएको थियो। इनिङ्सको १०.५ ओभरमा डु प्लेसिसलाई हेमन्त धामीले ज्याक्सनबाट क्याच आउट गराए। लिग चरणमा पनि हेमन्तले नै उनलाई आउट गरेका थिए। डु प्लेसिस आउट भएसँगै सुदूरपश्चिमले सहजै खेल जित्यो। दक्षिण अफ्रिकी खेलाडीले २९ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै ३६ रनको योगदान दिएका थिए।

लिग चरणमा उनले १९ बलमा सुदूरपश्चिमविरुद्ध ५० रन जोडेका थिए। विराटनगरको ब्याटिङमा आठ खेलाडीले दोहोरो रन बनाएनन्। बलिङमा स्कट कुलेजिनले तीन ओभरमा नौ रन खर्चेर दुई विकेट हात पारे। हर्मित र अभिनाश बोहराले समान दुई विकेट लिए। हेमन्त र दीपेन्द्रसिंहको नाममा एक-एक विकेट रह्यो।

## खेल तालिका

| | | |
|---|---|---|
| **इलिमिनेटर** | | |
| २४ मंसिर | काठमाडौं गोर्खाज-लुम्बिनी लायन्स | ४ बजे |
| **क्वालिफायर २** | | |
| २५ मंसिर | विराटनगर किंग्स र इलिमिनेटरको विजेता | ४ बजे |
| **फाइनल** | | |
| २७ मंसिर | सुदूरपश्चिम रोयल्स र क्वालिफायर २ को विजेता | ३:३० बजे |




## खेलपछिका भनाइ

### उपाधि उचाल्न एक खेल बाँकी छ

● **दीपेन्द्रसिंह ऐरी**, कप्तान, सुदूरपश्चिम



यो पिचमा सुदूरपश्चिमले जोडेको स्कोर अलि कम थियो। यद्यपि, योगफल रक्षा गर्ने विश्वास सबैसँग थियो। तर, विराटनगरको बलियो ब्याटिङका कारण अलिकति डर भने थियो। लक्ष्य रक्षा गरेको इनिङ्समा सबैले टिमवर्कको भावनामा प्रतिस्पर्धा गरेका थिए। अघिल्लो खेलमा विराटनगरलाई केही गुमाउनु थिएन। उनीहरूलाई दोस्रो स्थानमा पुग्ने मात्र दबाब थियो। विराटनगरले योजनाबद्ध खेल्यो। पहिलो क्वालिफायर भने फरक थियो।

### विराटनगरविरुद्ध अनुभवले काम गऱ्यो

● **विनोद भण्डारी**, ओपनर, सुदूरपश्चिम



हामीले विराटनगरविरुद्ध पहिलो क्वालिफायरमा प्रतिस्पर्धा गरिरहँदा गल्तीरहित खेल्ने योजना बनाएका थियौं। यो जितमा हामी सबैका मिहिनेत छ। कहिलेकाहीं खेलमा अनुभव आवश्यक पर्छ। विकेट गुमाउँदा दबाबमा थियो। त्यहाँ मैले आफ्नो अनुभव प्रयोग गर्दै खेले। कुन वेलामा कस्तो रणनीति बनाएर खेल्ने भन्ने छलफल भएको थियो। अब फाइनलमा योभन्दा राम्रो हुनेछ। गत वर्ष पनि हामीले फाइनलमा सामान्य गल्तीका कारण हार्‍यौं। यसपटक यस्तो हुँदैन।

## प्लेयर्स टु वाच

### करण केसी
(काठमाडौं)



मार्की खेलाडीमध्ये उत्कृष्ट प्रदर्शन गरिरहेका थौरै खेलाडीमा करण पर्छन्। उनले काठमाडौंलाई पहिलोपटक प्लेअफमा पुऱ्याउन बलिङमा एकनासको खेल देखाएका छन्। ब्याटिङमा उनले लुम्बिनीविरुद्धको महत्त्वपूर्ण लिग खेलमा विस्फोटक ब्याटिङ गर्दै ३४ रन जोडेका थिए। ब्याटिङ र बलिङमा समान योगदान दिन सक्ने यी खेलाडीले इलिमिनेटर खेलमा लुम्बिनीविरुद्ध प्रभावशाली प्रदर्शन गर्न सक्छन्। उनले चालू एनपिएलमा १२ विकेट लिएका छन्।

### रोहित पौडेल
(लुम्बिनी)



लुम्बिनीलाई पहिलोपटक प्लेअफ स्थान सुरक्षित गराउनमा रोहितको कुशल कप्तानी मान्नुपर्छ। लगातार तीन खेल गुमाइसकेको अवस्थामा लुम्बिनीलाई शीर्ष चारको स्थान सुरक्षित गराउँदा उनले ब्याटिङ राम्रो योगदान दिएका थिए। रोहित सर्वाधिक रन बनाउने सूचीको छैटौं स्थानमा छन्। उनले सात खेलमा २३७ रन जोडेका छन्। रोहितले मध्यक्रममा ब्याटिङ इनिङ्स सम्हालिएर साझेदारीमा राम्रो योगदान दिइरहेका छन्।

### साहब आलम
(काठमाडौं)



चालू एनपिएलमा सहाबले एउटा रेकर्ड आफ्नो नाममा राखेका छन्। दोस्रो संस्करणको एनपिएलमा ह्याट्रिक लिने तथा एकै खेलमा ६ विकेट हात पार्ने उनी मात्र एक्ला बलर हुन्। पोखरा एभेन्जर्सविरुद्धको प्रतिस्पर्धामा उनले ह्याट्रिकसँगै ६ विकेट लिएका थिए। सो खेलमा उनले २५ रन खर्चेका थिए। सहाबले आफ्नो स्पिनमा विपक्षी बलरलाई सहजै पेभेलियन फर्काएका छन्। सहाबको विशेषता नै पहिलो तथा दोस्रो इनिङ्समा ब्याट्सम्यानलाई संकटमा राख्न सक्छन्।

### डार्सी सट
(लुम्बिनी)



लुम्बिनीले प्लेअफ स्थान सुरक्षित गर्दा ओपनर डार्सीको योगदान बिर्सन मिल्दैन। लुम्बिनीका लागि अन्तिम दुई खेल विराटनगर र जनकपुरविरुद्ध महत्त्वपूर्ण थियो। यी दुईमध्ये एक खेल गुमाउँदा लुम्बिनी लिग चरणबाटै बाहिरिने अवस्थामा थियो। ओपनर डार्सीले जनकपुर र विराटनगरविरुद्ध उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले विराटनगरसँगको खेलमा ५७ रन तथा जनकपुरविरुद्ध ३० रनको योगदान दिँदै लुम्बिनीलाई जित दिलाए। उनी आक्रामक हुँदा लुम्बिनीले ओपनिङमा राम्रो सुरुवात गरेको देखिन्छ।

## आजको तस्बिर



हामी **फाइनलमा** विराटनगरविरुद्धको खेलमा सुदूरपश्चिमका समर्थक।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

## अभिनाश बने सर्वाधिक विकेट लिने बलर



सुदूरपश्चिम रोयल्सका दायाँहाते बलर अविनाश बोहरा दोस्रो एनपिएलकै सर्वाधिक विकेट लिने बलर बनेका छन्। अभिनाशले मंगलबार त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा विराटनगर किंग्सका दुई खेलाडी आउट पार्दै विराटनगरकै कप्तान सन्दीप लामिछानेलाई पछि पारेका हुन्। अभिनाशले आठ खेलमा १६ विकेट संख्या पुऱ्याएका छन्। दोस्रो स्थानको सन्दीपले आठै खेलमा १५ विकेट लिएका छन्। दोस्रो संस्करणको क्वालिफायर वानमा सन्दीप विकेटविहीन भएका थिए। उनले चार ओभरमा १६ रन खर्चेका थिए। अभिनाशले लिग चरणमा विराटनगरविरुद्ध दुई विकेट हात पारेका थिए। उनले जनकपुर बोल्ट्ससँगको खेलमा ३० रन खर्चेर चार विकेट तथा लुम्बिनीविरुद्ध २६ रन दिएर तीन विकेट हात पारे।

## म्याच प्रिभ्यु

# काठमाडौं र लुम्बिनीको नजर क्वालिफायर २ तिर

## काठमाडौं गोर्खाज र लुम्बिनी लायन्सबिचको विजेताले बिहीबार विराटनगर किंग्ससँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ

काठमाडौं गोर्खाज र लुम्बिनी लायन्सले बुधबार त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा इलिमिनेटर चरणमा प्रतिस्पर्धा गर्दै छ। दुवै टोलीलाई यो खेल गर या मरको अवस्थामा छ। पराजित हुने टोली उपाधि दौडबाट बाहिरिनेछ। विजेता टोलीले बिहीबार क्वालिफायर वानमा पराजित विराटनगर किंग्सविरुद्ध फाइनल प्रवेशका लागि खेल्नेछ। काठमाडौं र लुम्बिनी पहिलोपटक शीर्ष चारमा रहँदै प्लेअफमा पुगेका हुन्।

लिग चरणमा काठमाडौं १० अंकका साथ तेस्रो र आठ अंक जोडेको लुम्बिनी चौथो भएको थियो। भिनो रनरेटका कारण काठमाडौं विराटनगरसँग चुकेको थियो। लुम्बिनीले भने आफ्नो लिग चरणको अन्तिम खेलमा जनकपुर बोल्ट्समाथि चार विकेटको जित निकाली पहिलोपटक प्लेअफ स्थान सुरक्षित गरेको हो। लुम्बिनीको यस जितले प्लेअफ दौडमा रहेका चितवन राइनोज, पोखरा एभेन्जर्स तथा जनकपुर एकैपटक बाहिरिए। पछिल्ला खेलमा काठमाडौं उत्कृष्ट फर्ममा छन्। काठमाडौंले लगातार चार खेलमा जित निकाली प्लेअफ स्थान पक्का गरेको थियो। काठमाडौले ती चारै खेलमा ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो। ब्याटिङ र बलिङ इनिङ्समा काठमाडौंले विपक्षीलाई आफूमाथि हाबी हुन अवसर प्रदान गरेको छैन। काठमाडौंले लुम्बिनीविरुद्धको खेलमा यसै पक्षलाई निरन्तरता दिने प्रयासमा हुनेछ। यदि काठमाडौंले जितको शृंखला जारी राख्दा लुम्बिनीलाई गाह्रो हुन सक्छ। राष्ट्रिय टोलीका कप्तान रोहित पौडेलको नेतृत्वमा रहेको लुम्बिनीले लिग चरणका अन्तिम तीन खेलमा बाजी मारेको थियो। पहिलो खेलमा चितवनमाथि ६ विकेटको सानदार जित निकालेको लुम्बिनी त्यसपछि काठमाडौं, कर्णाली याक्स तथा सुदूरपश्चिमसँग पराजित हुँदा प्लेअफ दौड कमजोर बनेको थियो। लिग चरणको आफ्नो पाँचौं खेलबाट लुम्बिनीले उत्कृष्ट पुनरागमन गऱ्यो।

एक किसिमले काठमाडौं र लुम्बिनी लिग चरणमा उत्कृष्ट पुनरागमन गरेका टोली हुन्। दुवैले प्रत्येक खेलमा सुधारिएका प्रदर्शन गरेका छन्। लुम्बिनीका कप्तान रोहित रन बनाउने क्रममा अगाडि छन्। काठमाडौंका कप्तान करण केसी पनि फर्ममा छन्। काठमाडौं र लुम्बिनीसँग स्तरीय फास्ट र स्पिन बलर रहँदा त्रिविको पिचमा प्रतिस्पर्धा रोमाञ्चक बन्नेछ। पहिलो तथा दोस्रो एनपिएलमा काठमाडौंले लुम्बिनीलाई दुईवटै खेलमा हराएको छ। काठमाडौंका करणले यी दुवै खेलमा उत्कृष्ट बलिङ गरेका थिए।

**गत वर्षको नतिजा**
काठमाडौं गोर्खाज १०३/१०
लुम्बिनी लायन्स ८५/१०
**काठमाडौं १८ रनले विजयी**

**यस वर्षको नतिजा**
काठमाडौं गोर्खाज १५७/८
लुम्बिनी लायन्स १३५/१०
**काठमाडौं २२ रनले विजयी**






नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com